# नेपाली कांग्रेसको सङ्कल्प

## प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन २०७९



# कोखदेखि शोकसम्म

**प्रजनन् स्वास्थ्य र अधिकार :**
- प्रजनन् छनोटको स्वतन्त्रताको प्रत्याभूति
- युवा-युवतीलाई नि:शुल्क प्रजनन स्वास्थ्य शिक्षा

**गर्भावस्था:**
- गर्भावस्थामा नि:शुल्क परीक्षण र पोषण प्याकेज
- घरवारविहीन विपन्न गर्भवतीका लागि नि:शुल्क आश्रय र पोषण

**सुरक्षित मातृत्व:**
- नि:शुल्क संस्थागत सुत्केरी सेवा
- सुत्केरी र नवजात शिशुको घर दैलोमा स्वास्थ्य सेवा
- पाँच हजार सुत्केरी भत्ता
- १००० दिनसम्म पोषण कुपन

**बालविकास:**
- नि:शुल्क खोप तथा पोषण
- शिशु स्याहार केन्द्र
- दिवा खाजा
- ३ बर्ष मुनी नि:शुल्क उपचार

**शिक्षा:**
- गुणस्तरीय शिक्षामा सबैको पहुँच
- उद्यमशील तथा रोजगारमूलक शिक्षा

**स्वास्थ्य:**
- ३/७३: ३ बर्ष मुनिका बालबालिका र ७३ वर्ष माथिका ज्येष्ठ नागरिकलाई नि:शुल्क उपचार
- विपन्न तथा अपाङ्ग नागरिकलाई नि:शुल्क बिमा
- नि:शुल्क मृगौला प्रत्यारोपण
- नि:शुल्क डायलोसिस सेवा

**रोजगारी र श्रम:**
- तरूण सीप वृत्ति
- सबै श्रमिकको सामाजिक सुरक्षा कोषमार्फत योगदानमा आधारित निवृत्तिभरणको व्यवस्था
- श्रमिकको संचयकोष र उपदानको प्रत्याभूति
- एकल महिला तथा अपाङ्गता भएका नागरिकद्वारा सञ्चालित स्वरोजगारको हकमा ५०% सरकारको तर्फबाट योगदान
- विपन्नलाई १०० दिन रोजगारी

**वृद्धावस्था:**
- ६५ वर्ष माथिका सवै ज्येष्ठ नागरिकलाई नि:शुल्क स्वास्थ्य बिमा
- ६८ वर्ष माथिका सवै ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक भत्ता
- ७३ वर्ष माथिका सवै नागरिकलाई नि:शुल्क उपचार

**मृत्यु संस्कार:**
- विपन्न समुदायको नागरिकको मृत्यु संस्कार खर्च रू. १०,०००

#votefornepalicongress

# विषयसूची


**श्रद्धा र सम्मान** २

**खण्ड १ : समसामयिक राजनीति र राष्ट्रिय मुद्दाहरू** ४

१.१ विगत पाँच वर्षको समीक्षा ४

१.२. साझा राष्ट्रिय कार्यसूची र नेपाली कांग्रेसको दृष्टिकोण ८

१.३. संविधान सम्बन्धमा नेपाली कांग्रेसको दृष्टिकोण १०

**खण्ड २ : इतिहासका सात दशकः लोकतन्त्रको अथक यात्रा** ११

२.१ लोकतान्त्रिक आन्दोलनको संवाहक ११

२.२ लोकतान्त्रिक समाजवाद र आर्थिक विकासको अभियन्ता १२

२.३ सामाजिक रूपान्तरणको उत्प्रेरक १३

**खण्ड ३ : समुन्नत नेपालको मार्गचित्र** १६

३.१. समुन्नतिका सैद्धान्तिक आधार १७

३.२ तात्कालिक आर्थिक एजेण्डा २१

३.३ तात्कालिक भौतिक पूर्वाधार एजेन्डा २३

३.४. वित्तीय व्यवस्थापन २५

**खण्ड ४ : संघीयताको सवलीकरण र प्रदेश सरकार** २७

**खण्ड ५ : क्षेत्रगत प्राथमिकता** ३०

५.१ शिक्षा ३०

५.२ स्वास्थ्य ३२

५.३ उद्यम, रोजगारी र निजी क्षेत्र ३४

५.४ विज्ञान, प्रविधि, संचार र डिजिटलाइजेशन ३६

५.५ जलवायु परिवर्तन र वातावरण संरक्षण ३८

५.६ कृषि ४०

५.७ भौतिक पूर्वाधार ४२

५.८ ऊर्जा र जलस्रोत ४४

५.९ पर्यटन ४६

५.१० कला, संस्कृति र खेलकुद ४८

५.११ एकीकृत सामाजिक सुरक्षाः कोखदेखि शोकसम्म ४९

**हाम्रो प्रतिज्ञा** ५१

**अनुसूची** ५२

# श्रद्धा र सम्मान

**अभिवादन :** **नेपाली कांग्रेस** देशभित्र र संसारभरि फैलिएर रहनुभएका सम्पूर्ण नेपाली आमा-बुवा, दिदी-भाइ तथा दाजु-बहिनीहरूमा लोकतन्त्रप्रतिको निष्ठा, समर्पण र संघर्षलाई हार्दिकतापूर्ण अभिनन्दन गर्दै **जय नेपालको न्यानो अभिवादन** गर्दछ,

**श्रद्धाञ्जली :** **नेपाली कांग्रेस** सात दशकभन्दा लामो लोकतान्त्रिक संघर्ष यात्राका विभिन्न कालखण्डमा गौरवपूर्ण शहादत प्राप्त गर्ने प्रातःस्मरणीय **योद्धाहरूप्रति हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछ,

**सम्मान :** नेपाली कांग्रेस लोकतान्त्रिक आन्दोलनको आदर्श र चेतनालाई जीवित राख्न कठोर संघर्ष, कारावास, निर्वासन र आन्तरिक विस्थापनको पीडा ब्यहोरेका लाखौं नेपालीको अदम्य साहस र समर्पणलाई स्मरण गर्दै **उहाँहरूप्रति उच्च सम्मान** प्रकट गर्दछ,

**स्मरण :** **नेपाली कांग्रेस** हाम्रा पथ-प्रदर्शक जननायक बी.पी. कोइराला, श्रद्धेय नेताहरू सुवर्ण समशेर, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, सुशील कोइरालालाई उच्च श्रद्धा गर्दै नेपालको लोकतान्त्रिक संघर्ष यात्राका विभिन्न चरणमा महत्वपूर्ण योगदान गर्नु हुने थिरवम मल्ल, दुर्गानन्द झा, योगेन्द्रमान शेरचन, सूर्यप्रसाद उपाध्याय, दिवानसिंह राई, रामनारायण मिश्र, महेन्द्रनारायण निधि, धनमानसिंह परियार, राधाकृष्ण थारू, तुरसा हेमरम, मंगलादेवी सिंह, द्वारिकादेवी ठकुरानी, देवव्रत परियार, शेख इद्रीश, नारदमुनि थुलुङ, आर.वी. गहतराज, शैलजा आचार्य, भीमबहादुर तामाङ, सिके प्रसाई, प्रेमराज आङदेम्बे, पदमबहादुर आले, बखानसिंह गुरूङ, बलबहादुर राई लगायतका सयौं अग्रज तथा योद्धाहरूलाई सम्मान र **हृदयदेखि स्मरण** गर्दछ,

**गौरव :** **नेपाली कांग्रेस** आफ्नो नेतृत्वमा भएको २००७ को क्रान्ति, २०४६ र २०६२-०६३ का ऐतिहासिक जनआन्दोलन, नेपालको शान्ति प्रक्रिया, संविधानसभा निर्वाचन, संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, संविधानसभाबाट संविधान निर्माण गरेपछि तीनै तहको निर्वाचन र प्रतिनिधि सभा पुनःस्थापना पश्चात स्थानीय निर्वाचन सम्पन्न गरी नेपालको राजनीतिलाई नयाँ गति प्रदान गर्न पार्टीले खेलेको उदार, समन्वयकारी र नेतृत्वदायी भूमिकाको स्मरण गर्दै संविधान निर्माणको त्यो ऐतिहासिक क्षणप्रति **गौरव** गर्दछ,

**आत्मसात :** **नेपाली कांग्रेस** महिला, आदिवासी-जनजाति, मधेशी, दलित, मुश्लिम, थारू, पछाडि परेका विकट भौगोलिक क्षेत्र, अपाङ्गता भएका, भूमिहीन, कमैया, बादी समुदायलगायत देशका

विभिन्न जाति, वर्ग, लिङ्ग र क्षेत्रले आफ्नो विशिष्ट भाषिक, जातीय र साँस्कृतिक पहिचान, प्रतिष्ठा र संघीय एवं समावेशी शासन प्रणालीका लागि गरेको शान्तिपूर्ण संघर्ष लोकतन्त्रलाई जीवन्त, गतिशील र प्रभावकारी बनाउने दिशाका महत्वपूर्ण पाइलाको रूपमा **आत्मसात्** गर्दछ,

**प्रतिबद्धता :** **नेपाली कांग्रेस** आफ्नो नेतृत्वमा हासिल भएका राजनीतिक, आर्थिक र सामाजिक उपलब्धिको स्वामित्व लिन जति प्रष्ट छ, सरकार सञ्चालनको क्रममा वा प्रतिपक्षको भूमिकामा रहँदा जानेर वा नजानेर भएका गल्ती र कमी-कमजोरीबाट शिक्षा लिँदै भविष्यमा दोहोरिन नदिन पनि **प्रतिबद्ध** छ,

**अठोट :** **नेपाली कांग्रेस** संविधानको रक्षा र कार्यान्वयन तथा त्यसकै जगमा मुलुकको समुन्नति तर्फको अग्रगमन नै आजको मुख्य राष्ट्रिय जिम्मेवारी भएको मनन गर्दै आफ्नो सात दशकभन्दा लामो गौरवपूर्ण इतिहास, यसको आदर्श एवं विचारको श्रेष्ठता, हजारौ जुझारू, कर्मठ, स्वाभिमानी र इमान्दार स्वयंसेवी कार्यकर्ताको ऊर्जा र जनताको अनवरत स्नेह र समर्थनको आत्मविश्वासका साथ पुनः एकपटक नेपाली राजनीतिमा देखिएका ज्वलन्त मुद्दाहरूको सम्बोधन गर्ने **अठोट** गर्दछ,

**प्रण :** **नेपाली कांग्रेस** संघीय लोकतन्त्रको सीमाभित्र 'वहुलता र विविधता बीचको एकता आम नेपालीको सच्चा राष्ट्रियता' भन्ने मान्यताका साथ संविधान कार्यान्वयन गर्दै समुन्नत नेपाल निमार्णको आफ्नो ध्येयलाई पूरा गर्ने **प्रण** गर्दछ,

**प्रतिज्ञा :** नेपाली कांग्रेस विगतमा जस्तै भविष्यमा पनि नेपाली जनताले सुम्पिएको हरेक अभिभारालाई निष्ठा र इमान्दारीपूर्वक वहन गरी लोकतन्त्र, संविधान, विधिको शासन र मानव अधिकारको संरक्षण र सम्वर्द्धनका निम्ति कटिबद्ध छ । संविधानको मर्म बमोजिम सरकारलाई संसदप्रति जवाफदेही बनाउदै संसदभित्रबाटै विकल्प भएसम्म दलहरू भित्र हुनसक्ने द्वन्द्व वा संसदमा उत्पन्न हुनसक्ने गतिरोध वा अरू कुनै वहानामा संसद अवरूद्ध हुन नदिई संसदलाई पूर्ण अवधि कायम राख्ने **प्रतिज्ञा** गर्दछ,

**आह्वान :** नेपाली कांग्रेस सबै नेपालीको पहिचान, पहुँच, प्रतिनिधित्व, प्रगति र प्रतिष्ठामा नै नेपालको राष्ट्रिय स्वाभिमान उच्च हुन्छ भन्ने मान्यताका साथ आम नेपालीको जीवनमा गुणात्मक परिवर्तन ल्याउने अठोट सहितको समुन्नत नेपाल, सम्मानित नेपालीको राष्ट्रिय आकांक्षा पूरा गर्ने हाम्रो अभियानमा सहभागी हुन देश-विदेशमा रहनु भएका सम्पूर्ण नेपाली आमा-बुवा, दिदी-भाइ तथा दाजु-बहिनीहरूमा हार्दिक **आह्वान** गर्दछ,

**अपिल :** नेपाली कांग्रेस यही मंसिर ४ गते सम्पन्न हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा उत्साहपूर्वक सहभागी भई आफ्नो **मत प्रकट गर्न सम्पूर्ण नेपाली आमा-बुवा, दिदी-भाइ तथा दाजु-बहिनीहरूमा हार्दिक अपिल** गर्दछ ।

**जय नेपाल !**

खण्ड १

# समसामयिक राजनीति र राष्ट्रिय मुद्दाहरू

## १.१ विगत पाँच वर्षको समीक्षा

नेपाली कांग्रेसको नेतृत्वको सरकारले २०७४ मा संघीय, प्रादेशिक र स्थानीय गरी तीनै तहको निर्वाचन सम्पन्न गरेपछि ऐतिहासिक संविधानसभा मार्फत् बनेको संघीय लोकतान्त्रिक गणतान्त्रिक संविधान कार्यान्वयन प्रारम्भ भएको हो । नेपाली कांग्रेसले निर्वाह गरेको इतिहासप्रदत्त भूमिका र संघीय लोकतान्त्रिक गणतन्त्रप्रतिको दृढ आस्था, विश्वास र प्रतिबद्धताको आधारमा संविधान कार्यान्वयन गर्ने जिम्मेवारी पाउने स्वाभाविक अपेक्षा विपरीत तत्कालीन नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) को वाम गठबन्धनले जनादेश प्राप्त गरेपछि नेपाली कांग्रेसले प्रतिपक्षको भूमिका निर्वाह गरेको वास्तविकता सर्वविदितै छ । २०७४ देखि २०७९ सम्मको विगत पाँच वर्षमा सरकार र राजनीतिक दलहरूले निर्वाह गरेको भूमिकाको वस्तुनिष्ठ समीक्षा र मूल्याङ्कन गरी सम्पूर्ण सार्वभौम नेपाली जनताले विवेकसम्मत निर्णय गरेर देशलाई लोकतान्त्रिक, संवैधानिक र विकासको मार्गमा अगाडि बढाउन सही निर्णय गर्नु पर्ने घडी अहिले आएको छ । राष्ट्रिय राजनीतिक मुद्दाप्रति नेपाली कांग्रेसको दृष्टिकोण र पाँच वर्षको आवधिक समीक्षा तथा समुन्नत नेपालको मार्गचित्रबारे गत वैशाख महिनामा सम्पन्न स्थानीय तहको निर्वाचनमा प्रकाशित राजनीतिक दृष्टिकोण र समुन्नत नेपालको मार्गचित्रलाई परिमार्जन र अद्यावधिक गर्दै **नवीनता सहितको निरन्तरता**को रूपमा यो सङ्कल्प तयार गरिएको छ ।

### १.१.१ सर्वसत्तावादमा खेर गएको समय

राष्ट्रवाद, स्थिर सरकार र समृद्धि जस्ता लोकप्रियतावादी नाराको आधारमा तत्कालीन वाम गठबन्धनले २०७४ का तीनै तहका निर्वाचनमा प्रचण्ड वहुमत हासिल गरी नेपालको इतिहासमा नै सबैभन्दा बढी सुविधाजनक र अनुकूल अवसर पाएको थियो । तर नेकपा (एमाले) का अध्यक्ष केपी ओलीको नेतृत्वमा सरकार बनेको क्षणदेखि नै संविधान, लोकतान्त्रिक प्रणाली, नागरिक अधिकार, संवैधानिक संस्था र राज्यको चौथो अंग संचार जगतमाथि नियोजित रूपमा आक्रमण गर्दै वाम गठबन्धनले पाएको अवसरको अधिकांश समय र ऊर्जा सर्वसत्तावादी शासन स्थापना गर्ने धृष्टतामा खर्च गरिएको थियो ।

२०७४ फागुनमा प्रधानमन्त्रीको शपथग्रहण गर्नासाथ संविधानप्रदत्त नागरिकका नैसर्गिक अधिकार नियन्त्रण गरी नागरिक आन्दोलन माथि दमनको शुरूवात गरिएको थियो । अभिव्यक्ति तथा प्रेस स्वतन्त्रतालाई मौलिक अधिकारको रूपमा संस्थागत गरेको संवैधानिक प्रावधानलाई कुल्चिएर सार्वजनिक संचारमाध्यम र सामाजिक संजाललाई समेत नियन्त्रण गर्ने उद्देश्यले विवादास्पद र नियन्त्रणमुखी विधेयकहरू सरकारले संसदमा दर्ता गरेको थियो । ती विधेयकहरूले लोकतान्त्रिक प्रणाली, संविधानवाद र विधिशास्त्रका सम्पूर्ण सिद्धान्तलाई नै चुनौती दिएका थिए ।

संघीय लोकतान्त्रिक संविधान जारी भएपछि पहिलो निर्वाचित सरकार भएको कारणले राज्यको संघीयकरण तथा संघीय प्रणालीको सिद्धान्त अनुरूप राज्य सञ्चालन गर्नु प्रमुख संवैधानिक दायित्व थियो । तर सरकारको नीति र कार्यशैली संघीय प्रणाली भन्दा ठीक विपरीत थियो । आवरणमा संघीय प्रणाली भए पनि यथार्थमा एकात्मक र केन्द्रीकृत प्रणालीलाई संस्थागत गरेको थियो । ओली नेतृत्वको संघीय सरकार मात्रै होइन, नेकपाको नेतृत्वमा बनेका प्रादेशिक र स्थानीय सरकारहरू पनि संघीय प्रणालीको सिद्धान्त अनुसार संचालित भएनन् ।

सरकार बनेको क्षणदेखि नै कुशासन, भ्रष्टाचार र अनियमितता संस्थागत हुन थालेको थियो । सार्वजनिक सम्पत्ति माथि लुटतन्त्र मच्चाउँदै सरकारले भ्रष्टाचार, कमिशनतन्त्र, आर्थिक अनियमितता र अपारदर्शीताको क्षेत्रमा नयाँ-नयाँ कीर्तिमान कायम गरेको थियो ।

कुशासन र भ्रष्टाचारको सबैभन्दा ज्वलन्त उदाहरण कोभिड महामारी नियन्त्रण र रोकथामका लागि सरकारी उदासिनता तथा मेडिकल सामाग्री खरिदको भ्रष्टाचार र कमिशन प्रकरण हो । महामारी शुरू भएपछि कोभिड नियन्त्रण गरी जनताको जीवन रक्षा गर्नु सरकारको अनिवार्य प्राथमिक दायित्व थियो । तर महामारी नियन्त्रण, रोकथाम र उपचारका सम्बन्धमा सरकारले प्रारम्भदेखि नै गम्भीर त्रुटी गर्दै आयो । सरकारले न महामारी नियन्त्रण गर्ने उपयुक्त नीति र कार्ययोजना अख्तियार गऱ्यो, न परीक्षण, उपचार, खोप, औषधी, क्वारेन्टिन र अस्पतालको व्यवस्थापन गर्न नै संवेदनशील भयो ।

कोभिडको कारणले लाखौं संक्रमित र हजारौं भन्दा बढी नागरिकको मृत्यु भइसकेको मानवीय संकटको घडीमा समेत नागरिकको स्वास्थ्यमा खेलवाड गरी कमिशनको खेलमा सरकार डुब्यो । जनताको स्वास्थप्रति यो हदसम्मको अनुत्तरदायी र असंवेदनशील सरकार नेपालको इतिहासमा अहिलेसम्म थिएन । कोभिडका कारणले जति पनि मानवीय क्षति भयो, त्यसका लागि नेकपाको सरकार र पूर्व प्रधानमन्त्री ओली प्रमुख रूपमा जिम्मेवार हुनुहुन्छ भन्दा अत्युक्ति हुने छैन ।

उपर्युक्त तथ्य र तथ्यांकका आधारमा विश्लेषण गर्दा नेकपा, नेकपा (एमाले) र पूर्व प्रधानमन्त्री ओलीको कारणले करिव ४१ महिनाको अवधि पूर्णरूपमा खेर गयो ।

### १.१.२ प्रतिनिधिसभा विघटनः संविधान असफल बनाउने षड्यन्त्र

नेकपाको नेतृत्वमा सरकार बनेको घडीदेखि नै सुनियोजित रूपमा सार्वभौम संसदलाई सरकारको 'रबर स्ट्याम्प' बनाउने दुस्साहस गरियो । लोकतान्त्रिक प्रणालीमा जस्तो संसद र जनताप्रति उत्तरदायी र जवाफदेही होइन, कम्युनिस्ट शासनमा जस्तो सम्पूर्ण अधिकार केन्द्रीकृत गरी सर्वसत्तावाद र अधिनायकवाद संस्थागत गर्ने दुष्प्रयास गरियो । कार्यपालिका अन्तर्गतका निकाय र अधिकार मात्रै होइन, सार्वभौम संसद र स्वतन्त्र न्यायालयलाई समेत सरकारको प्रभाव र नियन्त्रणमा राख्ने षड्यन्त्र हुदै आयो । २०७७ पुस ५ गते संविधान विपरीत अप्रत्याशित रूपमा प्रतिनिधिसभा विघटन गरियो । त्यसैले २०७७ फागुन ११ गते सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनःस्थापना गर्ने ऐतिहासिक फैसला गरेको थियो ।

नेपाली कांग्रेसका सभापति एवं संसदीय दलका नेता शेरबहादुर देउवाले प्रतिनिधिसभामा स्पष्ट बहुमत हासिल गरी १४९ सांसदको हस्ताक्षरसहित सरकार गठनका लागि दावी पेश गरे पनि राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्नु भएन । विश्वासको मत हासिल गर्न असफल भएपछि कामचलाउ प्रधानमन्त्रीको सिफारिसमा संविधानको संरक्षक र पालक समेत रहनु भएका राष्ट्रपतिले २०७८ जेठ ७ गते मध्य राती पुनः प्रतिनिधिसभा विघटन गर्नुभयो । दोस्रो पटक गरिएको विघटनले नेपालको संविधान, संवैधानिक सर्वोच्चता, संविधानवाद र २०७७ फागुन ११ गतेको सर्वोच्च अदालतको ऐतिहासिक फैसलालाई समेत ठाडै चुनौती दिएको थियो । संविधान नै असफल बनाउने सुनियोजित षड्यन्त्र अनुरूप पटक–पटक असंवैधानिक रूपमा प्रतिनिधिसभा विघटन गरिएको वास्तविकता अहिले घाम जत्तिकै छर्लङ्ग भएको छ ।

नेपाली कांग्रेसले राष्ट्रपति जस्तो सम्मानित, राष्ट्रको अभिभावक तथा संविधानको संरक्षक र पालक संस्थाबाट यस्तो असंवैधानिक र विवादास्पद निर्णयको कल्पना गरेको थिएन । त्यसैले संविधानको रक्षाका लागि नेपाली कांग्रेस नेतृत्वको पाँच दलीय गठबन्धनसँग सर्वोच्च अदालत जानु भन्दा अर्को विकल्प थिएन ।

२०७८ असार २८ गते सर्वोच्च अदालतले प्रतिनिधिसभा पुनःस्थापना गर्ने अर्को ऐतिहासिक फैसला गर्नुका साथै नेपाली कांग्रेसका संसदीय दलका नेता देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश जारी गरेको थियो । सर्वोच्च अदालतको फैसलाले संविधान, संवैधानिक सर्वोच्चता र संविधानवादको रक्षा मात्रै गरेको छैन, भविष्यमा समेत कसैले लोकतान्त्रिक प्रणाली तथा संविधान माथि अवाञ्छित अतिक्रमण र आक्रमण गर्न नसक्ने संवैधानिक सुनिश्चितता गरेको छ । नेपाली कांग्रेसको ऐतिहासिक भूमिका र संघर्षको कारणले नै दुई–दुई पटकसम्म विघटन गरिएको प्रतिनिधिसभा पुनःस्थापित भई पाँच वर्षको कार्यकाल पूरा गऱ्यो । आगामी प्रतिनिधिसभाको पाँच वर्षको कार्यकाल पनि पूरा गरी राजनीतिक स्थायित्व कायम गर्न नेपाली कांग्रेस पूर्ण प्रतिबद्ध छ ।

### १.१.३ लोकतन्त्र र संविधानको रक्षार्थ नेपाली कांग्रेसको नेतृत्वमा सरकार

संविधान नै असफल हुने दुर्भाग्यपूर्ण अवस्था सृजना भएपछि नेपाली कांग्रेसले पाँच दलीय गठबन्धनका नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाको प्रस्तावमा विशेष परिस्थितिमा संविधान र लोकतान्त्रिक प्रणालीको रक्षार्थ सरकारको जिम्मेवारी वहन गर्नु परेको

वास्तविकता सर्वविदितै छ । सोही परिप्रेक्ष्यमा नेपाली कांग्रेसका सभापति तथा संसदीय दलका नेता देउवाको नेतृत्वमा गत वर्ष असार २९ गते पाँच दलीय गठबन्धन सरकार बनेको थियो ।

पूर्व प्रधानमन्त्री ओलीको कारणले संविधान नै असफल हुने दिशातर्फ उन्मुख भएको थियो । तर प्रधानमन्त्री देउवाको नेतृत्वमा सरकार बनेपछि संघीय लोकतान्त्रिक गणतान्त्रिक संविधानको अक्षर र भावना अनुरूप संविधान कार्यान्वयन भयो । जुन प्रतिनिधिसभा असफल भयो भनेर तत्कालीन प्रधानमन्त्रीले विघटन गर्नु भएको थियो, त्यही प्रतिनिधिसभाले देउवाको नेतृत्वमा स्थिर सरकार निर्माण गरेर राजनीतिक स्थायित्व कायम गर्न सफल भयो भने नागरिकता विधेयकलगायत तीस वटा कानून निर्माण गर्न पनि सफल भयो । यदि नेकपा (एमाले) ले संसद अवरूद्ध नगरेको भए थप कानुनहरू पनि निर्माण हुने थिए । त्यसैले गठबन्धनको आवश्यकता तथा प्रतिनिधिसभा पुनःस्थापनाको औचित्य राजनीतिक र संवैधानिक दुवै दृष्टिले पूर्णरूपमा पुष्टि भएको छ । यही वास्तविकतालाई आत्मसात गर्दै लोकतन्त्र र संविधानको रक्षार्थ तथा राजनीतिक स्थिरताका लागि निर्वाचनमा गठबन्धन गर्ने निर्णय गरिएको छ ।

नेपाली कांग्रेसको नेतृत्वको सरकारले कोभिड महामारी नियन्त्रणलाई सर्वोच्च प्राथमिकता दिएपछि खोप, रोकथाम र संक्रमितको निःशुल्क तथा सर्वसुलभ उपचारलगायत अत्यावश्यक स्वास्थ्य सामग्री व्यवस्थापन गऱ्यो । यसबाट महामारी नियन्त्रण भई जनताको जीवन रक्षाका दृष्टिले उत्साहजनक उपलब्धि हासिल भएका छन् ।

पूर्ववर्ती सरकार अन्तर्राष्ट्रिय सम्बन्धका सन्दर्भमा नीतिगत रूपमा नै विचलित भएको कारणले नेपालको कूटनीतिक विश्वसनीयता खस्किएको थियो । तर देउवा सरकारले राष्ट्रहितलाई सर्वोच्च प्राथमिकता दिंदै असंलग्न परराष्ट्र नीतिको आधारमा स्वतन्त्र र सन्तुलित विदेश नीति अख्तियार गरेपछि अन्तर्राष्ट्रिय सम्बन्धका दृष्टिले उल्लेखनीय उपलब्धि हासिल भएको छ । छिमेकीलाई उच्च प्राथमिकता दिंदै भारत र चीनसँगको परम्परागत, घनिष्ट र वहुआयामिक सम्बन्धलाई थप आत्मीय र हार्दिक बनाउन सरकार सफल भएको छ । प्रधानमन्त्री देउवाको भारत भ्रमण, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको लुम्बिनी भ्रमण तथा चिनियाँ विदेशमन्त्रीको नेपाल भ्रमणपछि दुवै छिमेकीसँग पारस्परिक विश्वासको सम्बन्ध पुनःस्थापित भएको छ भने अमेरिकासँग भएका सघन कूटनीतिक संवाद तथा भ्रमण आदानप्रदानले सकारात्मक सन्देश प्रवाह गरेको छ । युक्रेन माथि रूसको सैन्य आक्रमणको विपक्षमा तथा युक्रेनको स्वतन्त्रता, सार्वभौमिकता र भौगोलिक अखण्डताको पक्षमा स्पष्ट नीति अंगीकार गरिएपछि अन्तर्राष्ट्रिय मञ्चमा नेपालको कूटनीतिक छवि सकारात्मक बनेको छ ।

भारतसँग भएको सीमा विवाद सुस्ता, कालापानी, लिपुलेक र लिम्पियाधुराका सम्बन्धमा कूटनीतिक प्रयासबाट समाधान गरिने छ । त्यस्तै चीनसँग हुम्ला जिल्लाको उत्तरी सीमामा देखिएको विवाद कूटनीतिक प्रयासबाट समाधान गरिने छ । गत भारत भ्रमणको अवसरमा प्रधानमन्त्री देउवाले भारतसँगको सीमा समस्याको बारेमा नेपालको स्पष्ट धारणा र अडान भारत सरकारसँग राख्नु भएको थियो ।

विगत पाँच वर्षदेखिको निरन्तर वहसका कारण नेपाली समाज नै तीव्ररूपमा ध्रुवीकृत भएको तथा तत्कालीन नेकपा सरकारले संसदमा पेश गरेको तर निकास पाउन नसकेको अमेरिकी विकास परियोजना 'एमसीसी' सरकार र प्रतिपक्षमा रहेका अधिकांश राजनीतिक दलको सहमतिमा संसदबाट पारित गर्न सरकार सफल भएको छ । विश्वव्यापी रूपमै विकास अनुदानको मात्रा र अंश घट्दै गएको अवस्थामा नेपालको

राष्ट्रिय आवश्यकता र प्राथमिकताका आधारमा एउटा रूपान्तरणकारी परियोजनाका लागि नेपालकै इतिहासमा आएको सबैभन्दा ठूलो अनुदान रकम (५० करोड अमेरिकी डलर) बृहत् राजनीतिक सहमति कायम गर्दै विधिवत स्वीकार गरेकाले नेपालप्रति दातृनिकायको विश्वास अभिवृद्धि भएको छ । यसैगरी नेपाली कांग्रेसको सरकारको पालामा नै चीन सरकारसँग हस्ताक्षर भएको बीआरआई अन्तर्गतका परियोजना राष्ट्रिय आवश्यकता र प्राथमिकताका आधारमा लागू गर्न प्रतिबद्ध छ ।

नागरिकता कसैले कसैलाई दिने वा लिने भन्दा पनि नागरिकको शाश्वत अधिकार हो । पछिल्लो समय राजनीतिक आग्रह-पूर्वाग्रहका कारण जटिल बन्न पुगेको यो विषयलाई आगामी संसदमा संविधानको प्रावधान अनुसार अधिकतम सहमति कायम गरी निरूपण गर्न नेपाली कांग्रेस दृढ र प्रस्ट छ ।

## १.२. साझा राष्ट्रिय कार्यसूची र नेपाली कांग्रेसको दृष्टिकोण

एक्काइसौं शताब्दीका प्रमुख शक्तिराष्ट्रहरू तथा ठूला छिमेकी भारत र चीनवीच अवस्थित भूराजनीतिक दृष्टिले अत्यन्त संवेदनशील नेपालका लागि राष्ट्रियता, अन्तर्राष्ट्रिय सम्बन्ध तथा विदेश नीति र राष्ट्रिय सुरक्षा जस्ता नीति महत्वपूर्ण र दूरगामी छन् । उक्त वास्तविकतालाई आत्मसात् गर्दै दूरगामी महत्वका नीतिहरू निर्माण गर्दा प्रमुख राजनीतिक दलहरूवीच साझा धारणा विकसित गरी राष्ट्रिय सहमतिको दस्तावेज निर्माण गरिनुपर्छ भन्ने नेपाली कांग्रेसको स्पष्ट दृष्टिकोण छ । त्यसैले संसदमा प्रतिनिधित्व गर्ने प्रमुख राजनीतिक दल, सरोकारवाला र सम्बन्धित विषयका विज्ञहरूसँग समेत व्यापक छलफल र परामर्श गरी राष्ट्रिय सहमतिका आधारमा उक्त नीतिहरू निर्माण गर्न नेपाली कांग्रेसले नेतृत्वदायी भूमिका निर्वाह गर्ने छ ।

### १.२.१ राष्ट्रियता र राष्ट्रिय सुरक्षा नीति

नेपाल एक स्वतन्त्र, सार्वभौम, अविभाज्य, वहुलवादी, वहुधार्मिक, वहुजातीय, वहुसाँस्कृतिक, वहुभाषिक तथा विविधतामूलक राष्ट्र-राज्य हो । वहुलता तथा विविधता हाम्रा पहिचान, सम्पदा र अमूल्य निधि हुन् र एकता, सहअस्तित्व, समभाव र सहिष्णुता नेपाली नागरिकको अन्तर्निहित अपेक्षा र भावना हो । राष्ट्रियता भनेको केवल भूगोल मात्रै होइन, देशका जनता पनि हुन् । त्यसैले भूगोलका साथै जनताकेन्द्रित राष्ट्रियता नेपाली कांग्रेसको मूलमन्त्र हो । नेपाली समाजमा विद्यमान वहुलता र विविधताका आधारमा सम्पूर्ण नेपालीलाई एकताको सूत्रमा बाँधेर भावनात्मक रूपमा अझै एकतावद्ध बनाउने नेपाली जनताको चाहना तथा संविधानले परिकल्पना गरेको भावना अनुसार राष्ट्रियताको सम्वर्द्धन र प्रवर्द्धन नेपाली कांग्रेसले गर्दैआएको छ र भविष्यमा थप दृढतापूर्वक गर्ने छ । नेपाली समाजमा अन्तर्निहित वहुलता र विविधतालाई आत्मसात् गर्दै हिमालदेखि तराईसम्म पूर्वदेखि पश्चिमसम्म सम्पूर्ण नेपालीको प्रतिनिधित्व गर्ने सच्चा उदार राष्ट्रवादी र देशभक्त पार्टी नेपाली कांग्रेस हो ।

परिवर्तित अन्तर्राष्ट्रिय, क्षेत्रीय तथा राष्ट्रिय राजनीतिक, भूराजनीतिक, सुरक्षा तथा सैन्य आयामका सन्दर्भमा नेपालका आन्तरिक र बाह्य दुवै सुरक्षा चुनौतीहरू थप बहुआयामिक र संवेदनशील हुँदै गएको देखिन्छ । नेपाली कांग्रेसले यी चुनौतीहरूको सामना गरी भौगोलिक अखण्डता, सार्वभौमिकता, राष्ट्रिय स्वाधीनता, नागरिकको सुरक्षा, मानव सुरक्षा, मौलिक अधिकार, सीमा सुरक्षा, मानव अधिकार, विधिको शासन र सामाजिक

तथा धार्मिक सद्भाव अभिवृद्धि राष्ट्रिय सुरक्षा नीतिका मार्गनिर्देशक सिद्धान्त हुन् । नेपाली कांग्रेसले मानव सुरक्षाको व्यापक र बृहत्तर अवधारणा अनुसार राष्ट्रिय सुरक्षा नीतिलाई पुनःपरिभाषित गर्ने छ । नेपाल र नेपाली नागरिकको सुरक्षा गर्न उपयुक्त, प्रभावकारी र सक्षम राष्ट्रिय सुरक्षा प्रणाली विकसित गर्दै नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभागलाई अझै व्यावसायिक, गैरराजनीतिक, सदाचारी, जबाफदेही, निष्पक्ष तथा थप साधन-स्रोत सम्पन्न निकायको रूपमा विकसित गरिने छ ।

भारत र चीन दुवै छिमेकीसँग उच्चस्तरीय राजनीतिक तथा कूटनीतिक संवाद मार्फत् विद्यमान सीमा विवाद समाधान गर्दै नेपालको एकता, भौगोलिक अखण्डता र सार्वभौमिकता अक्षुण्ण राख्न नेपाली कांग्रेसको सरकारले निर्णायक कूटनीतिक पहल गर्ने छ । त्यस्तै नेपाली भूमि कुनै पनि छिमेकी वा अन्य मित्रराष्ट्र कसैको पनि विरूद्ध प्रयोग हुन नदिने कुरामा हामी स्पष्ट छौं ।

### १.२.२ अन्तर्राष्ट्रिय सम्बन्ध तथा विदेश नीति

नेपाली कांग्रेसले राष्ट्रिय सहमतिको आधारमा विदेश नीति निर्माण गर्न निम्न सिद्धान्त र नीति अनुसरण गर्ने छ :

१. राष्ट्र हित र राष्ट्रिय स्वार्थको संरक्षण तथा सम्वर्द्धन, राष्ट्रिय सुरक्षा, संयुक्त राष्ट्रसंघको बडापत्र, पञ्चशील, असंलग्नता, अन्तर्राष्ट्रिय कानून र विश्वशान्ति तथा सहअस्तित्व जस्ता मार्गनिर्देशक नीति अनुसरण गरी स्वतन्त्र र सन्तुलित नीति विदेश नीति अख्तियार गर्ने छ ।

२. भौगोलिक दृष्टिले देशहरू ठूलो वा सानो भए पनि, आर्थिक दृष्टिले विपन्न वा समृद्ध भए पनि तथा सैन्य दृष्टिले शक्तिशाली वा कमजोर जे भए पनि सार्वभौमिकताका दृष्टिले सबै देशहरू समान हुने भएकाले सार्वभौम समानताको सिद्धान्तको आधारमा विदेश नीति तर्जुमा गर्ने छ ।

३. सार्वभौमिकता, वहुलवाद, स्वतन्त्रता, लोकतान्त्रिक प्रणाली, विधिको शासन, अन्तर्राष्ट्रिय कानून, मानव अधिकार, लोकतान्त्रिक मूल्य-मान्यता तथा जनताका नैसर्गिक अधिकारलाई प्रमुख मापदण्ड निर्धारण गर्दै नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय कानून, महासन्धि, अभिसन्धि र अनुबन्धहरूलाई आधारभूत सिद्धान्तका रूपमा अनुसरण गर्ने छ ।

४. एक्काईसौं शताब्दीका आर्थिक शक्ति केन्द्र हुने प्रक्षेपण गरिएका छिमेकीबीच कूटनीतिक सन्तुलन कायम गरी वहुआयामिक (कूटनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, व्यापारिक) सम्बन्धलाई अझ घनिष्ट र प्रगाढ बनाउँदै पारस्परिक हित र समान लाभका आधारमा दुवै देशको विकासबाट अधिकतम लाभान्वित हुने नीति अंगीकार गरिने छ ।

५. आर्थिक कूटनीति मार्फत् वैदेशिक सहायता, लगानी र बजार पहुँच अभिवृद्धि गर्ने नीति लिंदै व्यापारिक ऋण भन्दा सहुलियतपूर्ण ऋण वा अनुदानलाई विशेष प्राथमिकता दिइने छ ।

६. भूपरिवेष्ठित देशले पाउने निर्वाध व्यापार तथा पारवहन सुविधाको प्रत्याभूति गर्नुका साथै व्यापार तथा पारवहन सन्धिबाट अधिकतम लाभ लिन भौतिक पूर्वाधार विस्तार गरी अन्तर्राष्ट्रिय व्यापार र पारवहनलाई विविधिकरण गर्ने नीति अख्तियार गर्ने छ ।

७. कुनै पनि देशसँग प्रतिरक्षा, सैन्य तथा सुरक्षा साझेदारी वा गठबन्धन नेपालको नीति नभएको वास्तविकताप्रति नेपाली कांग्रेसको दृष्टिकोण स्पष्ट छ । त्यसैले कुनै पनि प्रकृतिको प्रतिरक्षा, सैन्य तथा सुरक्षा सवाल तथा शक्ति राष्ट्रहरू बीचको सामरिक प्रतिस्पर्धामा नेपाल प्रत्यक्ष वा परोक्ष संलग्न हुने छैन ।

८. जलवायु परिवर्तनको कारणले विश्वव्यापीरूपमा सृजना भएको वातावरणीय संकट समाधान गर्न हरित कूटनीति अनुसरण गरी नेपालले अन्तर्राष्ट्रिय मञ्चमा प्रभावकारी र नेतृत्वदायी भूमिका निर्वाह गर्ने छ ।

९. सन् २०२६ मा राष्ट्रसंघको परिभाषा अनुसारको 'अतिकम विकसित' राष्ट्रको श्रेणीबाट नेपालको स्तरोन्नति हुँदै गर्दा विकास अनुदान र सहुलियतपूर्ण अन्तर्राष्ट्रिय बजार पहुँचमा हुने नियमित संक्रमणको सहज व्यवस्थापन गर्ने कूटनीतिक आत्मविश्वास नेपाली कांग्रेस व्यक्त गर्न चाहन्छ ।

१०. परिवर्तित सन्दर्भमा विश्वव्यापी रूपमा नै 'पब्लिक डिप्लोमेसी' (सार्वजनिक शैलीमा गरिने कूटनीति) र 'सफ्ट पावर' (सौम्य शक्ति) प्रभावशाली कूटनीतिक अस्त्रको रूपमा स्थापित भएकाले उक्त अस्त्रहरूको अधिकतम अभ्यास गरिने छ ।

११. श्रम कूटनीति मार्फत् वैदेशिक रोजगारीलाई सुरक्षित, सम्माजनक र मर्यादित बनाउँदै विदेशमा कार्यरत नेपाली नागरिकको पेशागत हक र सुरक्षालाई सुनिश्चित गर्न विदेशस्थित कूटनीतिक नियोगलाई थप प्रभावकारी रूपमा परिचालित गरिने छ ।

१२. क्षेत्रीय तथा उप-क्षेत्रीय संगठनहरू क्षेत्रीय सहयोग, सहकार्य र साझेदारीका लागि अपरिहार्य संयन्त्र भएकाले सार्क र बिमस्टेक जस्ता संगठनहरूबाट अधिकतम लाभ हासिल गर्न कूटनीतिक साझेदारी र सहकार्यलाई प्राथमिकता दिइने छ ।

## १.३. संविधान सम्बन्धमा नेपाली कांग्रेसको दृष्टिकोण

नेपालको संविधान लोकतान्त्रिक, उदार, अधिकारमैत्री र अग्रगामी भए पनि समाजका विभिन्न पक्षबाट संविधान परिमार्जन गर्न माग हुँदै आइरहेको छ । संविधान गतिशील र परिवर्तनशील दस्तावेज भएकाले नेपाली जनताको भावना अनुरूप समयानुकूल परिष्कार हुनु स्वाभाविक हो । त्यसैले नेपाली कांग्रेसले यो संविधानको पूर्ण स्वामित्व लिँदै प्रमुख राजनीतिक दलका साथै सबै सरोकारवालाहरूसँग सघन संवाद र परामर्श गरी सम्पूर्ण नेपाली नागरिकले अपनत्व र स्वामित्व ग्रहण गर्ने साझा र समृद्ध दस्तावेजको रूपमा विकास गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने छ । लोकतान्त्रिक, संसदीय र वैधानिक प्रक्रिया अनुसरण गरी यो संविधानलाई अझै लोकतान्त्रिक, जनमुखी र अधिकारमैत्री बनाउने संकल्प गर्दछ । नेपाली जनताको आकांक्षा अनुसार 'डेलिभरी' गर्ने लोकतान्त्रिक प्रणालीको संस्थागत विकास, सुधार र सुदृढीकरण नै नेपाली कांग्रेसको अबको प्रमुख राष्ट्रिय कार्यसूची हो ।

## खण्ड २
# इतिहासका सात दशकः लोकतन्त्रको अथक यात्रा

## २.१ लोकतान्त्रिक आन्दोलनको संवाहक

नेपालको लोकतान्त्रिक आन्दोलनको सात दशक लामो यात्रामा अनेकौं आरोह–अवरोह पार गर्दै परिष्कृत र परिमार्जित हुँदै यहाँसम्म आइपुगेको छ । यस बीचमा शान्तिपूर्ण रूपमा जति पनि आन्दोलनहरू भए, चाहे ती स्वतन्त्रताको सन्दर्भमा हुन् वा जन अधिकार स्थापित गर्ने सन्दर्भमा, सामाजिक न्यायको लागि हुन् वा समावेशीकरणका लागि, पहिचानको सन्दर्भमा हुन् वा पहुँचको सन्दर्भमा, यी सबैको मर्मलाई आत्मसात गर्दै लोकतन्त्रलाई थप जनमुखी र समृद्ध बनाउन नेपाली कांग्रेस कटिबद्ध रहँदै आएको छ । लोकतन्त्रको लडाईंको लामो कालखण्डमा नेपाली कांग्रेसले पटक–पटक उग्र वामपन्थी र उग्र दक्षिणपन्थी प्रहारहरूको सामना गर्नु प¥यो । दुवैखाले अतिवादलाई परास्त गर्दै शान्तिपूर्ण रूपान्तरण मार्फत् लोकतन्त्रको चेतनालाई जीवित राखेर त्यसलाई थप मजबुत बनाउन नेपाली कांग्रेसले नै नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको छ । आज हामीले उपभोग गरिरहेको स्वतन्त्रता नेपाली कांग्रेस र हाम्रा दूरदर्शी अग्रजहरूले गरेको अथक संघर्ष र बलिदानको प्रतिफल स्मरण गर्न पाउँदा हामीलाई गौरवको अनुभूति हुने गर्दछ ।

- नेपाली कांग्रेसले २००३ सालदेखि जनताको शान्तिपूर्ण आन्दोलनको नेतृत्व गर्दै जहानियाँ राणा शासनका विरूद्ध २००७ सालमा जनक्रान्ति मार्फत् जनताको मतबाट मात्र शासन गर्न पाउने पद्धतिको स्थापना गरेको हो ।
- २०१७ सालमा राजाबाट कपटपूर्ण ढंगले लोकतन्त्र र जनअधिकार अपहरण गरिएपछि ३० वर्षसम्म अथक संघर्ष गर्दै नेपाली कांग्रेसको आह्वान र नेतृत्वमा २०४६ सालको ऐतिहासिक जनआन्दोलन सफल भएको हो । २०४६ को जनआन्दोलन पश्चात एक वर्षको छोटो समयमा नै नेपाली कांग्रेसको नेतृत्वमा नयाँ संविधान निर्माण गरी आमनिर्वाचन सम्पन्न गरेर आन्दोलनका उपलब्धिलाई संस्थागत गर्दै लोकतन्त्रलाई सुदृढ तुल्याएको यथार्थलाई हामी गौरवपूर्ण स्मरण गर्दछौं । त्यसको एक वर्षपछि पुनः स्थानीय निर्वाचन सम्पन्न गरी प्रजातान्त्रिक अभ्यासलाई तल्लो तहसम्म पु¥याउन नेतृत्वदायी भूमिका खेलेको वास्तविकता इतिहासमा सुनौलो अक्षरमा लेखिएका छन् ।
- २०६२ मङ्सिर ७ गते सात राजनीतिक दल र माओवादी बीच भएको १२ बुँदे समझदारीको जगमा एकातर्फ एक दशक लामो हिंसात्मक द्वन्द्वको अन्त्य भयो भने अर्कोतर्फ निरंकुश राजतन्त्रको अन्त्य भयो ।

यसरी मूलतः माओवादी हिंसात्मक राजनीतिको अन्त्य गर्दै शान्तिपूर्ण रूपान्तरण गर्ने, निरंकुश राजतन्त्रको अन्त्य गर्दै संविधानसभा मार्फत् लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने, नेपालको विविधता राज्य संयन्त्र र शक्तिमा प्रतिबिम्बित हुने गरी राज्यको पुनर्संरचना गर्ने कार्यदिशा नेपाली कांग्रेसले अनुसरण गऱ्यो । त्यही कार्यदिशाले नै २०६२-६३ को जनआन्दोलन मार्फत् शान्तिपूर्ण मार्गबाट आजको राजनीतिक निकास संभव भएको वास्तविकतालाई नेपाली कांग्रेस पुनः स्मरण गर्दछ ।

- २०६४ सालमा संविधानसभाको निर्वाचन गर्न थुप्रै बाधा अवरोध उत्पन्न भए । तर यो अवधिमा मधेशलगायत आदिवासी-जनजातिको पहिचानको आन्दोलन, महिला, दलित, थारू, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक समुदाय एवं कर्णाली र दुर्गम क्षेत्रका जनताको उचित प्रतिनिधित्व र अधिकारका आन्दोलनलाई संवाद मार्फत् शान्तिपूर्ण रूपमा समाधान गरी नेपाली कांग्रेसकै नेतृत्वमा पहिलोपटक संविधानसभाको ऐतिहासिक निर्वाचन सम्पन्न भएको हो ।
- २०७० को दोस्रो संविधानसभाबाट नेपाली कांग्रेसले लोकतान्त्रिक संविधान जारी गर्ने अभियानको नेतृत्व गऱ्यो । नेपाली कांग्रेसको दृढ सङ्कल्प तथा सहमति, सहकार्य, एकता र मेलमिलापको राजनीतिक संस्कारका कारण नेपाली कांग्रेसकै नेतृत्वमा १ वर्ष १० महिनाभित्र ऐतिहासिक संविधानसभाबाट संविधान जारी गरी तीनवटै तहको निर्वाचन सम्पन्न गरेपछि संघीय प्रणाली कार्यान्वयनको चरण प्रारम्भ भएको हो ।

यस पृष्ठभूमिमा सात दशकदेखि लोकतन्त्रका निम्ति पटक-पटक भएका संघर्ष र आन्दोलन, निरंकुश राजतन्त्रको अन्त्यदेखि माओवादी द्वन्द्वको शान्तिपूर्ण अवतरण, संविधानसभा निर्वाचन, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान निर्माणदेखि तीनै तहको निर्वाचनसम्मको नेतृत्व नेपाली कांग्रेसले गरेको ऐतिहासिक जिम्मेवारीप्रति नेपाली कांग्रेस गौरव गर्दछ ।

## २.२ लोकतान्त्रिक समाजवाद र आर्थिक विकासको अभियन्ता

नेपालको आधुनिक अर्थतन्त्रको अवधारणागत र संरचनात्मक आधारशीला नेपाली कांग्रेसले खडा गरेको हो । २०१२ सालमा जारी गरिएको **प्रजातान्त्रिक समाजवादी घोषणापत्र**ले "प्रजातान्त्रिक पद्धतिबाट समाजवादी अर्थ व्यवस्थाको स्थापना गर्दै समान अवसर र समान स्वतन्त्रता भएको नेपाल निर्माण" को लक्ष्य लिएको थियो । त्यही भावना र मर्म नै ६ दशकपछि संविधानसभाबाट बनेको संविधानमा लिपिवद्ध भएको छ ।

- २०१५ सालमा प्रथम जननिर्वाचित बी.पी. कोइरालाको सरकारले १८ महिनाको छोटो अवधिमा आर्थिक तथा मानवीय साधनको सीमितताका बावजुद समाजवादी नीति तथा कार्यक्रम अनुरूप जमिन्दारी र विर्ता प्रथाको उन्मूलन, वन-जंगलको राष्ट्रियकरण, ग्रामीण विकास योजनाको शुरूवात, यातायात प्रणालीको विस्तार तथा मोहीको हक र भूमि व्यवस्थामा सुधार जस्ता कार्यले आर्थिक विकास र आधुनिकताको जग बसालेको थियो । नेपालमा व्यापक औद्योगिकरण, सिँचाई र हवाई पर्यटनका प्रारम्भिक पहलहरू लिएको थियो । नेपालको पहिलो विश्वविद्यालय र पूर्व-पश्चिम लोकमार्गको थालनी सँगसँगै सहकारी आन्दोलन र स्वतन्त्र परराष्ट्र नीतिको अगुवाइ पनि नेपाली कांग्रेसको सरकारले गरेको हो ।

- २०४६ को राजनीतिक परिवर्तनपछि बनेको नेपाली कांग्रेसको सरकारले जर्जर र संकुचित अवस्थामा रहेको पञ्चायतकालीन अर्थ व्यवस्थालाई आर्थिक उदारीकरणको नीति अनुरूप प्रतिस्पर्धात्मक र आधुनिक बनायो। आर्थिक सामर्थ्य बढाएर सामाजिक न्याय-उन्मुख लोक कल्याणकारी राज्यको जग बसालेको थियो। निजी क्षेत्र, ठूलो संख्यामा जनता सक्रिय हुने गैरसरकारी संस्था, सहकारी, स्थानीय निकाय र सामुदायिक क्षेत्रलाई समेत यसले आर्थिक-सामाजिक विकासका गतिविधिहरूमा प्रोत्साहित गऱ्यो। उद्योग, व्यापार, पर्यटन, विदेशी विनिमय, बैंकिङ, पुँजी बजार, कर तथा राजस्व, ऊर्जा, जलविद्युत, संचार, हवाइ यातायात लगायत अर्थतन्त्रका हरेक क्षेत्रमा उदार आर्थिक नीति अपनाई स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्ने नीति प्रारम्भ भयो। त्यसैले अर्थतन्त्रको व्यापक विस्तार हुन गई आजपर्यन्त फराकिलो आर्थिक आधार निर्माण भएको हो।
- २०४८ को बजेटको आकार २६ अर्ब हुँदा राजस्व १३ अर्ब मात्र थियो भने विदेशी अनुदान र ऋणमाथिको निर्भरता ८ अर्ब ५० करोड थियो। त्यस्तो समयमा एकातिर ६४ वटा सार्वजनिक संस्थानले वार्षिक झन्डै एक अर्ब घाटा बेहोरिरहेका थिए भने नयाँ सरकारसँग गाउँ-गाउँमा स्कूल, स्वास्थ्य चौकी, खानेपानी, बाटो-घाटो पुऱ्याउनु पर्ने र व्यापक रोजगारी सृजना गर्नु पर्ने जनअपेक्षा थियो। आर्थिक वर्ष २०४९/५० मा मात्र ६०६ नयाँ उद्योग स्थापना गरी अन्दाजी ८९,००० नयाँ रोजगारी सृजना भएको थियो। उद्योग स्थापना र रोजगारी सृजना दुवै दृष्टिले यो नेपालको इतिहासमा नै नयाँ रेकर्ड हो। त्यतिवेला राजस्वका क्षेत्रमा गरिएको साहसिक निणर्यका कारण सरकारको ढुकुटी बढ्यो। यो स्रोतलाई सामाजिक विकासतर्फ उन्मुख गराई विकास बजेटको ७० प्रतिशत रकम ग्रामीण क्षेत्रमा खर्च गर्ने नीति अपनाइयो। विकेन्द्रीकरण तथा सामाजिक सुरक्षाका कार्यक्रम मार्फत् भौगोलिक हिसाबले स्थानीय स्तरमा र वर्गीय हिसाबले विकासको पहुँच बाहिर रहेका जनतासम्म विकासको प्रतिफल सीधै पुऱ्याउने प्रक्रियाको प्रारम्भ नेपाली कांग्रेसले नै गरेको हो।
- २०४८ सालमा नेपाली कांग्रेसको सरकारले ३९१४ वटा गाविसमा उप-स्वास्थ्य चौकी र प्रत्येक निर्वाचन क्षेत्रमा प्राथमिक स्वास्थ्य केन्द्र स्थापना गर्ने नीति र कार्यक्रम तथा पछिल्ला दिनमा स्वास्थ्य बिमा र सामाजिक सुरक्षाका कार्यक्रमको विस्तार, प्रत्येक वडामा एउटा स्वास्थ्य केन्द्र र प्रत्येक स्थानीय तहमा एक अस्पताल बनाउने नीति लगायत स्वास्थ्य पूर्वाधारको विकासका कारणले जनस्वास्थ्यको क्षेत्रमा उल्ले ख्य उपलब्धि हासिल भएको छ। स्वास्थ्य सेवा विस्तारसँगै बाल तथा मातृ मृत्युदरमा उल्लेख्य कमी आएको छ। नेपाली जनताको औसत आयु बढेर ५४ बर्षबाट अहिले ७१ बर्ष नाघेको छ।

यसरी लामो हिंसात्मक द्वन्द्व र त्यसपछि पनि निरन्तर राजनीतिक अस्थिरताका कारणले उर्वर युवाशक्ति ठूलो संख्यामा विदेशिन वाध्य हुँदा समेत नेपालले संयुक्त राष्ट्र संघले निर्धारण गरेका अधिकांश सहस्राब्दी विकास लक्ष्यहरू हासिल गर्न सफल भयो। मुलुकको आर्थिक स्थायित्व कायम रहनसक्नुमा २०४८ पछि नेपाली कांग्रेसको सरकारले बसालेको दरिलो अर्थतन्त्रको जग नै हो।

## २.३ सामाजिक रूपान्तरणको उत्प्रेरक

नेपाली कांग्रेस स्थापनाकालदेखि राजनीतिक र आर्थिक परिवर्तन मात्र नभएर सामाजिक तथा साँस्कृतिक रूपान्तरणको पनि प्रमुख संवाहक शक्ति हो । अन्धविश्वास, रूढीवादिता, छुवाछुत र भेदभावरहित समतामूलक समाज निर्माण गर्न राष्ट्रिय अभियानको नेतृत्वदायी भूमिका निर्वाह गर्दैआएको पार्टी हो । दलितहरूप्रति हुने अमानवीय विभेद र छुवाछुतको अन्त्य, महिला विरूद्ध हुने हिंसा र विभेदका व्यवहार, गरिब र असहायप्रतिको अपहेलना, जात-जाति र सम्पत्तिका आधारमा सृजित सामाजिक असमानताहरूको अन्त्यका लागि नेपाली कांग्रेसको नेतृत्वमा २००७ साल देखि नै हुँदैआएका आन्दोलनहरू ऐतिहासिक प्रमाणका रूपमा रहेका छन् । तर राजनीतिक, संवैधानिक तथा कानूनी दृष्टिकोणले जतिसुकै सुधार गरे पनि व्यवहारमा सामाजिक विभेद तथा विकृति-विसंगति आज पनि जटिल रहेको देखिन्छ । त्यसैले विद्यमान सबै प्रकृतिका विभेदको समूल अन्त्य गर्न नेपाली कांग्रेस कृतसङ्कल्पित छ ।

- समावेशीकरणको मुद्दालाई सम्बोधन गर्न नेपाली कांग्रेसकै नेतृत्वमा पहिलो पटक राष्ट्रिय महिला आयोग, दलित आयोग तथा आदिवासी-जनजाति प्रतिष्ठान जस्ता संस्थागत संरचनाको स्थापना भएको हो । नेपाली कांग्रेसकै नेतृत्वमा राष्ट्रिय प्रसारण माध्यमबाट नेपाली बाहेक अन्य स्थानीय भाषामा समाचार र अन्य सूचनामूलक सामग्रीको प्रसारण प्रारम्भ भएको थियो ।
- माध्यमिक शिक्षा निःशुल्क गराउने कार्यक्रम, मधेशी, दलित, मुस्लिम, चेपाङ, हलिया, कमैया, कमलरीलाई निःशुल्क प्राविधिक शिक्षाको व्यवस्थाका साथै छात्रालाई विद्यालय पठाउने प्रोत्साहनका कार्यक्रम लगायतले १५ देखि २४ उमेर समूहमा साक्षरता ९२ प्रतिशत पुगेको छ । शिक्षाका हरेक तहमा छात्र-छात्राको भर्ना अनुपात समान भएको छ ।
- सामाजिक-साँस्कृतिक रूपान्तरणका आफ्ना यी अग्रसरतालाई स्मरण गर्दै यसलाई थप बल पुर्‍याउन र महिला, दलित, आदिवासी-जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक समुदाय र दुर्गम क्षेत्रका जनताको प्रतिनिधित्व र पहुँचको नयाँ संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न नेपाली कांग्रेस प्रतिबद्ध छ ।

### समावेशी लोकतन्त्रका पाँच आधार

संविधानवादको जगमा लोकतन्त्रलाई समावेशी बनाउँदै शासनमा सबैको साझेदारी, स्वामित्व र अपनत्व स्थापित गर्ने तथा समाजमा सहअस्तित्वको भावलाई बलियो बनाउदै समुन्नतिको मार्ग नै नेपाली कांग्रेसको अबको राजनीतिक कार्यदिशा हुने छ । नेपाली कांग्रेस संविधानमा लिपिबद्ध अधिकारको रक्षा गर्दै सबै नेपालीको पहिचान, पहुँच र प्रतिनिधित्वको सुनिश्चितता गर्दै सबैको प्रगति र प्रतिष्ठा सहितको जीवनयापन गर्न पाउने वातावरण निर्माणका लागि समावेशी लोकतन्त्रका निम्न पाँच 'प' मा आधारित मान्यता अंगीकार गर्दछ ।

१. पहिचान

बहुजातीय, बहुधार्मिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशिष्ट अवस्था नेपालको मौलिक पहिचान हो । पहिचानलाई निषेध गरेर होइन, सहअस्तित्व र सबैको सम्मानबाट नै साझा नेपाली पहिचान स्थापित र विकसित हुनसक्छ । नेपाली कांग्रेसले विविधताभित्रको एकता आम नेपालीको सच्चा राष्ट्रियता भन्ने मान्यताका साथ सबैको पहिचानको सम्बोधन, संरक्षण र सम्मान गर्ने छ ।

२. प्रतिनिधित्व

नेपाली कांग्रेसले नेपालभित्र रहेका सवै तहमा समानुपातिक र समावेशी प्रतिनिधित्वको सुनिश्चित गर्ने उद्देश्यले संविधान, कानून र राज्य संरचना त्यसै अनुरूप विकास गर्दै जाने छ ।

३. पहुँच

नेपाली कांग्रेस राज्यका सबै तह, निकाय र क्षेत्रमा जाति, भाषा, लिङ्ग, वर्ग, क्षेत्र, समुदाय र समूहको समान ढङ्गले पहुँच सुनिश्चित गर्न प्रतिबद्ध छ । कानूनको समान संरक्षण, व्यक्तिको स्वतन्त्रताको समान उपयोगसँगै बञ्चितिकरणमा परेका समुदायहरूलाई सामाजिक न्यायको सुनिश्चितताका लागि राज्यद्वारा विशेष व्यवस्था गर्ने छ ।

४. प्रतिष्ठा

प्रत्येक व्यक्ति आफ्नो भाषाको प्रयोग गर्न, आफ्नो समुदायको साँस्कृतिक जीवनमा सहभागी हुन, आफ्नो संस्कृति र साँस्कृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन गर्न, आफ्नो धार्मिक परम्परा अनुसार आस्था प्रकट गर्न तथा आफ्नो रोजाई अनुसारको पेशा व्यवसाय गर्न स्वतन्त्र रहेको अवस्थामा नै हरेक व्यक्तिको प्रतिष्ठाको सम्मान गर्न कटिवद्ध छ ।

५. प्रगति

व्यक्तिको कुनै पनि अवस्थामा स्वतन्त्रता कुण्ठित नहुने, आफुले चाहेको पेशा-व्यवसाय निर्वाधरूपमा गर्न पाउने तथा मर्यादित जीवनका लागि आर्थिक समृद्धिका न्यूनतम आधारहरूको सुनिश्चितता भएको अवस्थामा मात्रै व्यक्तिको प्रगति सम्भव हुने भएकाले नेपाली कांग्रेस व्यक्तिमा अन्तर्निहित क्षमतालाई पहिचान गरी राज्यले प्रवर्द्धन, विकास र उपयोग गर्ने वातावरण सृजना गर्न प्रतिबद्ध छ ।

## खण्ड ३

# समुन्नत नेपालको मार्गचित्र

झन्डै ७५ वर्षअघि नेपाली कांग्रेसको प्रारम्भिक लक्ष्य तय गर्दै जननायक बी.पी. कोइरालाले लेख्नुभएको थियो: "हामी जनता जनार्दनको बलमा नेपालमा कोही पनि भोका, नाङ्गा वा अशिक्षित नरहून; देशमा सडक, बाटोघाटो, अस्पताल लगायत जीवनलाई सुन्दर र सुखी बनाउने अरू कुनै कुराहरूको अभाव नरहोस्; त्यस्तो (उत्तरदायी शासन) व्यवस्था ल्याउने प्रयत्नमा छौं ।" समुन्नत नेपालको यही कालजयी कल्पनाको उन्नत स्परूप नै नेपाली कांग्रेसको अद्यावधिक विकास सोच हो । पुँजी संग्रह र आर्थिक वृद्धि महत्वपूर्ण साधन हुन् तर विकासको साध्य भनेको नागरिकको स्वतन्त्रता, सक्षमता र सवलीकरण नै हो । समुन्नत नेपाल बी.पी. कोइरालाकै समतामूलक समाजको परिकल्पनाको विस्तारित व्याख्या हो ।

लोकतान्त्रिक तथा संवैधानिक प्रक्रियाबाट जनताको भावना अनुसार अग्रगामी आर्थिक-सामाजिक रूपान्तरण गर्न कै लागि नेपाली कांग्रेसको स्थापना भएको हो । समुन्नत नेपाल कुनै एक व्यक्तिको चमत्कारले होइन, सबै नागरिकको सामूहिक प्रयत्न र सहभागितामा तय गरिने राष्ट्र निर्माणको गतिशील यात्रा हो । यसमा नेपाली जनताको समग्र मानव विकास र समाजको सर्वाङ्गीण रूपान्तरणको पृष्ठभूमिमा विस्तारित स्वतन्त्रताको अवधारणा अन्तर्निहित छ ।

राज्यले सबै नेपाली नागरिकको सवलता, सक्षमता र स्वतन्त्रताको विस्तारका लागि गुणस्तरीय शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको प्रत्याभूति गर्दै जाने छ । हाम्रो बुझाइमा अग्ला भवन, भीमकाय भ्यूटावर र हिमालमा रेल कुदाउने लगायतका सपनाको व्यापार धान्नै नसकिने बोझिलो मोडेलको विकास हो । ऋणको भारी बोकाउने, प्राकृतिक स्रोतहरूको अवैज्ञानिक दोहन गर्ने तथा जनसंख्याको केन्द्रीकरण गर्दै असमानता चर्काएर द्वन्द्वको बिउ रोप्ने विकासको भाष्यप्रति हाम्रो फरक दृष्टिकोण छ ।

हामी अहिले विभिन्न प्रकृतिका संक्रमणहरूको डिलमा छौं । हाम्रो एक्लो पृथ्वी एउटा अभिनव युगबाट अर्को भौगर्भिक युग ('एन्थ्रोपोसिन') मा प्रवेश गर्दैछ । यस शताब्दीको प्रधान साझा मुद्दा जलवायु परिवर्तन हुने छ र जसको असर हिन्दुकुश-हिमालय क्षेत्रमा पर्न थालिसकेको छ ।

हाम्रा छिमेकी चीन र भारतको आर्थिक पुनरूदयसँगै पश्चिमा राष्ट्रहरूको परम्परागत चासोका कारण आगामी दिनमा अन्तर्राष्ट्रिय भूराजनीतिक दबाव र प्रतिस्पर्धाको मञ्च एसिया-प्रशान्त क्षेत्र हुँदै जाने छ । दक्षिण एसियाको शिरमा रहेको नेपालले भूराजनीतिक द्वन्द्वमा नफसी पारस्परिक लाभको कूटनीति गर्नु पर्ने छ ।

तीब्र बसाइसराइँ, पहाडी जिल्लाहरूमा निर्जनीकरण, दशौ लाख नागरिकको विदेश पलायनबाट सृजित 'रेमिटेन्स अर्थतन्त्र' र त्यसको अनियमित संरचनात्मक रूपान्तरणका पछाडि नेपालको अद्वितीय जनसांख्यिक बनोट रहेको छ । हाम्रो आधा जनसंख्या २५ वर्ष भन्दा मुनि छ । अर्को ६ वर्षमै हामी 'बुढ्यौलो समाज' बन्ने छौं

भने ३० वर्ष जतिमा 'बूढो' समाज बन्ने छौं । सन् २०१५ मा ११ जना काम गर्ने उमेरका नेपाली मध्ये एकजना वृद्ध आश्रित छन् भने सन् २०६० सम्ममा यो अनुपात ४ जना बराबर एक वृद्ध हुने छ । यसको अर्थ हो, द्रुत विकासका सम्भावनाहरू साँघुरिदै जाने जोखिम छ ।

माथि उल्लिखित संक्रमणात्मक प्रवृत्तिहरूका माझ हामीले विकास यात्रा तय गर्नका लागि चाहिने केही प्रमुख स्रोतहरूको जोहो र जगेर्ना गर्नु पर्ने छ । नेपालको सबभन्दा ठूलो पुँजी जनता नै हुन् । हाम्रो भूबनोटले ऊर्जा, कृषि, पर्यटन र सूचना प्रविधि जस्ता क्षेत्रमा व्यापक आर्थिक सम्भावना बोकेको छ । विश्वकै आर्थिक गुरूत्वाकर्षण एसियातिर सर्नु भनेको निर्यात, प्रत्यक्ष विदेशी लगानी, मध्यमवर्गीय पर्यटक र सहुलियतपूर्ण पुँजीको उपलब्धता विकास प्रयत्नका लागि अनुकूल छन् । यसरी विकासको नतिजा उत्पादकत्वको वृद्धि, औपचारिक क्षेत्रको विस्तार, सामाजिक गतिशीलता र सुशासनका सूचकहरूमा मात्र होइन, आम जीवनस्तरमै झल्किनु पर्दछ भन्ने हाम्रो मान्यता हो ।

## ३.१. समुन्नतिका सैद्धान्तिक आधार

निरपेक्ष रूपमा तुलना गर्दा गत ३० वर्षमा हामीले धेरै क्षेत्रमा उन्नति गरेपनि अन्य छिमेकी राष्ट्रसँगको सापेक्षिक तुलनामा पछि परिसकेका छौं । जलवायु परिवर्तन लगायत अन्य विपद्हरूसँग जुध्ने पूर्वतयारी, मानव संशाधनको क्षयीकरण र पलायन, दुई ठूला राष्ट्रले घेरिंदाको 'छिमेक असर' का आर्थिक-सामाजिक, राजनीतिक र पर्यावरणीय आयामबाट सृजित हुने बहुरूपी जोखिमको न्यूनीकरण गर्न पनि नेपाली कांग्रेस जस्तो परिपक्व पार्टी आवश्यक छ । यसरी हाम्रो गन्तव्य, उत्प्रेरक र जोखिमलाई मनन गर्दै नेपाली कांग्रेसले समुन्नतिको सैद्धान्तिक आधार निम्न लक्ष्यहरूमा केन्द्रित गरेको छ ।

### ३.१.१ लोकतन्त्रको शुद्धीकरण र सुशासन

सुशासनको शर्त उदार लोकतन्त्रसँग जोडिन्छ । आवधिक निर्वाचन मात्र होइन, आधारभूत स्वतन्त्रता, विधिको शासन र शक्ति पृथकीकरण सहितको संवैधानिक उदारवादमा सक्षम र जवाफदेही शासन संयन्त्र र सदाचारी एवं सुयोग्य राजनीतिक तथा प्रशासनिक नेतृत्व आवश्यक पर्ने हाम्रो अनुभवजन्य निष्कर्ष छ । सुशासनबारे आम नेपाली जनताको अपेक्षा र आलोचनात्मक चेतको उच्च सम्मान गर्न विगतका कमी-कमजोरी सच्याउँदै संवैधानिक उदारवादको अभ्यासमा विश्वसनीय सुधार गर्ने सङ्कल्प गर्छौं । नयाँ व्यवस्था स्थापना भएपछि स्वचालित किसिमले विकास भइहाल्छ भन्ने भ्रमबाट हामी मुक्त छौं । त्यसैले समुन्नत नेपाल एउटा निश्चित गन्तव्य नभएर राष्ट्र निर्माणको निरन्तर प्रयत्न हो ।

नेपालको भ्रष्टाचार नियन्त्रण सम्बन्धी प्रचलित कानूनहरू २० वर्ष वा सोभन्दा पहिले बनेका हुन् । अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई साधन, स्रोत र प्रविधिले सुसज्जित बनाई छरिएर रहेका ऐनहरूलाई समेत समाविष्ट गरी एकीकृत कानून निर्माण गरिने छ । सवैधानिक आयोगका आयुक्त र कर्मचारीहरूको नियुक्ति प्रक्रियालाई पूर्ण रूपमा दलीयकरणबाट मुक्त गर्दै संविधानको मर्म र भावना अनुरूप बनाउन संस्थागत पुनःसंरचना गरिने छ ।

नीतिगत भ्रष्टाचारलाई पूर्णतया निरूत्साहित गर्ने छौं । सम्पत्ति शुद्धीकरण एवं राजस्व अनुसन्धान जस्ता विभागहरूलाई थप प्रभावकारी बनाइने छ । प्रधानमन्त्रीको प्रत्यक्ष मातहतमा एक अधिकारसम्पन्न संयन्त्रले सदाचार पद्धतिको विकास, भ्रष्टाचारको जोखिम बढी भएका क्षेत्र र पदाधिकारी उपर निगरानी र संवैधानिक

आयोगहरूमा सिफारिस गर्न सक्ने व्यवस्था गर्ने छ । न्यायालय लोकतान्त्रिक सुशासनको मुटु भएकोले त्यहाँका समस्याहरूको दीर्घकालीन हल खोज्दै संवैधानिक सर्वोच्चता र विधिको शासनको रक्षक स्वतन्त्र न्यायपालिका नै हुने प्रत्याभूति गर्न नेपाली कांग्रेस कटिबद्ध छ । सार्वजनिक संस्थाहरूलाई दलीय हस्तक्षेपबाट मुक्त गर्दै सार्वजनिक सेवाका पदहरूमा नियुक्ति गर्दा विषयगत योग्यता, व्यक्तिको ट्र्याक-रेकर्ड र निश्चित मापदण्डलाई आधार बनाउने छौं ।

राजनीतिक परिवर्तन र आर्थिक-सामाजिक रूपान्तरण निरन्तर चलिरहने प्रक्रिया हो । हिजो हाम्रो नेतृत्वमा युगान्तकारी राजनीतिक परिवर्तनहरू भए, अब हाम्रै नेतृत्वमा समुन्नतिको अभियानलाई गति दिन राजनीतिमा रूपान्तरण हुनुपर्छ भन्ने आम अपेक्षालाई हामी पूर्णरूपमा आत्मसात गर्दछौं । सरकारको कार्य सम्पादन तथा कार्यशैलीमा रूपान्तरणदेखि राजनीतिक दलमा रूपान्तरण र परिमार्जनसम्मको बिषय अघि बढाएर यसलाई सम्बोधन र नेतृत्व हामी नै गर्ने छौं । राष्ट्र निर्माणको अभियानमा स्वदेश वा विदेशमा रहेका विशेषज्ञ, विज्ञ र योग्य युवाहरूलाई राजनीति र राज्यको जिम्मेवारीमा सहज प्रवेशको कानूनी र व्यवहारिक पहल गर्ने छौं ।

### ३.१.२ समावेशी आर्थिक सामर्थ्य

आगामी दशकमा नेपाल एउटा उद्यम-अनुकूल, मध्यमआय भएको समन्यायिक मुलुक हुने छ, जहाँ चरम गरिबी एक अङ्कमा सीमित गरिने छ । कृषि क्षेत्रबाट धेरै जनता बाहिर आएका छन् । तर औद्योगिकरण नहुर्कदै एवं अर्थतन्त्र परिपक्व नहुँदै कम उत्पादकत्व भएका सेवा क्षेत्र फैलिएको छ । वैदेशिक रोजगार बाध्यता बन्दा अर्थतन्त्रको तुलनामा विप्रेषणको आकार लगभग २३ प्रतिशत हुनु उल्लेख्य छ । अर्को दश वर्षमा यसलाई १०-१२ प्रतिशत विन्दुले घटाउन स्वदेशमै सम्मानजनक रोजगारीको अवसर सृजना गर्ने उद्यममैत्री वातावरण बनाउने हाम्रो उद्देश्य छ ।

हाम्रो उत्पादन र वितरण नीतिले समावेशी आर्थिक वृद्धि, बलियो आन्तरिक राजस्वको आधार निर्माण, वैदेशिक सहयोग र लगानीमा अभिवृद्धि गर्ने वातावरण बनाउने छ । विपन्न, किसान, मजदुर, समाजमा पिछडिएका तथा वञ्चितीकरणमा परेका सीमान्तीकृत समुदायको उत्थानका लागि राज्यका स्रोत तथा सेवाहरूमा सबै नागरिकको समान पहुँच र अधिकारको सुनिश्चतता गर्ने नीतिगत व्यवस्था नै समुन्नत नेपालको अर्थ-राजनीतिक आधार हुने छ ।

नेपाली कांग्रेसले आधारभूत तहदेखि नै ज्ञानमा आधारित अर्थ व्यवस्थाको निर्माणमा विशेष जोड दिने छ । स्कुल-कलेज तहदेखि नै सूचना-प्रविधि सम्बन्धी शिक्षा र तालिम, सूचनाको निःशुल्क र उपयोगी प्रवाहका लागि संचार पूर्वाधार निर्माण र त्यसमा सर्वसाधारणको सहज पहुँचलाई नीतिगत प्रोत्साहन दिने छौं ।

सन्निकटता (कनेक्टिभिटी) सँग सम्बन्धित पूर्वाधारहरू (सडक, हवाई, रेल, जल, ऊर्जा र डिजिटल संजाल) मा बहुपक्षीय लगानी जुटाई झन्झटिला ऐन, नियम, प्रक्रियाहरूमा समय तोकेरै शृंखलावद्ध सुधार गरेर समग्र उत्पादनको लागत घटाउने, तुलनात्मक लाभका क्षेत्रहरूलाई प्रतिस्पर्धी बनाउँदै बर्षेनी लाखौंको संख्यामा सम्मानजनक रोजगारी सृजना गर्ने हाम्रो प्राथमिकता रहने छ । राष्ट्रिय प्राथमिकतामा नपर्ने पूर्वाधार निर्माणमा राज्यको धन तथा वैदेशिक ऋण खर्च गर्नाले अर्थतन्त्र धराशायी भएको केही छिमेकी देशको अनुभवबाट शिक्षा लिँदै यस्तो जोखिमबाट हामी नेपाललाई जोगाउने छौं ।

### ३.१.३ समन्यायिक समाज र साँस्कृतिक सहअस्तित्व

'कोखदेखि शोकसम्म' नेपाली कांग्रेसको एकीकृत सामाजिक सुरक्षाको अवधारणा हो, जसले सबै नागरिकलाई जीवनचक्रको एक वा बढी चरणमा समेट्ने छ । सबल स्वास्थ्य, पोषण, शिक्षा र सामाजिक सुरक्षामा राज्यको प्रभावकारी भूमिका, दक्ष जनशक्ति, दिगो वित्तीय सुनिश्चितता र सामुदायिक अपनत्व हामीले अवलम्बन गर्ने पद्धतिका अंश हुने छन् । परिवर्तनशील आर्थिक संरचनाहरूमा रोजगारीको प्रकृति, श्रम र पुँजीको प्रतिफल र स्वामित्वको हिस्सा, बिहेवारी एवं सन्तानमा गरिने फरक लगानीका कारण पनि असमानता बढ्दै गएकोले तिनको न्यूनीकरण गर्ने प्रयत्न गरिने छ ।

नतिजाको असमानता भन्दा पनि अवसरको असमानता घटाउने लक्ष्य अनुसार नेपाली कांग्रेस सबै नागरिकलाई कुनै न कुनै उद्यममा जोड्न चाहन्छ । नेपाली समाजलाई समन्यायिक बनाउन बालशिक्षा, स्वास्थ्य र पोषणको गुणस्तरमा विस्तार गरी आरक्षणको अभ्यासमा जाँदै अन्ततः उत्पादकत्वको वृद्धिमै बल गरिनु पर्दछ । तरूण तथा युवाहरूको ऊर्जाको बलमा आशावादी, सकारात्मक र जीवन्त नेपाली समाजको कल्पना हामीले गरेका छौं । क्षमता अभिवृद्धिका लागि आधुनिक सीप र प्रविधिमा आधारित व्यावसायिक पाठ्यक्रम, प्रशिक्षित शिक्षक र चुस्त विद्यालय व्यवस्थापनमा नयाँ चरणबाट नै काम गरिने छ । यसर्थ सामाजिक पूर्वाधारको ध्येय समन्यायलाई अंगीकार गर्दै जनताका समग्र सम्भावनाहरूलाई सृजनशील रूपमा उत्प्रेरित गर्ने लक्ष्य नेपाली कांग्रेसको हो ।

कोभिड-१९ महामारीताका औपचारिक र अनौपचारिक रोजगारी, सामाजिक सुरक्षामा आबद्ध र असुरक्षित व्यक्तिहरू बीचको विभेद उजागर हुँदा यस्तो सर्वव्यापी सुरक्षाको खाका कम आय भएका मुलुकमा पनि संभव छ भन्ने मान्यता स्थापित भएको छ ।

अर्को आठ वर्षमा नेपाली जनताको औसत आयु ७५ वर्षको हाराहारीमा पुऱ्याउन मातृ मृत्यु र शिशु मृत्यु दरलाई मध्यम-आय भएका मुलुकहरूको दाँजोमा झार्दै स्वास्थ्य क्षेत्रमा राज्य प्रत्यक्ष सेवा प्रदायकको भूमिकासँगै बलियो नियमन र सर्वसुलभ बिमा मार्फत् स्वास्थ्य सेवाको क्रेताको रूपमा पनि उपस्थित हुने छ । 'डिजिटलाइजेसन' मार्फत् नेपालका सबै नागरिकको कोखदेखि शोकसम्मका अभिलेखका आधारमा जहाँ पनि जुनसुकै सेवा प्रदायकबाट स्वास्थ्य परामर्श लिन सकिने प्रणालीको विकास गरिने छ ।

हरेक धर्मावलम्बीहरूको धार्मिक स्वतन्त्रता सुनिश्चित गर्दै सामाजिक-साँस्कृतिक तथा भाषिक सहअस्तित्व प्रवर्द्धन नेपाली कांग्रेसको मूलमन्त्र हुने छ । सनातनदेखि चलिआएको धर्म-संस्कृतिको संरक्षण तथा सम्वर्द्धन गर्न नेपाली कांग्रेस पूर्णरूपमा प्रतिबद्ध छ । हिन्दु, बौद्ध, किरात लगायत सनातन धर्म-संस्कृति र सभ्यताको उद्‌गमस्थल नेपाल धार्मिक सहिष्णुताको अनुपम उदाहरण हो । यसैगरी सबै धार्मिक समुदायका आस्थाहरू बीच पारस्परिक सहिष्णुता, समभाव, सहअस्तित्व, एकता र प्रेरणा नेपालमा जस्तो अन्यत्र नहोला । हाम्रा यिनै आध्यात्मिक-साँस्कृतिक वैभवप्रतिको वढ्दो विश्व आकर्षणलाई नेपाली कांग्रेसले राष्ट्रिय पुँजीका रूपमा विकास गर्ने छ ।

### ३.१.४ जलवायु परिवर्तन, वातावरण र विपद् व्यवस्थापन

नेपाललाई सन् २०४५ मा शून्य कार्वन उत्सर्जन राष्ट्र बनाउने प्रतिबद्धता अनुसार हरित तथा उत्पादनशील प्रकृतिको आर्थिक विकास, वन क्षेत्रको संरक्षण, कार्बन क्रेडिटबाट आर्थिक उपार्जन, पर्यापर्यटन, अर्गानिक कृषि प्रणाली र खाद्य सुरक्षा, वनमा आधारित उद्योग व्यवसाय, जैविक विविधताको संरक्षण, स्वच्छ ऊर्जा प्रवर्द्धन, वातावरणीय

सुरक्षा उपार्जनको अवलम्बन र प्रत्याभूतिमा आधारित प्रभाव अध्ययन गरेर मात्र भौतिक पूर्वाधार विकास तथा जलवायुजन्य जोखिमबाट भएको हानी नोक्सानीको आकलन गर्ने क्षमताको विकास गर्ने छ ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावारणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरे पनि जलवायु परिवर्तनले नयाँ जोखिम सृजना गरेको छ । जलवायु अनुकूलन र कार्बन सूचीकरणका नीति र कार्यक्रमलाई अब सबै तह र सरोकारवालाबीच समन्वय गर्दै मूल प्रवाहीकरण गर्नु पर्ने छ । जलवायु परिवर्तनका जोखिमबाट जीवन सुरक्षाको लागि पूर्वसूचना प्रणाली, भूगोल अनुसार जलवायु अनुसन्धान केन्द्रको स्थापना, ग्रामीण क्षेत्रमा स्थानीय समुदायको इकोसिस्टममा आधारित अनुकूलन क्षमताको विकास तथा वातावरणीय सेवाको भुक्तानी गर्ने संयन्त्र जस्ता विषयमा थप पहल लिइने छ ।

हरित अर्थतन्त्रको सिद्धान्त अनुसार कृषि र वन पैदावारमा आधारित उद्योग व्यवसाय सञ्चालन गर्न चाहने निजी क्षेत्रलाई नीतिगत प्रश्रय दिने गरी कार्यक्रम सञ्चालन गरिने छ । जलवायु अनुकूल उत्पादनको स्रोत तथा गन्तव्यका रूपमा परिचित हुन ऊर्जाका सबै मागहरू जलविद्युत तथा स्वच्छ ऊर्जाका अन्य स्रोतको परिचालनबाट पूर्ति गर्ने छौं । हाम्रा पवित्र नदीहरू ऊर्जाका स्रोत मात्र होइनन्, साँस्कृतिक सभ्यताका मुहान पनि भएकाले तिनको उपयोग र संरक्षण, ताल-तलैयाको संरक्षण, वन सम्पदा लगायत जैविक विविधताको विवेकपूर्ण उपयोग गर्ने योजना हाम्रो छ । जडीबुटीको राष्ट्रिय सम्पदा औषधी विज्ञान, आयुर्वेद र प्राकृतिक चिकित्सा पद्धतिको अध्ययन, अनुसन्धान र प्रयोगलाई राष्ट्रिय पहिचानको माध्यम बनाउने सङ्कल्प नेपाली कांग्रेस गर्दछ ।

नेपालको आर्थिक-सामाजिक उन्नतिलाई चिरस्थायी बनाउन विपद् व्यवस्थापनको अहं भूमिका छ । पूर्वसूचना प्रणाली र रियल-टाइम बाढी अनुगमनदेखि ड्रोन प्रविधि मार्फत् विपद् व्यवस्थापनलाई विकासको मूलधारमा ल्याउन पर्नेछ । विपद् पश्चात्को पुनर्निर्माणबारेका नयाँ नीति र सिद्धान्त, आपतकालीन सूचना पद्धतिहरू र विकास साझेदारहरू तथा छिमेकी राष्ट्रका सम्बन्धित निकायहरूसँगको समन्वय आदिबारे नेपाली कांग्रेसले विस्तृत कार्ययोजना बनाइने छ ।

### ३.१.५ सार्वभौमिक समानता र अन्तर्राष्ट्रिय भूमिका

एक्काइसौं शताब्दीमा नजिकका ठूला अर्थतन्त्र (भारत, चीन, मध्यपूर्व र दक्षिणपूर्व एसिया) सँगको सामीप्यलाई आधार मान्दा नेपाललाई अब बीसौं शताब्दीको भूपरिवेष्ठित तथा विश्व बजारबाट अलग्गिएको अर्थतन्त्रका रूपमा लिन मिल्दैन । उच्च मूल्यको पर्यटन उद्योग र सेवाप्रदायक व्यवसायीहरूको आकर्षक गन्तव्यको रूपमा नेपाललाई स्थापित गराउनु छ । दुई छिमेकी राष्ट्रका आकार र बढ्दो महत्वको सापेक्षिकतामा हामी सानो देखिए पनि सार्वभौमिक 'रेसिप्रोसिटी' को कसीमा परिपक्व तवरले नेपाललाई अघि बढाउने छौं ।

अन्तर्राष्ट्रिय सीमा बन्धनको सम्मान गर्दै व्यापार र पर्यटनको सहजीकरण, बाह्य लगानी र उत्पादन संजालहरूमा जोडिने पहल एवं जलवायु, महामारी, आप्रवास, यातायात र ऊर्जा पूर्वाधार, आर्थिक नीतिगत समन्वयजस्ता विषयमा क्षेत्रीय सहकार्य मात्र होइन, नेतृत्वदायी भूमिका नै लिने हाम्रो आत्मविश्वास छ ।

अन्तर्राष्ट्रिय 'बेन्चमार्क' को सन्दर्भमा नेपाल सन् २०२६ मै 'अतिकम-विकसित' राष्ट्रबाट स्तरोन्नति भएको हुने छ । त्यसैले यो विकास मार्गले कोल्टे फेर्ने अवसर हो । अर्को ४ देखि ८ वर्षमा मुख्यतः विकास अनुदान

र सहुलियतपूर्ण अन्तर्राष्ट्रिय बजार पहुँचको संक्रमणकालीन व्यवस्था मिलाउन नेपाली कांग्रेसले ठोस योजना अनुसरण गर्ने छ ।

राष्ट्र संघमा जनाएको प्रतिबद्धता अनुरूप सन् २०३० सम्म दिगो विकासका १ सय ६९ वटा परिमाणात्मक लक्ष्यहरू हामीले लिएका छौं । यो सरकारको मात्र जिम्मेवारी होइन, बृहत् राष्ट्रिय दायित्व नै हो । त्यसैले सरकारले न्युनतम ५५ प्रतिशत र निजी क्षेत्र लगायतका गैरसरकारी संस्थाले बाँकी रकमको व्यवस्थापन गर्नु पर्ने छ । नपुग विदेशी अनुदान, सहुलियतपूर्ण ऋण र लगानीबाट पूरा गर्नु पर्ने छ । वैदेशिक लगानीका अवरोधहरूलाई हटाई तथा तिनलाई सुरक्षा र संरक्षणको प्रत्याभूति गर्दै आकर्षित गरिने छ । हरेक विदेशी स्रोत, सम्पर्क र सम्बन्धलाई शंका र द्वेषका दृष्टिले हेर्ने (जेनोफोबिया) नक्कली राष्ट्रवादीहरूको तुलनामा हामी जनताको जीवनस्तर उकास्न हरदम प्रयत्नशील रहने देशभक्तिपूर्ण राजनीतिमा विश्वास गर्दछौं ।

गुणात्मक वृद्धि भइरहेको गैरआवासीय नेपाली समुदायको पुँजी, ज्ञान र सीपलाई नेपालको विकासको मूलधारमै समाहित गर्न चाहन्छौँ । गहिरो भावनात्मक सम्बन्धले गाँसिएका अधिकांश पहिलो पुस्ताका गैरआवासीय नेपाली आमा-बुवा, दिदी-भाइ तथा दाजु-बहिनीहरू नेपालको समुन्नतिमा आ-आफ्नो सामर्थ्य अनुरूप योगदान गर्न प्रतिबद्ध र उत्साहित रहेको यथार्थसँग नेपाली कांग्रेस अनभिज्ञ छैन ।

संविधानमा गैरआवासीय नेपाली नागरिकताको व्यवस्था गर्न नेपाली कांग्रेसको विशिष्ट भूमिका छ । नेपालको संविधानको प्रावधान अनुसार गैरआवासीय नेपालीलाई आर्थिक-सामाजिक तथा साँस्कृतिक अधिकार प्रत्याभूति गर्दै गैरआवासीय नेपाली नागरिकता प्रदान गर्न नयाँ संसद् मार्फत् ऐन जारी गरी कार्यान्वन गर्न नेतृत्वदायी भूमिका खेल्ने छ । यसरी गैरआवासीय नेपालीहरूलाई आफू जन्मिएको, हुर्किएको गाउँ तथा नगरले लिएका आर्थिक-सामाजिक पहलमा सहकार्य गर्न उत्प्रेरित गर्ने नीति र संयन्त्रको व्यवस्था गरिने छ ।

## ३.२ तात्कालिक आर्थिक एजेण्डा

अहिलेको असहज आर्थिक परिस्थितिको प्रमुख कारण आवरणमा कोभिड-१९ महामारी तथा रसिया-युक्रेन युद्ध देखिए पनि मूलतः नेपालको वर्तमान आर्थिक संरचना नै हो । पञ्चायतको अन्त्य भई वहुदलीय लोकतन्त्र स्थापना भएपछि २०४८ मा नेपाली कांग्रेसको नेतृत्वमा बनेको सरकारले जसरी मुलुकलाई आर्थिक प्रगतिको नयाँ चरणमा उकास्यो । यसैगरी मध्यमकालीन संरचनात्मक सुधारको नेतृत्व अब पुनः नेपाली कांग्रेसले नै गर्ने छ । अर्थतन्त्रका चार प्रमुख क्षेत्र वास्तविक, वित्तीय, मौद्रिक र बाह्य फाँटमा देखिएका प्रतिकूलतालाई हामी आफ्नै वैचारिक धरातल, अभ्यास, जन्म, सिकाई र अनुभव तथा निजी क्षेत्र र नागरिक समाजसँगको परामर्श एवं प्राज्ञिक शोध र अन्तर्राष्ट्रिय साझेदारहरूको सल्लाहका आधारमा समाधान गर्ने छौँ ।

बाह्य क्षेत्रमा परेको चाप सहजीकरण गर्न शोधानान्तर बचत हासिल गर्नु पहिलो प्राथमिकता हो । क्षेत्रगत कर्जा विस्तार र वितरण, उच्च आयात प्रवाहको व्यवस्थापन र औपचारिक विप्रेषण वृद्धिका उपायहरू अवलम्बन गर्दै शोधानान्तर बचत हासिल गर्नु पर्ने छ । मुद्रास्फ्रीति नियन्त्रण अर्को तात्कालिक लक्ष्य हो । क्रमशः आर्थिक स्थायित्व सुनिश्चित गर्दै फराकिलो आर्थिक वृद्धि मार्फत् लाखौंको संख्यामा रोजगारी सृजना गर्न अर्थतन्त्रलाई आयातमुखीबाट उत्पादनमुखी बनाउनु पर्ने छ । सीपमूलक रोजगारीमा युवाहरूलाई अभिमुखीकरण गर्ने, विश्व

मूल्य शृंखलामा जोडिदै औद्योगिकरणको प्रवर्द्धन गर्ने, अर्थतन्त्रको औपचारिकरणलाई तीब्रता दिने, उत्पादकत्व अभिवृद्धिको लागि पूर्वाधार निर्माण गर्ने र आर्थिक सुशासन कायम गर्नु हाम्रो प्राथमिकता हुन् । तलका चुनौतीहरू समाधान गर्न नेपाली कांग्रेसको सरकारले तत्कालै ठोस पहल गर्ने छ ।

### ३.२.१ आयात, कर्जा र मुद्रास्फिृतिको चाप

आज अर्थतन्त्रको आकारको अनुपातमा बस्तु निर्यात घटेर ४ प्रतिशत र व्यापार घाटा बढेर ३६ प्रतिशत पुग्नु चिन्ताजनक छ । एकातिर आन्तरिक उत्पादन बढाएर आयात घटाउनु पर्नेछ भने अर्कोतिर निर्यातको विविधिकरण र विदेशी मुद्रा आर्जनका नयाँ स्रोतहरू पहिचान गर्नु पर्ने छ । लामो समयसम्म अवलम्बन गरिएको विस्तारवादी मौद्रिक नीतिका कारण कर्जाको ठूलो हिस्सा अनुत्पादक क्षेत्रमा प्रवाहित हुँदा रोजगारी सृजनामा प्रत्यक्ष योगदान कम छ भने आयात र जग्गाको मूल्यमा अस्वाभाविक वृद्धि भएको छ । भूमिलाई आन्तरिक उत्पादनसँग जोड्ने, कर्जा वृद्धि र आर्थिक वृद्धि बीचको तादात्म्यलाई सघन बनाउने र जग्गा कारोबारजन्य अवैध आयलाई चोख्याउने बाटो बन्द गर्ने जस्ता व्यापक मौद्रिक सुधारको अगुवाइ राष्ट्र बैंकको परामर्शमा नेपाली कांग्रेसले गर्ने छ ।

### ३.२.२ सार्वजनिक आय र खर्च

सरकारी राजस्वले चालु खर्च धान्न हम्मेहम्मे भएको अवस्थामा पुँजीगत खर्चका लागि विदेशी ऋणदातामा निर्भरता बढ्दो छ । सार्वजनिक ऋणको आकार अहिले चिन्ताजनक बिन्दुमा नपुगे पनि परनिर्भरताको यो क्रम जारी रहे केही बर्ष भित्रै सार्वभौम ऋणको व्यवस्थापन चुनौतीपूर्ण बन्ने छ । त्यसैले तत्काल मितव्ययिताको बृहत् प्याकेज लागू गर्ने प्रतिबद्धता गरेका छौं । सार्वजनिक खर्चको निर्मम समीक्षा गर्दै पछिल्ला खर्च पुनरावलोकन आयोगका सिफारिस कार्यान्वयन गर्ने छौं । उदाहरणका लागि करिब २ सय ६ वटा विकास समिति, परिषद्, आयोग र बोर्डमध्ये ८३ वटा मात्रै भए पुग्ने सुझाव छ । संघीय वित्त व्यवस्था अनुरूप विस्तृत आधार भएको, अनुमान योग्य तथा करदातामैत्री प्रणाली बनाउन राजस्व प्रशासनको पुनःसंरचना गरिने छ ।

### ३.२.३ औद्योगिक पूर्वाधार, नेपाली उत्पादन प्रवर्द्धन र डिजिटलाइजेसन

उच्च लागत भएको मुलुकले आयातित कच्चा तथा अर्ध-प्रशोधित पदार्थमा आधारित औद्योगिकरणबाट लाभ लिनसक्ने आधार न्यून छ । जमीनको मूल्य र ज्याला उच्च, कमजोर जनशक्ति, नीतिगत अनिश्चितता जस्ता विविध कारणले स्वदेशी र विदेशी लगानी निरूत्साहित छ । मुलुक भित्र पाइने कच्चा पदार्थमा आधारित औद्योगिकरण आर्थिक वृद्धिको एउटा आधार बन्न सक्छ । स्वदेशी सिमेन्ट उत्पादनको वृद्धिले इङ्गित गरेझैं पानी, वन-जंगल र खनिजका सम्भावना नयाँ चरणबाट नै खोजिने छ ।

नेपाली उत्पादन वृद्धि गर्न भौतिक पूर्वाधार विकास, नवीन प्रविधिको आन्तरिकीकरण, व्यावसायिक सहजीकरण र औद्योगिक नियमनबारे स्थायी रणनीति अवलम्बन गरिने छ । आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्न नेपाल सरकारले हालै **"नेपाली उद्योग, नेपालमै रोजगार, आफ्नो उत्पादन, आफ्नै व्यापार"** भन्ने नाराका साथ शुरू गरेको नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रमको प्रभावकारी कार्यान्वयन र विस्तार गर्ने छौं ।

नेपाली युवाहरूको असीम सम्भावना प्रस्फुटित गर्न सक्ने, मेची-महाकाली भित्र सीमित नभई विश्वको 'गिग इकानमी' सँग जोडिने र बस्तु निर्यातबाट भन्दा अधिक विदेशी मुद्रा आर्जन गर्न सकिने सफ्टवेर क्षेत्रमा टेकेर नेपालको डिजिटल रूपान्तरण गरिनु आवश्यक छ । सीमारहित नियमन खाका ल्याएर स्थानीय टेक कम्पनीहरूलाई अन्तर्राष्ट्रिय क्षेत्रमा विस्तार हुन सहजीकरण गर्दै डाटा संग्रहकेन्द्र, डिजिटल नक्सा, आर्टिफिसियल इन्टेलीजेन्स जस्ता क्षेत्रमा दूरगामी रणनीति बनाउने छौं ।

पेमेन्ट गेटवेदेखि लगानीको लाभांश लैजाने प्रक्रिया, गोपनीयताका कानूनदेखि साइबर असुरक्षासम्म, डिजिटल हस्ताक्षरदेखि डिजिटल ग्राहक पहिचानसम्मका क्षेत्रमा नेपाली कांग्रेसले युवा उद्यमीहरूको सल्लाह मै सफ्टवेर क्षेत्रलाई रूपान्तरणकारी आर्थिक वृद्धिको नवीन स्रोतका रूपमा अघि वढाउने छ । चौथो औद्योगिक क्रान्तिमा (चार आइआर) हाम्रा हजारौं युवाहरू जोडिइसकेकाले यो नयाँ रोजगारीको अवसरलाई औपचारिकता दिदै बिजनेस प्रोसेस आउटसोर्सिङ, ई-कमर्स, ई-शिक्षा तथा डिजिटल बैंकिङ जस्ता क्षेत्रमा नवीन पहल लिने छौं ।

### ३.२.४ रोजगारीका लागि सीप

श्रम बजारमा बर्षेनी जुन संख्यामा युवाहरू भित्रिन्छन्, लगभग त्यति नै संख्यामा विदेश पलायन भएको अनुमान छ । यद्यपि नेपाल भित्रै सीपमूलक क्षेत्रहरूमा श्रम आपूर्तिको चरम अभाव छ । बाह्य मान्यता हुने गरी प्राविधिक शिक्षालयहरूको स्तरोन्नति गरी विशेष गरी सबै प्रदेशमा अन्तर्राष्ट्रिय स्तरको तालिम केन्द्र सञ्चालन गर्दै युवाहरूलाई नेपालमै रोजगारी खोज्न प्रेरित गर्ने रणनीति अवलम्बन गर्ने छौं । यसैगरी नेपालको गरिबी निवारणमा विप्रेषणको उच्च भूमिकाले अति गरिब, सीमान्तीकृत वर्ग र कूल जनसंख्याको १४ प्रतिशत रहेको दलित परिवारको एक जना सदस्यलाई स्वदेशी वा वैदेशिक रोजगारीको सुनिश्चितता राज्यले गर्न सके ती समुदायका आर्थिक रूपान्तरणमा राज्यको योगदान रहने छ । स्थानीय सरकार र वित्तीय संस्था मार्फत् संघीय सरकारको संयुक्त ग्यारन्टीमा कर्जा सुविधा दिन नेपाली कांग्रेसले पहल गर्ने छ । परिवर्तित जनसांख्यिक विश्व परिस्थितिलाई अवसरको रूपमा लिदै 'केयर इकनमी' को क्षेत्रमा पनि बृहत लाभको रणनीति बनाउने छ । मध्यम तथा दीर्घ कालमा भने श्रम निर्यातबाट व्यापारिक सेवा निर्यातकको रूपमा नेपाललाई रूपान्तरण गर्ने सङ्कल्प गर्दछ ।

### ३.२.५ स्वच्छ ऊर्जाको क्षेत्रीय खपत

बिजुलीको पहुँच ९३ प्रतिशत जनतामा पुगिसकेको र बर्षा यामको बेला देशको उच्च आवश्यकता (१७५० मेगावाट) भन्दा धेरै बिजुली उत्पादन (२२०० मेगावाट) भएको अवस्थामा अर्को पाँच बर्षमा कम्तिमा ५० प्रतिशत घरपरिवारले बिजुलीबाट खाना पकाउने लक्ष्यलाई कार्यान्वयन गरिने छ । स्वदेशी उद्योगमा सुलभ खपत र बाँकी बिजुली निर्यात गरिने छ । अधिकांश घर-परिवार खाना पकाउन दाउरामा आश्रित हुँदा एकातिर प्रदुषण र कार्बन उत्सर्जन बढाएको छ भने अर्कोतिर वन-जंगल मासिएको छ । खाना पकाउने ग्याँसमा दिदै आएको सरकारी अनुदानलाई खाना पकाउन बिजुलीको प्रयोग बढाउने संरचना, प्रसारण लाइन तथा पूर्वाधार निर्माणमा पुनः विनियोजन गरिने छ । बनले ओगटेको भूभाग बढेर झन्डै ४५ प्रतिशत पुगेकोमा राज्यले कार्बन व्यापारबाट बृहत लाभ लिने रणनीति बनाउँदै सन् २०४५ सम्म खुद शून्य (नेट जेरो) कार्बन उत्सर्जन गर्ने लक्ष्य नेपाली कांग्रेसले लिएको छ ।

## ३.३ तात्कालिक भौतिक पूर्वाधार एजेन्डा

लामो दूरी र बढी तौल हाम्रा उत्पादनका अभिशाप हुन् । विश्व बजारसँगको दूरी र बनेको सडकको अवस्थाले गर्दा पनि ढुवानी महंगो छ । लागत बढ्दा प्रतिस्पर्धी क्षमतामा ह्रास आउँछ । तौल कम गर्न प्रविधि चाहिन्छ भने दूरी घटाउन भौतिक पूर्वाधार आवश्यक पर्छ । नेपाली कांग्रेसले निम्न उल्लिखित रूपान्तरणकारी आयोजनाहरूलाई पाँच वर्षमा सम्पन्न गर्ने छ ।

### ३.३.१ यातायात

पूर्व-पश्चिम लोकमार्ग र मुग्लिङदेखि पोखरासम्मको पृथ्वी लोकमार्ग चार लेनको बनाउने छौं। निजगढ-काठमाण्डौं द्रुतमार्ग सञ्चालन भई सक्ने छ। त्यस्तै हुलाकी सडक, मध्यपहाडी लोकमार्ग, मदन भण्डारी लोकमार्गलाई सम्पन्न गरिएको हुने छ भने मनाङदेखि मुस्ताङ हुँदै जुम्ला जोड्ने सडकको अधिकांश भाग सम्पन्न गर्ने छौं। उत्तर-दक्षिण मार्गहरू (मेची करिडोर, कोसी करिडोर, सगरमाथा करिडोर, तमोर करिडोर, कालीगण्डकी करिडोर, भेरी करिडोर, कर्णाली करिडोर, महाकाली करिडोर) सम्पन्न हुने छन्। बी.पी. लोकमार्ग, अत्तरियादेखि तिंकर जोड्ने, खोड्पेदेखि बझाङ जोड्ने मार्गहरू स्तरोन्नति गरिने छन्। काठमाडौंको चक्रपथ विस्तार सम्पन्न भइसक्ने छ। डुम्रे-बेशीशहर-मनाङ सडक कम्तिमा दुई लेनको बन्ने छ।

उच्च प्राथामिकताका साथ टोखा-छहरे सुरूङ्ग मार्ग पाँच वर्ष भित्र सम्पन्न हुने उद्देश्यका साथ कार्य अगाडि बढाइने छ । यसैगरी नागढुङगा-सिस्नेरी, सिद्धबाबा तथा काठमाडौं-निजगढ सडकखण्डका सुरूङ निर्माण सम्पन्न हुने छन् । दुम्किबास-बर्दघाट, माझिमटार-शक्तिखोर, खुर्कोट-चियाबारी, ब्याउलिढुङगा-इमिल्वाखोला, सुर्खेत-रानीघाट-भुरिगाउँ लगायतका सुरूङमार्गको सम्भाव्यता अध्ययन पूरा गरी निर्माण शुरू गरिने छ। त्यसै गरी त्रिभुवन विमानस्थलको स्तरोन्नति गरिने छ भने लुम्बिनी र पोखरा अन्तर्राष्ट्रिय विमानस्थललाई सफल सञ्चालनमा ल्याइने छ। रेल मार्गलाई पूर्वी तराईका भिट्टामोड-जलेश्वर-जनकपुर खण्ड, कुर्था-जनकपुर-बर्दिबास खण्ड तथा बिराटनगर खण्डमा सम्पन्न गरिने छ ।

### ३.३.२ ऊर्जा

विद्युतीय प्रसारण लाइनको निर्माणमा उल्लेख्य प्रगति गर्दै आगामी पाँच वर्ष भित्र कूल जडित क्षमता १०,००० मेगावाट पुऱ्याउने र प्रत्येक नेपालीको घरमा विजुली पुऱ्याई औसत प्रतिव्यक्ति वार्षिक विद्युत खपत १२०० किलोवाट आवर पुऱ्याउने लक्ष्य नेपाली कांग्रेसको छ। विपन्न परिवारहरूले प्रयोग गर्ने विद्युतको हकमा मासिक ५० किलोवाट आवरसम्म निशुल्क दिइने छ। परम्परागत इट्टाभट्टालाई विद्युतीय भट्टाले, ग्याँस चुलोलाई विद्युतीय चुलोले विस्थापित गर्दै लगिने छ। नयाँ पेट्रोल पम्पहरूमा विद्युतीय चार्जिङ स्टेसन राख्न अनिवार्य गरिने छ र हरेक ५० किलोमिटर सडक खण्डमा कम्तिमा एक चार्जिङ स्टेशन हुने व्यवस्था मिलाइने छ। मुलुकभरि ७६५ केभी तथा ४०० केभीका उच्च गुणस्तरका ट्रान्समिसन लाइन निर्माण गरिने छ। बूढीगण्डकी जलविद्युत आयोजना स्वदेशी लगानीमै बनाउँदै अन्य पहाडी प्रदेशमा पनि एक जलाशययुक्त आयोजना निर्माण गरिने छ। पाँच वर्षभित्र सबै महानगरहरूमा अधिकांश गाडी विद्युतीय हुने योजना ल्याइने छ।

### ३.३.३ सिँचाई

सुनकोसी-मरिन डाइभर्सन, रानी-जमरा कुलरिया, सिक्टा, भेरी-बबई तथा बबइ सिँचाई आयोजनाहरू समयमै सम्पन्न गरिने छन् । सतह सिँचाई संभव नभएका ठाउँहरूमा भूमिगत जल सिँचाईका कार्यक्रमहरू सञ्चालन गरिने छ । मधेश प्रदेशका आठै जिल्लामा पूर्ण सिँचाई सुविधा पुऱ्याइने छ । पहाडका सबै जिल्लामा सिँचाईलाई प्राथमिकता दिएर काम गरिने छ । जहाँ सिँचाई पुगेको छ, त्यहाँ कृषि ज्ञान केन्द्र लैजाने र खेतीलाई पानी सुविधाबाट अत्यधिक फाइदा हुने व्यवस्था मिलाइने छ ।

### ३.३.४ खानेपानी

हरेक नेपालीलाई स्वच्छ खानेपानीको व्यवस्था गर्न 'एक घर एक धारा' कार्यक्रम यसै दशकभित्र सम्पन्न गरिने छ । खानेपानी संस्थाहरूलाई सस्तोमा विजुली उपलब्ध गराइने छ । शहरलाई सफा बनाउन एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरू हरेक नगरपालिकाहरूमा सञ्चालन गरिने छ । फोहोर पानी प्रशोधन केन्द्रहरू हरेक प्रमुख शहरमा शुरू गरी घर, कारखाना तथा व्यवसायका फोहोर पानी विना प्रशोधन सीधै नदीहरूमा नपुग्ने व्यवस्था गरिने छ । ठूला शहरहरूमा जलाशयबाट पानी आपूर्ति गर्ने र त्यो आपूर्तिलाई नियमितरूपमा प्रयोगशालामा परीक्षण गर्ने पद्धती स्थापित गरिने छ ।

### ३.३.५ सञ्चार

इन्टरनेटको पहुँच अधिकांश विद्यालय, स्वास्थ्य चौकी र सामुदायिक भवनहरूसम्म पुऱ्याइने छ र शिक्षा तथा स्वास्थ्य सेवालाई इन्टरनेटको माध्यमबाट रूपान्तरण गरिने छ । कोहलपुर, खुमलटार तथा धरानमा डाटा केन्द्र तथा बुटवलमा इन्टरनेट एक्स्चेन्ज केन्द्र बनाइने छ । साइबर सुरक्षालाई विशेष ध्यान दिइने छ भने 'डिजिटल नेपाल' फ्रेमवर्क लागू गरिने छ । सबै सरकारी सेवाहरूलाई यथाशक्य अनलाइनमा उपलब्ध गराई जनताले लाइन लागेर सरकारी सुविधा लिनुपर्ने स्थिति अन्त गरिने छ । हुलाक सेवाको आधुनिकीकरण गर्दै सरकारी दस्तावेजहरू ओसारप्रसारमा प्रयोग गर्ने र पासपोर्ट लगायतका जनसाधारणलाई अति आवश्यक दस्तावेजलाई घरमै पुऱ्याउने काममा हुलाकलाई प्रयोग गरिने छ ।

## ३.४. वित्तीय व्यवस्थापन

सन् २०१७ मा नेपाली कांग्रेसको सरकारले विश्वव्यापी रूपमै अंगालिएका दिगो विकासका परिमाणात्मक लक्ष्यहरू सन् २०३० सम्म पूरा गर्न आवश्यक लागतको प्रारम्भिक आकलन गरेको थियो । आम नेपाली जनतालाई सुसूचित गर्ने हेतुले सो अनुमानको अद्यावधिक सारांश यहाँ प्रस्तुत गरिएको छ । सबै दिगो विकासका लक्ष्यहरू पूरा गर्न औसत वार्षिक लागत करिब रू. २० खर्ब लाग्ने अनुमान गरिएको छ । सन् २०२३ देखि २०२५ सम्म वार्षिक रू. २०.५ खर्ब र सन् २०२६ देखि २०३० सम्म रू. ३०.७ खर्ब लाग्ने छ । सबै भन्दा ठूलो खर्च यातायात, उद्योग र सूचना-संचार क्षेत्रमा हुने देखिन्छ भने त्यसपछि शिक्षा, ऊर्जा, शहरी पूर्वाधार, गरिबी निवारण र स्वास्थ्य आउँछन् । कूल खर्चको ५५ प्रतिशत सार्वजनिक स्रोतबाट र बाँकी निजी र गैरसरकारी स्रोतबाटै जोहो गरिनु पर्ने छ ।

सन् २०३० सम्ममा अर्थतन्त्रको आकारको अनुपातमा राजस्व सङ्कलन करिब २७ प्रतिशत पुग्ने र त्यसमा वार्षिक थपिने आन्तरिक एवं बाह्य ऋण (कूल गार्हस्थ उत्पादनको करिब ५ प्रतिशत) को संयुक्त कोषको दुई-तिहाई अंश दिगो विकास लक्ष्यका लागि विनियोजन गरिने प्रक्षेपण छ । निजी लगानीको स्रोतमा आन्तरिक बचत मार्फत् प्रवाहित हुने बैंक कर्जा र प्रत्यक्ष विदेशी लगानीका रूपमा भित्रिने बाह्य (बचत) लगानी नै प्रमुख हुन् । तीनै तहको सरकारका वार्षिक बजेटबाट लगभग ८० प्रतिशत चालु एवं पुँजीगत खर्च एवं बैंकका करिब ४० प्रतिशत निजी कर्जा दिगो विकासकै लागि विनियोजित हुने अनुमान छ भने समग्रमा कूल गार्हस्थ उत्पादनको औसत करिब १३ प्रतिशत अपुग हुने छ । आर्थिक वृद्धि उच्च नहुँदा आन्तरिक राजस्व र ऋणको मात्रा पनि संकुचित हुने र अपुग रकम बढ्ने निश्चित छ (हेर्नुस् तलको तालिका १) ।

यस्तो चुनौतीपूर्ण वित्तीय अवस्थाबाट मुलुकलाई पार लगाउन नेपाली कांग्रेस मात्र सक्षम छ । विश्वसनीय आर्थिक सुधारको जगमा स्वदेशी तथा विदेशी लगानीको अभूतपूर्व वातावरण सृजना गर्दै अन्तर्राष्ट्रिय रूपमा उपलब्ध सहुलियतपूर्ण वित्तको अधिकतम परिचालन गर्ने र घाटा बजेट एवं सार्वजनिक ऋणको समेत जिम्मेवार परिचालन गरेर मात्रै समुन्नतिको न्यूनतम आधार बन्न सक्ने छ ।

**तालिका १ : दिगो विकास लक्ष्यको औसत लगानी***

(एकाइः ने.रू. अर्बमा, २०१५ को स्थिर मूल्य)

| क्षेत्रहरू | सन् २०२३-२०२५ | सन् २०२६-२०३० | सन् २०१६-२०३० |
|---|---|---|---|
| दिगो विकास लक्ष्यको कूल लगानी आवश्यकता | २,०४६ | ३,०७० | २,०२५ |
| दिगो विकास लक्ष्यको कूल लगानी आवश्यकता (२०१५ को स्थिर मूल्यमा अमेरिकी डलरमा) | १९.९ | २९.८ | १९.७ |
| दिगो विकास लक्ष्यको कूल लगानी आवश्यकता (कूल गार्हस्थ उत्पादनको अनुपातमा) | ४८.८ | ४९.७ | ४७.८ |
| निजी लगानी आवश्यकता | ७३६ | १,३०३ | ७३९ |
| निजी क्षेत्रबाट हुने स्रोतहरूको उपलब्धता | ४१८ | ४८८ | ३७३ |
| निजी वित्तीय न्यूनता | ३१८ | ८१५ | ३६६ |
| सरकारी लगानी आवश्यकता | १,१३४ | १,५०५ | १,१११ |
| सरकारी स्रोत उपलब्धता | ९०५ | १,३०० | ८९३ |
| सरकारी वित्तीय न्यूनता | २२९ | २०५ | २१८ |

* राष्ट्रिय योजना आयोगको अनुमान

*नोट : २०१५ को विनिमय दर अनुसार १ अमेरिकी डलर बराबर ने. रू. १०३*

## खण्ड ४

# संघीयताको सवलीकरण र प्रदेश सरकार

विश्व राजनीतिक परिवेशमा संघीयकरणका अनुभव र अभ्यास आफैंमा फरक-फरक छन् । नेपालको सन्दर्भमा संघीय प्रणालीका तीनवटा आधारभूत लक्ष्य रहेका छन् । पहिलो शक्तिको निक्षेपीकरण, दोस्रो पहिचान र सहभागिता तथा तेस्रो समतामूलक विकास हुन् । संघीय संरचना अन्तर्गतको पहिलो कार्यकाल अभ्यास गरिसकेको हुँदा हामीले नयाँ प्रणाली, नयाँ अभ्यास तथा नयाँ सिकाइका आफ्नै अनुभव सँगालिसकेका छौं । यसको सफलता-असफलता यो प्रणाली भन्दा पनि व्यवस्थापनसँग जोडिएको छ । देशका विकट क्षेत्र तथा सीमान्तीकृत समुदायका बीच सन्तुलित विकासको प्रतिफल पुऱ्याउन हाम्रो जस्तो विविधतायुक्त देशमा स्थानीय र प्रदेश सरकार जति सवल बन्छन्, नागरिकले चाहेको लोकतान्त्रिक व्यवस्था त्यति नै प्रभावकारी हुन्छ भन्नेमा नेपाली कांग्रेस प्रष्ट छ र संघीय प्रणालीको पूर्ण कार्यान्वयनका लागि प्रतिबद्ध छ ।

सीमित स्रोत-साधन, कानून, क्षमता र समन्वयको अभावका बाबजुद वितेका पाँच वर्षमा समग्रमा केही अपवाद वाहेक स्थानीय सरकार प्रभावकारी देखिए भने प्रदेश सरकार संचालनको अनुभव जति उत्साहप्रद हुनुपर्थ्यो, त्यति हुन सकेन । २०७४ सालको निर्वाचन सम्पन्न हुँदाका बखत संविधान बाहेक प्रदेशसँग सम्बन्धित कुनै कानून थिएनन् र नयाँ संरचना भएकोले निर्वाचित पदाधिकारीमा सरकार कसरी चलाउने भन्ने बिषयमा स्पष्टता थिएन । अर्कोतर्फ स्थानीय र प्रदेश सरकारको क्षमता अभिवृद्धि गर्न समन्वय र सहजीकरण गर्नु पर्नेमा त्यसको ठीक विपरीत तत्कालीन नेकपा नेतृत्वको संघीय सरकारले प्रशासनिक बागडोर केन्द्रले नियन्त्रण गर्ने विगतको परम्परा र असफल अभ्यासलाई नै मलजल गऱ्यो । संविधान बमोजिम संघीय सरकारले बनाउनु पर्ने निजामती ऐन, संघीय शिक्षा ऐन, प्रहरी ऐन लगायतका कानूनहरू र मापदण्ड बनाइएन र बनेका कानूनहरु पनि केन्द्रीकृत सोचका साथ बनाउँदा संविधान कार्यान्वयन र संघीयताको संस्थागत विकासमा गम्भीर अवरोध सृजना भयो ।

एकातर्फ प्रदेश सरकार संचालन ऐन नै बनेन र संघीय कानूनको अभावमा प्रदेशले लामो समय आवश्यक कानून निर्माण गर्न सकेनन् भने अर्कोतर्फ प्रदेशका जनप्रतिनिधिहरूले आफ्नो अधिकार र जिम्मेवारीलाई सही ढङ्गले बुझ्न नसक्दा प्रदेश सरकारको सुशासन र जवाफदेहीताका सन्दर्भमा प्रश्नहरू उठेका छन् । त्यसैले विगत पाँच वर्षको अभ्यासका क्रममा देखिएका कमी-कमजोरीबाट शिक्षा लिँदै संविधान र जनभावना अनुरूप प्रदेश सरकारलाई प्रभावकारी, कार्यमूलक, जनताप्रति उत्तरदायी र अधिकार तथा साधन-स्रोत सम्पन्न बनाउन तथा चुस्त सरकार संचालनका लागि नेपाली कांग्रेसले निम्न नीति अनुसरण गर्ने छ ।

१. तीन तह बीचको अन्तर्सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने संवैधानिक व्यवस्थाको पूर्णरूपमा पालना गरिने छ ।

२. अधिकारको निक्षेपीकरण गरी संविधानको परिकल्पना अनुसार संघीयतालाई प्रभावकारी बनाउनका लागि मूलतः संघीय सरकारले नीति निर्माण र विकास-निर्माणका साथै प्रादेशिक सरकारले विकास निर्माण र स्थानीय सरकारले नागरिकका दैनिक जीवनसँग सम्बन्धित सेवा प्रवाह गर्ने सिद्धान्त र नीति अनुसरण गरिने छ ।

३. संविधानको अनुसूचीमा उल्लेख गरिएका संघ, प्रदेश र स्थानीय तहका सरकारहरूका अधिकारहरूको सूची अनुसार कार्य सम्पादन गर्दा सृजना भएका समस्या सम्बोधन गर्न आवश्यक कानूनी व्यवस्था गरिने छ ।

४. प्रदेशको संविधान प्रदत्त अधिकार र जिम्मेवारीलाई प्रष्ट गर्न अविलम्ब प्रदेश सरकार संचालन ऐन तर्जुमा गरिने छ ।

५. संघीय संसद र प्रदेश सभाले बनाउन बाँकी रहेका कानून प्राथमिकता निर्धारण गरी एक वर्षभित्र निर्माण र परिमार्जन गरिने छ ।

६. प्रदेश तथा स्थानीय तहले संघीय सरकारप्रति परनिर्भर नभई स्वायत्त रूपमा गर्न सकिने कार्यहरू जस्तै अत्यावश्यक कानूनहरू र योजनाहरू तर्जुमा गर्ने, प्रदेश तहको बोझिलो संरचना चुस्त बनाउने, भ्रष्टाचार नियन्त्रणमा कडाइ गर्ने, वेरूजुलाई न्यूनीकरण गर्ने, सेवा प्रवाहलाई प्रभावकारी बनाउने, न्यायिक समितिलाई सवल बनाउने तथा कर्मचारी र पदाधिकारीहरूको क्षमता विकास गर्ने कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।

७. वित्तीय अनुशासन पालनालाई कार्यसम्पादन तथा मूल्याङ्कनको अनिवार्य मापदण्ड बनाउने प्रणालीको विकास गरिने छ ।

८. प्रदेशमा मन्त्रालयको संख्या, आर्थिक अनुशासन र मितव्ययिता बारेमा प्रश्न उठिरहेको सन्दर्भमा प्रदेश सरकारलाई थप प्रभावकारी, कार्यमूलक र चुस्त वनाउन प्रशासनिक संरचना र कार्य प्रणालीमा सुधार ल्याइने छ ।

९. संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्धलाई सुमधुर बनाउनको लागि अन्तर-प्रदेश परिषद र प्रदेश समन्वय परिषदलाई प्रभावकारी बनाइने छ । सेवा प्रवाह र समन्वयमा दोहोरोपन र अनावश्यक झण्झट हटाउन संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय संरचनालाई चुस्त बनाउँदै आवधिक समीक्षा गर्ने प्रणालीको विकास गरिने छ ।

१०. कर्मचारी व्यवस्थापन गर्न निजामती सेवा ऐन लगायत आवश्यक संरचनागत व्यवस्थापन गरिने छ । प्रदेश र स्थानीय तहमा आवश्यकता अनुसार जनशक्ति नभएकाले तत्काल पूर्ति गरिने छ ।

११. आवश्यकता तथा उपादेयता नदेखिएका तथा सार्वजनिक खर्च बढाइरहेका संयन्त्र, निकाय र संरचनाहरू स्वतन्त्र विज्ञ समेतको अध्ययनको सिफारिसको आधारमा पुनरावलोकन गरिने छ ।

१२. संविधानको अनुसूची ७ तथा ९ मा उल्लेखित साझा अधिकारका विषयमा कर तथा राजश्व बाँडफाँड गरिने छ ।

१३. संघ, प्रदेश र स्थानीय तहको समन्वयको आधारमा दोहोरोपन नहुने गरी स्रोत र साधनको अधिकतम उपयोगका लागि योजनाहरूको प्राथमिकरण गरिने छ । प्रदेश सरकारले कुनै पनि परियोजना शुरू गर्दा रणनीतिक, वित्तीय, प्राविधिक र व्यवस्थापकीय आधारमा गर्ने छ ।

## अव्यवस्थालाई सुव्यवस्थामा बदल्ने हाम्रो प्रतिबद्धता

- हरेक सार्वजनिक निकायका अधिकारीहरूले प्रत्येक वर्ष सम्पत्ति विवरण सार्वजनिक गर्ने वाध्यकारी कानून जारी गर्ने छौं ।
- जनसरोकार एवं सेवा प्रवाहसम्वन्धी तीनै तहका सरकारका कार्यालयमा हुँदै आएका विकृति–विसंगति, भ्रष्टाचार, ढिलासुस्ती र झण्झटिलो अवस्थाको अन्त्य गरी प्रभावकारी, कार्यमूलक र सेवामुखी बनाउँदै आधुनिक प्रविधिको प्रयोग गरी सरल, सहज र छिटोछरितो सेवा उपलब्ध गराउने छौ ।
- सामुदायिक विद्यालयमा कार्यरत कर्मचारीहरू बर्षौदेखि दरबन्दी, सुविधा, उमेर हदको अनिश्चितता तथा उचित तलब र पेन्सनको सुविधाबाट वञ्चित रहेको समस्याको न्यायिक र दीर्घकालीन समाधान गर्ने छौ ।
- काठमाडौं महानगरपालिका लगायत देशभरिको शहरी क्षेत्रमा रहेको फोहोरको समस्यालाई दीर्घकालीन समाधान गर्न तीनै तहका सरकारबीच समन्वय गरी निजी क्षेत्र समेतको संलग्नतामा आधुनिक व्यवस्थापन गर्दै फोहोरबाट विद्युत एवं प्रागांरिक मल उत्पादन गर्न अविलम्व पहल गर्ने छौं ।
- कृषकले प्रत्येक वर्ष भोग्नु परिरहेको रासायनिक मलको समस्या समाधान गर्न निजी क्षेत्र समेतको सहभागितामा आन्तरिक उत्पादन लगायत दीर्घकालीन उपाय खोज्ने छौं ।
- उखु तथा अन्य किसानले आफ्नो कृषि सामाग्रीको मूल्य प्राप्त गर्न कृषकले पछिल्लो केही वर्षदेखि राजधानी आई आन्दोलन गर्नुपर्ने अवस्थाको अन्त्य गर्न अविलम्ब आवश्यक नीतिगत निर्णय गर्ने छौं ।
- वैदेशिक रोजगारीको क्षेत्रमा देखिएका सम्पूर्ण विकृति–विसंगति नियन्त्रण गरी ठगिनबाट रोक्ने, भनिए बमोजिमको तलब तथा सुविधा र काम उपलब्ध गराउने सन्दर्भमा भइरहेका सम्पूर्ण अव्यवस्थाको अन्त्य गर्ने छौ ।
- भूमिहीन र अव्यवस्थित बसोबासको समस्या समाधान गर्न आयोग मार्फत् शुरू गरिएका कार्यहरूलाई शीघ्र अगाडि बढाइने छ र जनताले तिर्न नसक्ने चर्को करलाई पुनर्विचार गरी न्यायोचित बनाइने छ ।
- राज्यवाट नीतिगत रूपमा भइरहेको सबै प्रकार र आवरणको लैङ्गिक विभेद निर्मूल गर्न लैङ्गिक आधारमा भइहेका सबै असमान कानूनहरू तत्काल संशोधन गर्ने छौं । कुनै पनि प्रकारको सामाजिक विकृति–विसंगति तथा महिला र यौन हिंसामा संलग्न पार्टीका सदस्यलाई तत्काल पार्टीबाट निष्काशन गरी कानूनी कार्वाही गरिने छ । जातीय विभेद, यौन हिंसा, छुवाछुत लगायतका अन्य कुनै पनि विभेद गर्ने व्यक्तिलाई तत्काल कानूनी कारबाहीको दायरामा ल्याउने छौं ।
- राष्ट्रिय समावेशी सूचकांकका आधारमा समावेशीताको विकास र सेवा सुविधा वर्गीकरण गरी जीवनमा एक कार्यकाल मात्र आरक्षण पाउने कानूनी व्यवस्था गर्ने छौं ।
- नेपालमा अझै उचित व्यवस्थापन हुन नसकेका बादी, मुक्त कमलरी, मुक्त कमैया, चेपाङ, राउटे, गन्धर्व लगायतका परम्परागत सीप र पेशागत क्षमता भएका समुदाय लक्षित रोजगारीका कार्यक्रमहरूलाई उनीहरूका मौलिक पहिचानसँग प्रतिकूल नहुने गरी सञ्चालन गर्ने आवश्यक योजना तथा कार्यक्रमहरू ल्याउने छौं ।
- पहिरो, वाढी, आगलागी लगायत प्राकृतिक विपद्हरू कम गर्न भौतिक पूर्वाधार निर्माण गर्दा वातावरणीय प्रभावको अनिवार्य अध्ययन गर्नु पर्ने वाध्यकारी कानूनी व्यवस्था गर्ने छौं ।

खण्ड ५

# क्षेत्रगत प्राथमिकता

## ५.१ शिक्षा

समग्र शिक्षा प्रणालीलाई आर्थिक-सामाजिक रूपान्तरण गरी सबै नागरिकलाई सक्षम, सबल र स्वाभिमानी बनाउने लक्ष्य नेपाली कांग्रेसको छ । गुणस्तरीय शिक्षाको सुनिश्चितता नभएको, प्राविधिक शिक्षा सबैको पहुँचमा नपुगेको र सूचना प्रविधिको तीव्रतर बदलिँदो अवस्था र प्रयोगलाई मध्यनजर गर्दै २१ औं शताब्दीले आत्मसात् गरेको सिकाइ पद्धति अपनाएर वर्तमान शिक्षा प्रणालीमा आमूल परिवर्तन गर्न हामी प्रतिबद्ध छौं ।

**५ वर्षको लक्ष्यः**

- सिकाइको संकटको मापन संस्थागत
- महिला (१५-२४ वर्ष) साक्षरता दर ९५%
- इन्टरनेट सेवा पुगेका शैक्षिक संस्था ८०%
- कक्षा ११ मा भर्ना हुने दर कम्तिमा ५०%
- पाठयक्रममा प्राविधिक र व्यावसायिक सीप ४०%

**आर्थिक तथा सामजिक रूपान्तरणका लागि गुणस्तरीय शिक्षा**

- १५-२४ बर्ष उमेर समूहका महिलाको साक्षरता दर ९२ प्रतिशत रहेकोमा यसलाई ९५ प्रतिशत पुऱ्याइने छ ।
- विद्यालयमा हाल २८ प्रतिशत इन्टरनेट सेवा पुगेकोमा आगामी ५ वर्षमा ८० प्रतिशत विद्यालयमा यस्तो सेवा पुऱ्याइ प्रविधियुक्त सिकाईलाई महत्व दिइने छ ।
- कक्षा ११ मा भर्ना हुने दर कम्तिमा ५० प्रतिशत पुऱ्याइने छ भने माध्यामिक तहको परीक्षा प्रणालीलाई एकीकृत गरिने छ ।
- शैक्षिक क्षेत्रलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्दै संघीय शिक्षा ऐनमा उचित व्यवस्था गरिने छ ।
- वैज्ञानिक पद्धति मार्फत् जनसंख्या, भूगोल र विद्यार्थी संख्याको आधारमा हाल सञ्चालनमा रहेका विद्यालय र उच्च तहका शैक्षिक संस्थाको नक्साङ्कन गरी आवश्यकता अनुसार थप, स्थानान्तरण र एक-आपसमा समाहित गर्दै दक्ष शिक्षक र कर्मचारीको व्यवस्था गरिने छ ।
- विद्यालय शिक्षाको संरचनालाई बालबालिकाको मनोविज्ञानको आधारमा परिवर्तन गर्न बालकक्षादेखि कक्षा ३ सम्म पूर्व आधारभूत तहलाई पहिलो प्राथमिकतामा राखी, कक्षा ४ देखि ८ सम्म आधारभूत तह र कक्षा ९ देखि १२ सम्म माध्यामिक तहका बनाइने छ ।
- संविधानको मर्म बमोजिम निःशुल्क शिक्षाको प्रत्याभूति गर्नका लागि भौचर लगायत व्यवस्था गरी गुणस्तरीय शिक्षामा सबैको पहुँच पुऱ्याइने छ ।
- ज्ञानमूलक अर्थ व्यवस्थामा आधारित विश्व-प्रतिस्पर्धी नागरिक उत्पादन गर्ने अभियानमा नेपाली कांग्रेसले बिशेष जोड दिने छ ।

- वर्तमान पाठयक्रममा ४० प्रतिशत प्राविधिक र व्यावसायिक सीपलाई समावेश गर्दै बदलिँदो विश्व परिवेशमा आधुनिक प्रविधि (बिग डाटा, मेसिन लर्निङ् तथा आर्टिफिसियल इन्टेलिजेन्स) जस्ता विषयमा प्रशिक्षण दिइने छ ।
- अबको ५ बर्षमा कक्षा १२ सम्म अध्यापन गराउने विद्यालयबाट आवश्यकताको आधारमा क्षेत्रगत सन्तुलन मिलाई देशभर कम्तिमा एक-तिहाई विद्यालयलाई प्राविधिक र व्यावसायिक धारमा परिणत गरिने छ ।
- विश्वविद्यालयका प्रतिभाशाली स्नातकहरूलाई विद्यालय शिक्षकमा आकर्षित गर्न विशेष प्याकेजको व्यवस्था गरिने छ ।
- सीमान्तीकृत, हलिया र मुक्त कमैया समुदाय एवं अशक्त र अभिभावकविहीन वालबालिका पहिचान गरी आवासीय सुविधा सहित माध्यामिक तहसम्मको नि:शुल्क शिक्षाको व्यवस्था गरिने छ ।
- कानून बमोजिम विद्यालयको वर्गीकरणको आधारमा निजी विद्यालयले दिने शैक्षिक सेवा र लिने शुल्कलाई समन्यायिक बनाई अनुगमन गरिने छ ।
- उच्च शिक्षा अध्ययन गर्दै गरेका विद्यार्थीहरूलाई भविष्यको आम्दानी र प्रचलित मुद्रास्फ्रीतिका आधारमा सस्तो ब्याजको शैक्षिक ऋण उपलब्ध गराउन राष्ट्रिय सहुलियतपूर्ण शैक्षिक ऋण कार्यक्रम अभ्यासमा ल्याइने छ ।
- सातवटै प्रदेशमा चिकित्सा शास्त्र संकायका विभिन्न विधाको पढाइ हुने गरी शिक्षण अस्पतालको स्थापना गरिने छ ।
- नेपालका विश्वविद्यालयहरूले कम्तीमा १० प्रतिशत अन्तर्राष्ट्रिय विद्यार्थीहरू भर्ना लिन प्रेरित गर्ने गरी विदेशी विश्वविद्यालयसँग डायस्पोराको समेत सहयोगमा प्राज्ञिक आदान-प्रदान गर्न विश्वविद्यालयहरूलाई अन्तर्राष्ट्रिय संजालमा जोडिने छ ।
- संस्कृत विश्वविद्यालयमा पूर्वीय दर्शनको अध्ययन, अनुसन्धान तथा अन्वेषणका लागि विशेष व्यवस्था मिलाइने छ ।
- विश्वविद्यालय अनुदान आयोगलाई शैक्षिक तथा प्राज्ञिक उनन्नयनका लागि साधन स्रोत सम्पन्न, जिम्मेवार र जवाफदेही बनाइने छ ।
- चिकित्सा शिक्षा आयोगलाई थप व्यवस्थित र प्रभावकारी वनाइने छ ।
- प्रधानमन्त्री कुलपति र शिक्षामन्त्री सहकुलपति हुने व्यवस्था हटाउन तथा विश्वविद्यालयहरूलाई स्वायत्त प्राज्ञिक संस्थाको रूपमा सुस्थापित गर्न आवश्यक कानूनी व्यवस्था गरिने छ ।
- विगतका शिक्षा नीतिहरू, अभ्यास र नेपाली कांग्रेसले तयार गरेको शिक्षा नीतिलाई समेत अध्ययन गरी संघीयता अनुरूपको राष्ट्रिय शिक्षा नीति तर्जुमा गरी कार्यान्वयन गरिने छ ।
- सामुदायिक क्याम्पसहरूलाई व्यवस्थापन गर्नका लागि आवश्यक नीति ल्याइने छ ।
- संघीय शिक्षा ऐन एक वर्षभित्र ल्याइने छ ।

## ५.२ स्वास्थ्य

नेपाली कांग्रेसले विगतमा लिएको स्वास्थ्य नीतिका कारण नेपालले जनस्वास्थ्यका क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेको छ । तर, जनशक्ति उत्पादन र पूर्वाधार निर्माणमा व्यापक वृद्धि भए पनि सहज पहुँच र गुणस्तरको क्षेत्रमा धेरै काम गर्नु पर्ने छ । गाउँ-गाउँमा स्वास्थ्य सेवा र जनशक्ति पुऱ्याउने, स्वास्थ्य बिमालगायत विभिन्न कालखण्डमा आफ्नो सरकारले गरेका प्रयास र उपलब्धिलाई स्मरण गर्दै गुणस्तरीय स्वास्थ्य सेवामा आम नागरिकको पहुँच स्थापित गर्न नेपालको संविधान, हाम्रो आवश्यकता र अवस्था अनुरूपको जनताकेन्द्रित एकीकृत राष्ट्रिय स्वास्थ्य प्रणाली विकास गर्न नेपाली कांग्रेस निम्न सङ्कल्प गर्दछ ।

**५ वर्षको लक्ष्यः**

- ३/७३ : ३ वर्ष मुनि र ७३ वर्ष माथिका नागरिकलाई निःशुल्क उपचार
- नसर्ने रोगबाट हुने मृत्युदर एक तिहाइ
- औसत आयु ७३ वर्ष
- मातृ मृत्युदर ८० (प्रति १ लाख जिवित जन्म)
- स्वास्थ्य बिमित हुने संख्या १००%
- बाल कुपोषण (पुड्कोपना) २०%

### गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँचः सवैलाई स्वास्थ्य बिमा, सवल स्वास्थ्य प्रणाली

- **३–७३** : ३ वर्ष मुनिका बालबालिका र ७३ वर्ष माथिका ज्येष्ठ नागरिकलाई निःशुल्क उपचारको व्यवस्था गरिने छ ।
- ५ वर्षभित्र सबै नागरिकको ‘स्वास्थ्य बिमा र बिमा मार्फत् गम्भीर प्रकृतिका रोगको उपचारको सुनिश्चितता गरिने छ ।
- बिमा रकमको दायरा बढाई १० लाख पुऱ्याइने छ । आधारभूत बाहेकका सवै स्वास्थ्य सेवा बिमाबाट हुने गरी सामाजिक स्वास्थ्य सुरक्षाका सवै कार्यक्रमलाई बिमामा एकीकृत गर्न आवश्यक नीतिगत र संरचनागत व्यवस्था गरिने छ ।
- ६५ वर्ष माथिका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अति विपन्न, अति अशक्त, एकल महिला, महिला तथा स्वास्थ्य स्वयंसेविकालाई निःशुल्क बिमा गरिने छ ।
- एकीकृत स्वास्थ्य पूर्वाधार मापदण्ड अनुरूप पाँच वर्षभित्र स्वास्थ्य संस्था नभएका २६०० वडामा आधारभूत स्वास्थ्य केन्द्र, सवै गाउँ-नगरपालिकामा विशेषज्ञ चिकित्सक सहितको प्राथमिक अस्पताल, सवै उपमहानगरपालिका र महानगरपालिकामा विशेषज्ञ सेवाहरू सहितको अस्पताल संचालन गरिने छ ।
- पाँच वर्षभित्र हरेक प्रदेशमा स्वास्थ्य विज्ञान प्रतिष्ठान, बिशिष्टीकृत अस्पताल (बालरोग, सरूवा रोग, मुटु, क्यान्सर, प्रसुति, मुख्य राजमार्गमा ट्रमा सेन्टर आदि) स्वास्थ्य अनुसन्धान केन्द्र स्थापना गरी संचालन गरिने छ, त्यसका लागि आवश्यक जनशक्ति, पूर्वाधार, प्रविधि र उपकरणको व्यवस्था गरिने छ ।
- नसर्ने रोगको बढ्दो चापलाई मध्यनजर गरी स्थानीय तहको साझेदारीमा शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र संचालन गरिने छ भने प्रदेशमा नसर्ने रोग नियन्त्रण केन्द्र स्थापना गरिने छ । नागरिकलाई घर नजिकै गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न स्थानीय तहलाई साधन स्रोत सम्पन्न बनाइने छ ।
- नयाँ प्रविधिबाट गुणस्तरीय सेवामा द्रुत पहुँचको लागि टेलिमेडिसिन सेवा विस्तार गरिने छ ।

- सबै महिलालाई निःशुल्क गुणस्तरीय स्यानिटरी प्याडको व्यवस्था गरिने छ ।
- हरेक स्थानीय तहमा सुविधा सम्पन्न एम्बुलेन्स सेवा व्यवस्था गरी राष्ट्रिय एम्बुलेन्स संजाल बनाइने छ ।
- एक बर्षभित्र खाली रहेको जनशक्तिको पदपूर्ति र आवश्यक प्राविधिक जनशक्तिका लागि उपयुक्त अनुपातमा दरवन्दी थप गरिने छ ।
- दक्ष र सुरक्षित स्वास्थ्यकर्मी भन्ने मान्यताका साथ स्वास्थ्य जनशक्तिलाई उत्प्रेरित र टिकाइराख्न रूचि र विज्ञता अनुसार समायोजन, व्यवस्थापन, क्षमता अभिवृद्धि र प्रोत्साहन प्याकेजको व्यवस्था गरिने छ । चिकित्सक, नर्स र स्वास्थ्यकर्मीको विद्यमान सेवा सुविधामा १०० प्रतिशत प्रोत्साहन भत्ताको व्यवस्था गरी पाँच वर्षभित्र क्रमशः '**एक स्वास्थ्यकर्मी, एक स्वास्थ्य संस्था**'को अवधारणा कार्यान्वयन गरिने छ ।
- स्वास्थ्य विज्ञान प्रतिष्ठान, विशेषज्ञ अस्पताल र मेडिकल कलेजसँगको सहकार्यमा जनशक्ति विकासको योजना बनाइने छ । शिक्षण अस्पतालहरू मार्फत् दुर्गम क्षेत्रका गाउँपालिका-नगरपालिकाहरूका आधारभूत अस्पतालमा विशेषज्ञ सेवाहरू उपलब्ध गराइने छ ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई ह्विल चियर, सेतो छडी तथा वैशाखी लगायत आवश्यक भौतिक सामाग्री स्थानीय सरकार मार्फत् घरमा नै उपलब्ध गराइने छ ।
- नेपालमा पाइने जडिबुटी तथा औषधीजन्य पदार्थको संरक्षण र सदुपयोग गर्ने गरी स्वदेशमै औषधी उत्पादन विशेष योजना ल्याइने छ । आयुर्वेद चिकित्सा पद्दतिको प्रवर्द्धन र आयुर्वेद जनशक्ति विकासका लागि छुट्टै राष्ट्रिय आयुर्वेद अध्ययन प्रतिष्ठान स्थापना गरिने छ ।
- नागरिकलाई सस्तोमा औषधी उपलब्ध गराउन सरकारले सीधै उत्पादक कम्पनी वा देशसँग औषधी खरिद गरी आफ्नै फार्मेसी मार्फत् सुपथ मूल्यमा गुणस्तरीय औषधी उपलब्ध गराउनको लागि आवश्यक कानूनी र संरचनागत व्यवस्था गरिने छ ।
- एक वर्षभित्र स्वास्थ्य सेवा ऐन, गुणस्तर प्राधिकरण तथा स्वास्थ्य संस्था नियमन ऐन, चिकित्सा शिक्षासँग सम्बन्धित छाता ऐन लगायत स्वास्थ्य क्षेत्रमा बनाउनु तथा परिमार्जन गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत संरचना बनाइने छ ।
- मदिरा र सुर्तीजन्य पदार्थको उपभोग, बिक्री वितरणलाई नियन्त्रण र नियमन गर्न करको दरमा वृद्धि गरिने छ ।
- जलवायु परिवर्तन तथा महामारीबाट सृजना हुने स्वास्थ्य चुनौतीहरूलाई सामना गर्न अनुसन्धानमा आधारित आपतकालीन स्वास्थ्य संरचनाको विकास गरिने छ ।
- रोजगार तथा श्रम क्षेत्रमा हुने स्वास्थ्य जोखिमलाई न्यूनीकरण गर्न जनस्वास्थ्य मापदण्डको तर्जुमा र पूर्ण कार्यान्वयनको व्यवस्था मिलाइने छ ।
- नेपालको विद्यमान कुपोषणको स्थिति सुधार गर्न खाद्यमा आधारित पोषण कार्यक्रमहरू मार्फत् वालवालिका, गर्भवती तथा सुत्केरी महिलालाई पौष्टिक खाद्य पदार्थमा पहुँच बढाउन निजी क्षेत्र, तीनै तहका सरकार र अन्य सरोकारवालासँग सहकार्य गरिने छ ।
- सुनौला हजार दिन लगायतका कार्यक्रमहरू प्रभावकारी बनाइ वालवालिकामा रहेको हालको ३२ प्रतिशत पुड्कोपनाको दरलाई २० प्रतिशत भन्दा कममा झारिने छ ।
- सरकारका सबै तहको वार्षिक बजेटमा स्वास्थ्य र पोषण क्षेत्रको अंश न्यूनतम १० प्रतिशत हुने लक्ष्य राखिने छ ।

## ५.३ उद्यम, रोजगारी र निजी क्षेत्र

**५ वर्षको लक्ष्यः**

- **पाँच वर्षमा १२ लाख ५० हजार नयाँ रोजगारी**
- **न्यूनतम वार्षिक ७% को आर्थिक वृद्धि**
- **'ओम्निवस' आर्थिक सुधारको नयाँ चरण**
- **अर्थतन्त्रमा स्वदेशी उत्पादनमूलक उद्योगको अंश ५.६% बाट ९%**

दक्षिण एसियाली छिमेकीहरूको दाँजोमा हाम्रो औसत उत्पादकत्व वृद्धि दर न्यून रहेको छ । सुधारको अपेक्षा सर्वव्यापी भए पनि लागत नघटाई, उद्यम-आबद्ध जनशक्तिको क्षमता नबढाई र संस्थागत सहजतालाई शासकीय संस्कारकै अङ्ग नबनाई लगानी आकर्षित गर्न सकिँदैन ।

नेपाल श्रमशक्ति सर्वेक्षणले परिभाषित गरेको पछिल्लो आँकडा अनुसार नेपालमा करीव ७० लाखभन्दा वढी जनसंख्या विभिन्न प्रकारका रोजगारी र स्वरोजगारमा आवद्ध छ । सवैभन्दा वढी व्यक्ति संलग्न भएको पाँच क्षेत्रमा पहिलो कृषि (१५ लाख), दोस्रो थोक तथा खुद्रा विक्री (१२ लाख), तेस्रो उत्पादनमूलक उद्योग (११ लाख), चौथो निर्माणमा (१० लाख), र पाँचौ शिक्षा क्षेत्रमा (पाँच लाख) रोजगारी भएको देखिन्छ ।

अर्कोतर्फ नेपालमा वार्षिक पाँच लाख हाराहारी जनशक्ति श्रम बजारमा आउने गर्दछ । तर, २०७७-०७८ मा दर्ता भएका २ सय ३ नयाँ उद्योगले जम्मा ११ हजार ८ सय ३३ रोजगारी मात्र प्रस्तावित गरेको अवस्था छ भने लोकसेवा आयोगका विभिन्न क्षेत्रमा जम्मा ३ हजार ७ सय ५४ जनाको विज्ञापन गरिएको थियो । यो निराशाजनक अवस्थामा लाखौंको संख्यामा मर्यादित रोजगारी सृजना गर्न ठूलै संरचनात्मक पहल चाहिने भएकोले नेपाली कांग्रेसले आर्थिक क्षेत्रका विद्यमान नीतिगत, कानूनी र प्रक्रियागत अड्चनलाई व्यापक नयाँ चरणको 'ओम्निवस' सुधार गर्दै न्युनतम ७ प्रतिशतको आर्थिक वृद्धि गर्ने लक्ष्य राखेको छ । व्यापक रोजगारीका संभावना बोकेका क्षेत्रहरूमा सूचना प्रविधि, उद्योग, पर्यटन, निर्माण र यातायात, वित्तीय क्षेत्र, खनिज, कला तथा मनोरञ्जन लगायत अन्य सेवा क्षेत्रमा वार्षिक २ लाख ५० हजार नयाँ रोजगारी सृजना गर्ने सङ्कल्प गर्दछ ।

### उद्यमशील समाज र रोजगारीः नेपाली कांग्रेसको जिम्मेवारी

- नेपालमा उच्च सम्भावना एवं आत्मनिर्भर हुँदै गरेका उद्योगहरूको थप व्यावसायीकारण गर्ने, लगानी प्रवर्द्धनसँग सम्बन्धित आर्थिक सहुलियत एवं उत्प्रेरणाहरू पूर्वगम्य हुने, जग्गा प्राप्ति सहज बनाउने, उद्योगको प्रकृति हेरी कर्जामा फरक ब्याज दर तोक्ने, नवीन र गतिशील उद्योगहरूमा लचिलो श्रम नीति र स्वच्छ ऊर्जाको उपयोगमा अनुदान दिने नीति लिइने छ ।
- प्रत्यक्ष विदेशी लगानीको सहजीकरण गर्न कम्पनी दर्ता, लगानी स्वीकृति आदि स्वचालित प्रक्रियाबाट गर्ने, विश्वसनीय लगानीकर्ताले 'फास्ट ट्र्याक' मा रकम भित्र्याउन सक्ने, विदेशी वित्तीय संस्थाबाट ऋण लिने, गैरआवासीय नेपालीले विदेशी मुद्रामा गरेको बचत र लगानीमा भएको नाफा फिर्ता लैजान पाउने तथा नेपाली उद्योगहरूलाई क्रमशः विदेशमा लगानी गर्न दिने नीति तर्जुमा गरिने छ । यसैगरी विदेशी मुद्रा विनिमय दर जोखिम व्यवस्थापन गर्न हेजिङ्ग सम्बन्धी नियमावली, २०७५ लाई संशोधन गरिने छ ।

- उद्योग, निजी क्षेत्रका छाता संगठन, तीनै तहका सरकार र प्राविधिक शिक्षा एवं व्यावसायिक तालिम परिषदको सामूहिक पहलमा 'अप्रेनटिससीप' कार्यक्रम र रोजगारी सृजनाका लागि बजारले मागेको युवाले रोजेको '**तरूण सीप वृत्ति**' कार्यक्रम ल्याइने छ ।
- नवप्रवर्तन, लघु, घरेलु तथा मझौला उद्योगहरूका लागि सरकारले छुट्टै कोष स्थापना गरी विना धितो कर्जा प्रवाह गर्ने, इ-कमर्स लगायतका विदेशी स्टार्ट-अप कम्पनीहरूमा नेपाली साझेदार राख्न प्रोत्साहित गर्ने, भेन्चर पुँजी प्रवर्द्धन गर्न आयकर ऐनमा संशोधन गर्ने तथा प्रत्यक्ष विदेशी लगानीको सीमालाई लचिलो बनाइने छ ।
- अधिकार प्राप्त निकायहरूको स्वविवेकीय अधिकारलाई वाञ्छित सीमा भित्र राखी अग्रिम जमानत सम्बन्धी कानूनको तयारीका साथै राजस्व अनुसन्धान विभाग, आन्तरिक राजस्व विभाग र सम्पत्ति शुद्धीकरण विभागको क्षेत्राधिकारमा थप स्पष्टता ल्याइने छ ।
- युवाहरूले औपचारिक वा अनौपचारिक माध्यमबाट सिकेको सीपको परीक्षण गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारमा उनीहरूको पेशाको पहिचान र समकक्षी मान्यता प्राप्त हुने व्यवस्थाका लागि पहल गरिने छ ।
- पूर्वाधार बन्ड मार्फत् सडक, ऊर्जा र विमानस्थल जस्ता परियोजनाहरूका लागि पुँजी जुटाइने छ, जसमा आम नेपाली, गैरआवासीय नेपाली, संस्थागत लगानीकर्ता तथा अन्तर्राष्ट्रिय लगानीकर्ताहरूलाई प्रोत्साहन र सहुलियत दिइने छ । संचालन तथा व्यवस्थापनमा सार्वजनिक-निजी साझेदारी अवधारणा कार्यान्वयनमा ल्याई 'भायविलिटी ग्याप' पूर्ति गर्न ठोस व्यवस्था गरिने छ ।
- बैंकिङ प्रणालीबाट रेमिट्यान्स भित्र्याउन कम्पनी तथा व्यक्तिहरूलाई आयकरमा सहुलियत र सेवा शुल्कमा अनुदान दिइने छ ।
- धितोपत्र सम्बन्धी ऐन तथा कानूनहरूमा सरोकावालाहरूसँग छलफल गरी पुँजी बजार सम्बन्धी ऐन कानून तथा विनियमावलीहरूमा समसामयिक सुधार गर्ने, नेपाल धितोपत्र बोर्डलाई पूर्ण स्वायत्त निकायको रूपमा विकास गर्ने र पुँजी बजारमा विदेशी लगानीकर्तालाई सशर्त लगानी गर्न खुला गर्ने पहल लिइने छ ।
- सरकारी संरचना र संयन्त्रमा कार्यरत कर्मचारीहरूलाई निजी क्षेत्रमैत्री उद्यम अनुकूल बनाउन सघन क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने छ ।
- विदेशबाट फर्किएका युवालाई 'अबको जीवन स्वदेश' मै नीति अर्न्तगत उनीहरूले विदेशबाट हासिल गरेको सीप र आर्जन गरेको पुँजीको आधारमा स्थानीय तहसँग सहकार्य गरी उद्यममा संग्लन गराउन प्रेरणा र प्रोत्सानको कार्ययोजना बनाइने छ ।

## ५.४ विज्ञान, प्रविधि, संचार र डिजिटलाइजेशन

नयाँ प्रविधिको विकासले अहिले विश्वमा समाज र बजारको सन्निकटता बढेको छ । प्रतिकूल भौगोलिक अवस्था भएको नेपालले आफ्ना उत्पादनहरूलाई बजारमा प्रतिष्पर्धी बनाउन नयाँ प्रविधिको प्रयोग गर्नु पर्ने छ । **डिजिटल नेपालः सुशासन र समुन्नतिको आधार** भन्ने नाराका साथ नेपाली कांग्रेसले सूचना प्रविधिलाई आर्थिक गतिविधि बढाउन, सुशासन कायम गर्न, प्रविधिमा पहुँच पुऱ्याई विशेष गरी युवा उद्यमी, अनुसन्धानकर्ता र समग्र निजी क्षेत्रको सृजनशीलता प्रवर्द्धन गर्न उपयोग गर्ने नीति ल्याउने छ । नेपालको कूल गार्हस्थ उत्पादनमा अनुसन्धान तथा विकासको अंश हाल ०.३ प्रतिशत रहेकोमा यसलाई बढाएर ०.७ प्रतिशत पुऱ्याइने छ ।

**५ वर्षको लक्ष्यः**

- निर्यातमुखी डिजिटलाइजेशन लगायत सूचना संचार क्षेत्रमा २ लाख युवा संलग्न
- टेलिमेडिसिन केन्द्रको स्थापना र सातै प्रदेशमा सूचना ज्ञान पार्क स्थापना
- सबै स्थानीय तहलाई उच्च गतिको इन्टरनेट नेटवर्कको पहुँच

### बलियो आर्थिक आधारका लागि उच्च गुणस्तरीय प्रविधिको प्रयोग

- नेपाललाई नवीनतम प्रविधिमैत्री बनाउन वर्तमान दर्ता, कर, निर्यात, प्रतिलिपि अधिकार, साझेदारी र वैदेशिक लगानीको सीमा लगायतका नीतिगत प्रक्रियामा सहजीकरण गरिने छ ।
- सरकारी निकायमा गरिने प्रशासनिक तथा वित्तीय कारोवार, सम्पूर्ण कर प्रणाली र बैंकिंङ्ग प्रक्रियालाई विद्युतीय प्रणाली मार्फत् विस्तार गरिने छ । देशका सम्पूर्ण भागमा राष्ट्रिय भुक्तानी प्रणाली पुऱ्याएर डिजिटल भुक्तानीलाई व्यवसायी तथा व्यक्तिको क्रेडिट इतिहाससँग जोडेर त्यसकै आधारमा वित्तीय संस्थाबाट ऋण उपलब्ध गराउने प्रणालीको विकास गरी नगद रहित वित्तीय कारोबार सहितको '**डिजिटल नेपाल**' निर्माण गरिने छ ।
- ब्रडब्याण्डको पहुँच र प्रयोगलाई ब्यापक बनाउन यसको पूर्वाधार विकास र विस्तार गर्ने, नेपाललाई अन्तर्राष्ट्रिय सूचना संजालमा जोड्न, ब्रडब्याण्ड एप्लिकेशन र कन्टेन्टको निर्माण गर्न सार्वजनिक-निजी साझेदारीमा जोड दिइने छ ।
- सूचना प्रविधि तथा डिजिटल सेवाका सम्बन्धमा पहुँच र जानकारी नभएका तथा अन्य नागरिकलाई सार्वजनिक सेवाहरू उपलब्ध पुऱ्याउनको लागि स्थानीय सरकारसँगको समन्वय तथा सहकार्यमा भूगोलको अवस्था र जनसंख्याको अनुपातमा देशभरी डिजिटल नागरिक सेवा केन्द्रहरूको स्थापना गरिने छ ।
- जन्मदर्ता, विद्यालय भर्ना तथा स्वास्थ्य सेवा लगायतका छरिएका वैयक्तिक विवरण एउटै डिजिटल प्लेटफर्ममा उपलब्ध हुने व्यवस्था गरी त्यसको उपयोगबाट नागरिकलाई उच्च गुणस्तरको सेवा डिजिटल प्रविधि मार्फत् सहज रूपमा उपलब्ध गराइने छ ।
- नेपाली नागरिकताको प्रमाणपत्र, जग्गाको नामसारी, सवारी चालक अनुमतिपत्र वाहेकका अन्य सम्पूर्ण सेवालाई सूचना प्रविधिको माध्यम मार्फत् सेवाग्राहीलाई घरमै उपलब्ध हुने प्रणालीको विकास गरिने छ ।

- सातै प्रदेशका राजधानी रहेका शहरमा सूचना ज्ञान पार्क स्थापना गरिने छ । साथै यस्ता शहरहरूमा स्टार्ट अप विजनेस सेन्टरहरू स्थापना गरी डिजिटल सीप मार्फत् उद्यमशीलताको विकास गरिने छ ।
- देशभरका सम्पूर्ण नेपालीका लागि चौवीसै घण्टा टेलिमेडिसिन सेवा उपलब्ध गराउनको लागि टेलिमेडिसिन केन्द्रको स्थापना गरिने छ । प्रत्येक व्यक्तिलाई बायोमेट्रिक परिचयपत्र नम्बरको आधारमा सबै स्वास्थ्य संस्थाले हेर्न सक्ने बनाइने छ ।
- विज्ञान, परम्परागत प्रविधि र डिजिटलाइजेसन सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने सरकारी संस्थाहरूले निजी क्षेत्रसँग सहकार्य गर्न नीतिगतरूपमा प्रोत्साहान गरिने छ ।
- शहरी क्षेत्रका लागि उपयुक्त आईसीटी (डिजिटलाईज) अनुगमन प्रणाली सहितको सार्वजनिक-निजी साझेदारी (पीपीपी) मोडेल परियोजना सञ्चालन गरिने छ । यसक्रममा ट्राफिक, पार्किङ, टोल बुथ, सार्वजनिक यातायात, रेष्टुरेण्ट, लगायतका सम्पूर्ण विवरणलाई डिजिटलाईज गरिने छ । साथै आर्टिफिसियल ईन्टेलिजेन्स मार्फत् २४ सै घण्टा नागरिकको गुनासो सुनुवाई गर्न मिल्ने प्रणालीको व्यवस्था गरिने छ ।
- नेपाल सरकारका सम्पूर्ण सेवा तथा सुविधाहरू सहज रूपमा उपलब्ध गराउनको लागि प्रत्येक नागरिकलाई स्मार्ट डिजिटल बायोमेट्रिक सहितको राष्ट्रिय परिचयपत्र उपलब्ध गराइने छ ।
- नेपाल राष्ट्र बैंकलाई डिजिटल मुद्राको उपादेयताबारे अन्तर्राष्ट्रिय अभ्यासलाई मध्यनजर गर्दै गहन सम्भाव्यता अध्ययन गराइने छ ।
- किसानको कृषिजन्य उत्पादनको उचित मूल्य सुनिश्चित गर्न तथा सक्रिय ई-पोर्टल मार्फत् बीउबिजन, मलखाद, प्राविधिक सेवा, विक्री वितरण लगायतका एकीकृत स्मार्ट कृषि प्रणालीको विकास गरिने छ ।
- माध्यामिक तहसम्मका सम्पूर्ण कक्षाको लागि उपयोगी हुने डिजिटल सिकाइका बहुविधागत प्लेटफर्मको निर्माण गरिने छ । साथै यस्ता प्लेटफर्म चलाउनको लागि १ देखि १० कक्षासम्मका विद्यार्थीलाई मासिक केही गिगावाट इन्टरनेट डाटा निशुल्क उपलब्ध गराइने छ ।
- विदेशी पर्यटकलाई नेपालको सम्पूर्ण स्थान, सेवा तथा विवरण डिजिटल स्वरूपमा उपलब्ध हुने ब्यवस्था गराइने छ ।
- देशभरका सम्पूर्ण स्थानीय तहलाई दुई वर्षभित्र उच्च गतिको अप्टिकल फाइवर नेटवर्कमा जोडिने छ ।

## ५.५ जलवायु परिवर्तन र वातावरण संरक्षण

**५ वर्षको लक्ष्यः**

- सन् २०४५ सम्म शून्य कार्बन (नेट जिरो) लक्ष्य अनुरूप हरित अर्थतन्त्र रोडम्याप प्रारम्भ
- विद्युतीय सवारी साधन र चुलोको प्रयोग ५०%
- वन ढाकेको क्षेत्रफल कूल ४७%
- जलवायु परिवर्तन अनुसन्धान केन्द्र स्थापना

विगत २०० वर्षअघि विधिवत शुरू भएको औद्योगिक क्रान्तिसँगै निरन्तर बढेका आर्थिक गतिविधिका कारण जलवायु परिवर्तन भई वातावरणीय सन्तुलन र विविधता, भौगोलिक सुन्दरता र जीविकोपार्जनमा गम्भीर असरहरू देखिन थालेका छन् । मनसून चक्रमा फेरबदल तथा चरम तातो र चिसो तापक्रमको प्रवृत्ति सघन हुन थालेको छ । नेपालमै हिमपहिरो जाने, हिमताल बिस्फोट हुने र हिउँ पग्लने क्रम बढ्दो छ । शहरी क्षेत्रमा प्रदुषणका कारण जनस्वास्थ्य खस्कँदो छ । खडेरी, डढेलो र बाढी–पहिरो जस्ता विपद्का कारण जनधन तथा भौतिक संरचनामा क्षति भइरहेको छ । चुरे क्षेत्रमा भएको प्राकृतिक स्रोतको दोहनका कारण पनि तराई-मधेशमा पानीको सतह घटेको छ । जलवायु परिवर्तनको जोखिम घटाउन विश्वव्यापी औसत तापक्रम वृद्धिलाई पूर्व औद्योगिक समयको दाँजोमा दुई डिग्री सेल्सियस भन्दा कम कायम राख्ने सन् २०१५ को पेरिस जलवायु सम्मेलनको लक्ष्य अनुरूप नेपाली कांग्रेसले कार्वन उत्सर्जन र प्रदूषण घटाउने, आम जीवनशैली पर्यावरणमैत्री बनाउने, जलवायु अनुकूलनका योजनाहरू बनाउने र विपद् व्यवस्थापनलाई उच्च प्राथमिकता दिने छ ।

### दिगो र स्वच्छ वातावरण, वलियो र उत्थानशील पर्यावरण

- नेपाललाई सन् २०४५ सम्ममा शून्य कार्बन (नेट जिरो) उत्सर्जन गर्ने राष्ट्र बनाउन वन क्षेत्रको संरक्षण, प्रकृतिमा आधारित पर्यापर्यटन, दिगो कृषि प्रणाली, वनमा आधारित उद्योग व्यवसायको प्रवर्द्धन, जैविक विविधताको संरक्षण, स्थानीय सीप र प्रविधिको विकास र स्वच्छ ऊर्जाको सर्वव्यापी उपयोग गर्ने नीतिगत तथा संस्थागत व्यवस्था गरिने छ ।
- सन् २०४५ सम्ममा शहरी यातायातमा खनिज ऊर्जाको उपयोग शून्यमा झारिने छ ।
- नेपाललाई जलवायु उत्थानशील राष्ट्रको रूपमा चिनाउँदै अन्तर्राष्ट्रिय जलवायु वित्त अनुदान तथा सहुलियतपूर्ण ऋणका लागि अधिकतम पहल गरिने छ ।
- अनुकूलन क्षमताको विकास गर्दै जलवायु परिवर्तनजन्य जोखिमबाट जन-धनको सुरक्षा गर्नका लागि आवश्यक सवै स्थानमा पूर्वसूचना प्रणालीको विकास गरिने छ ।
- जलवायु परिवर्तन, सबै खाले प्रदूषण र जोखिम न्यूनीकरण सम्बन्धी शिक्षा प्रदान गर्ने, जनचेतना बढाउने तथा अनुकूलनका योजनाहरू तीनै तहका सरकारमा लागू गरिने छ ।

- इन्धनका लागि दाउरा, गुइँठा, भुस आदिको खपत गर्ने जनसंख्या ३५ प्रतिशतमा झार्ने, वन क्षेत्रको संरक्षणका लागि ढाकेको क्षेत्र ४७ प्रतिशत पुऱ्याउने तथा करिव ४ हजार जति सिमसार, ताल र पोखरीको विशेष संरक्षण गरिने छ ।
- स्थानीय सीप तथा प्रविधिको विकास र प्रयोग, जैविक ऊर्जा उत्पादन तथा स्वच्छ इन्धनबाट खाना पकाउने र औद्योगिक प्रयोग प्रवर्द्धन गरिने छ ।
- वातावरणीय प्रभाव तथा विपद् जोखिम अध्ययन गरेर मात्र भौतिक पूर्वाधार निर्माण गर्दै जोखिमयुक्त वस्तीहरूको अध्ययन गरी त्यस्ता वस्तीहरूलाई सुरक्षित ठाउँमा स्थानान्तरण गरेर एकीकृत नमूना बस्ती बसाइने छ ।
- शहरी क्षेत्रमा वृद्धवृद्धा र वालवालिकालाई केन्द्रमा राखेर हरित खुला पार्कहरूको निर्माणमा संघीय सरकारले विशेष कार्यक्रम ल्याउने छ ।
- जलवायु परिवर्तनका असर र प्रभावलाई निरन्तर अध्ययन गर्नका लागि जलवायु अध्येता र शोधकर्ताहरूलाई विशेष प्रोत्साहन दिंदै विशिष्ट अनुसन्धान केन्द्रको स्थापना गरिने छ ।
- जलवायु परिवर्तनको मुद्दा र जैविक विविधता संरक्षणका कार्यक्रमहरूमा लैंगिक समानता र सामाजिक समावेशीताको सिद्धान्तलाई पालना गरिने छ ।
- नेपालमा प्रयोग गरिने करिव ८० प्रतिशत सिसा र धातुलाई रिसाइकल गर्ने, ७५ माईक्रोन भन्दा कमका प्लाष्टिकका ब्याग, झण्डा लगायतका पुनः प्रयोग हुन नसक्ने प्लाष्टिकको आयात, उत्पादन तथा उपभोग आगामी दुई वर्षभित्र बन्द गर्ने लक्ष्य राखिने छ ।
- आगामी ५ वर्षमा बिद्युतीय सवारी साधनको प्रयोग ५० प्रतिशत पुऱ्याइने छ ।
- घरायसी र औद्योगिक प्रयोजनको लागि ५० प्रतिशत कम ऊर्जा खपत गर्ने उपकरणहरूको प्रयोगलाई प्रोत्साहित गरिने छ ।
- जलवायु परिवर्तन न्यूनीकरणको लागि स्थापित अन्तर्राष्ट्रिय कोषहरूमा पहुँच बढाउनुका साथै नेपालले संचित गरेको कार्वनलाई कार्वन क्रेडिट मार्फत् आर्थिक स्रोत परिचालन गर्ने छ ।
- बढ्दो भू-क्षय र बाढीको कारणले उर्वर भूमि र बस्तीको कटानलाई रोक्न स्थानीय निर्माण सामाग्री र प्रविधिको प्रयोग गरी योजनावद्ध रूपमा नेपालका नदीहरूमा तटवन्ध कार्यलाई अगाडि बढाइने छ ।
- जलवायु परिवर्तनका जोखिम कम गर्न तीनै तहका सरकारहरू र सरोकारवाला बीच समन्वय र सहकार्यका लागि आवश्यक संयन्त्रको विकास गरिने छ ।

## ५.६ कृषि

नेपालको कूल गार्हस्थ उत्पादनमा उल्लेख्य योगदान गर्ने कृषि क्षेत्र बहुसंख्यक नेपालीको रोजगारी, खाद्य तथा पोषण सुरक्षाका प्राथमिक आधार हो । नेपाली कांग्रेसले अंगीकार गरेका नीतिहरू (जस्तै बिर्ता उन्मूलन, नेपाल कृषि अनुसन्धान परिषद्को स्थापना, दीर्घकालीन कृषि नीति र भूउपयोग नीतिको तर्जुमा) लगायतका कारण कृषकहरूको सिँचाई, मल, बिउ तथा ऋण आदिमा पहुँच बढेको छ । तथापि जग्गाको बढ्दो खण्डीकरण, प्राविधिक जनशक्ति र प्रविधिको प्रयोग, कृषि मूल्य शृंखलाको सीमित विकास, उत्पादन सामग्रीको सीमितता, बसाइँ-सराइ र जलवायु परिवर्तन लगायतका पछिल्ला चुनौतीहरूलाई सम्बोधन गर्ने गतिशील नीति तथा कार्यक्रमहरूको अभावमा कृषि क्षेत्रको सापेक्षिक विकास हुन सकेको छैन । नेपाली कांग्रेसले आगामी पाँच वर्षमा कृषिको थप आधुनिकीकरण तथा व्यावसायीकरण गर्ने छ ।

**५ वर्षको लक्ष्य:**

- खाद्यान्न उत्पादकत्त्वमा वृद्धि
- तरकारी, फलफूल, माछा, मासु, दुध, मसला एवं औद्योगिक वालीमा आत्मनिर्भर
- नगदे वाली र जडीबुटीको निर्यात दोब्बर
- खाद्य असुरक्षा सूचकांकमा प्रगति
- भूउपयोग नीति अनुसार भूमिको वर्गीकरण
- कृषि मल कारखाना स्थापना

### खाद्य सुरक्षा र आयात प्रतिस्थापनका लागि आधुनिक प्रविधिमा आधारित कृषि

- पाँच वर्षभित्र भूउपयोग नीति तथा ऐन बमोजिम भूमिको वर्गीकरण गरिने छ । प्रत्येक स्थानीय तहमा कृषि भूमिको क्लस्टर बनाइ खाद्य तत्वको परीक्षण र माटोको गुणस्तरको चित्र बनाएर उत्पादन योजना तयार गरिने छ ।
- सरकारी, संस्थागत, हैसियत बिग्रिएको वन, नदी उकास तथा बाँझो जग्गाहरूको लगत संकलन गरी भूमि बैंकको स्थापना गरिने छ । भूमि बैंकमा स्थानीय कृषि मजदुर तथा कृषि उद्यमीहरूको अग्राधिकार रहने गरी कृषि उत्पादन वृद्धिका कार्यक्रम सन्चालन गरिने छ ।
- कृषि योग्य जमिनलाई बाँझो राख्ने तथा गैरकृषि प्रयोग गर्ने परिपाटीलाई निरूत्साहित गरिने छ । सुकुम्वासी, भूमिहीन, हलिया, मुक्तकमैयालाई नेपाली कांग्रेसको सरकारले घोषणा गरेको कार्यक्रम अनरूप भूमि उपलब्ध गराउने कार्यलाई तीव्रता दिइने छ ।
- कृषि प्रविधि विकास र प्रसारमा नवप्रवर्तन तथा सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्दै उच्च उत्पादन दिने जात तथा नश्लको विकास गरिने छ । बढी उत्पादन दिने बाली तथा पशुपन्छीको विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुसन्धानलाई प्राथमिकता दिइने छ ।
- उन्नत जातका बिउबिजनहरूको उपलब्धतालाई सहज र सुलभ बनाउने व्यवस्था मिलाइने छ ।
- ठूला सिँचाई प्रणालीको वैज्ञानिक व्यवस्थापन र साना तथा सौर्य सिँचाईको प्रयोग बढाइने छ ।

- नेपाली किसानलाई समयमै मल उपलब्ध गराउनका लागि सार्वजनिक-निजी साझेदारी मोडेलमा स्वदेशमै रासायनिक, प्राङ्गारिक तथा सुक्ष्म पोषक तत्त्वको उत्पादन गर्ने व्यवस्था मिलाइने छ । तर, हालको आवश्कता आपूर्ति गर्न राज्य मात्र होइन, निजी क्षेत्रले पनि आयत गर्न सक्ने अल्पकालीन नीति अनुसरण गरिने छ ।
- कृषि उत्पादन तथा प्रशोधनका लागि साना तथा मझौला कृषक तथा उद्यमीहरूलाई कृषि कर्जामा प्राथमिकता र व्याज अनुदान कार्यक्रमलाई उल्लेख्य रूपमा वृद्धि गरिने छ ।
- कृषि उपजहरूको विविधिकरण, व्यावसायीकरण तथा मूल्य अभिवृद्धि मार्फत् साना किसान तथा उद्यमीहरूको आम्दानी वृद्धिका क्रियाकलाप सन्चालन गरिने छ ।
- अधिक आयात हुने प्रमुख कृषि वस्तु (जस्तै धान, मकै, गहुँ, आलु, फलफूल, तरकारी, माछा तथा मासुजन्य उपज) हरूको बजारमुखी उत्पादन प्रणाली अवलम्वन गरिने छ ।
- मसिना धान तथा चैते धानको क्षेत्र विस्तार गर्दै सुरक्षित कटानी तथा भण्डारणका लागि मेकानिकल ड्राइङ्गको सुविधा विस्तार गरिने छ ।
- मुख्य-मुख्य निर्यातजन्य कृषि उपजहरू (जस्तै चिया, कफी, अलैची, अदुवा, छुर्पी) को उत्पादनमा वृद्धि गरिने छ । निर्यातजन्य कृषि उत्पादन, प्रशोधन र बजारीकरणमा योगदान गर्ने कृषक तथा उद्यमीहरूलाई प्रोत्साहनको व्यवस्था गरिने छ ।
- कृषि उपज निर्यात हुने वा हुने सम्भावना भएका प्रमुख गन्तब्य मुलुकहरूमा नेपाली कृषि बस्तुको बजार सूचना प्राप्त गर्ने तथा बजार अध्ययनको व्यवस्था मिलाइने छ ।
- अनुसन्धानमा आधारित हरित गृह ग्यास उत्सर्जन कम गर्ने तथा जलवायु परिवर्तन अनुकूलनका प्रविधिहरूको विकास र विस्तार गरिने छ ।
- जलवायु परिवर्तनबाट सृजित विपत्तिबाट हुने जमिन तथा कृषि पूर्वाधारहरूको क्षति न्यूनीकरण गर्ने उपायहरूको अवलम्बन गरिने छ ।
- व्यावसायिक तथा उत्पादनमूलक कृषि विकासलाई अत्यावश्यक नीति तथा ऐनहरू (जस्तै करार खेती, भूमि बैंक, कृषि अनुदान नीति, कृषि विद्युतीकरण नीति) एक वर्ष भित्र तर्जुमा गरी कार्यान्वयन गरिने छ ।
- नेपालमा पाइने विभिन्न प्रकारका जडिबुटीहरूको व्यावसायिक उत्पादनमा जोड दिंदै स्वदेशमै प्रसोधनका लागि सार्वजनिक-निजी साझेदारी मोडेलमा लगानी बढाइने छ ।

## ५.७ भौतिक पूर्वाधार

**५ वर्षको लक्ष्यः**

- आधा घण्टाभित्र पक्की सडक पुग्ने जनसंख्या ७५%
- सुरक्षित घरमा बसोबास गर्ने परिवारको संख्या ५५%
- राष्ट्रिय गौरवका सबै निर्माणाधीन आयोजनाहरू सम्पन्न

सबै नेपालीलाई एक आपसमा जोड्न, उपलब्ध सेवाहरूमा सहज पहुँच वढाउन, शहर र गाउँ बीचको असमान विकास कम गर्न पूर्वाधारलाई उच्च प्राथमिकतामा राखिएको छ । नेपालमा दिगो, दरिलो र गुणस्तरीय पूर्वाधार विकास गरी स्वदेशी उत्पादन र सेवाको लागत घटाउन सकिन्छ । बजारमा पहुँच पुऱ्याइ हाम्रा उत्पादनहरू प्रतिस्पर्धी बनाउन नेपाली कांग्रेसले पूर्वाधार क्षेत्रलाई अर्थतन्त्रको मेरूदण्डको रूपमा अघि बढाउने छ । सरकारी तथा निजी क्षेत्रको आवश्यक लगानी परिचालित हुन नसकेको अवस्थामा सार्वजनिक-निजी साझेदारीमा पूर्वाधार क्षेत्रमा लगानी बढाउन सबै तहका सरकारहरूलाई वर्तमान नीति तथा कानूनमा आवश्यक सुधार गरिने छ ।

**दरिलो र गुणस्तरीय पूर्वाधारः सवल र समावेशी अर्थतन्त्रको आधार**

- नेपाली कांग्रेसले बनाउने राष्ट्रिय पूर्वाधार रणनीतिमा आयोजनाको पहिचान, प्राथमिकरण, पाइपलाइन, लगानीका वित्तीय उपकरणहरूको यथोचित प्रयोग, संस्थागत संरचना, निगरानी तथा मूल्याङ्कन जस्ता बिषयहरूलाई समेट्दै पूर्वाधार विकास बैंकलाई पूर्वाधार आयोजनाको वित्तीय व्यवस्थापनका लागि नोडल एजेन्सीको रूपमा विकास गरिने छ ।
- पूर्वाधार बन्ड मार्फत् सडक, ऊर्जा र विमानस्थल जस्ता परियोजनाहरूका लागि पुँजी जुटाइने छ भने आम नेपाली, गैरआवासीय नेपाली, संस्थागत लगानीकर्ता तथा अन्तर्राष्ट्रिय लगानीकर्ताहरूलाई प्रोत्साहन र सहुलियत दिइने छ । यसैगरी संचालन तथा व्यवस्थापनमा सार्वजनिक निजी साझेदारी अवधारणा कार्यान्वयनमा ल्याई 'भायविलिटि ग्याप' पूर्ति गर्न ठोस नीतिगत व्यवस्था गरिने छ ।
- आधा घण्टाभित्र पक्की सडकमा पहुँच भएको जनसंख्यालाई ७५ प्रतिशत पुऱ्याइने छ ।
- २४ घण्टालाई तीन चरण (आठ-आठ-आठ) मा विभाजन गरी निर्माण परियोजनालाई समयमै सम्पन्न गर्ने नीति अनुसरण गरिने छ ।
- गतिशील घना बस्तीहरूलाई आधुनिक सेवा सुविधा सम्पन्न भूकम्प प्रतिरोधी बस्तीको रूपमा विकास गरी विपद्बाट सुरक्षित घरमा बसोबास गर्ने परिवारको संख्या ५५ प्रतिशत पुऱ्याइने छ ।
- मेची-काली रेलमार्ग निर्माण कार्यलाई उच्च प्राथमिकता दिँदै आवश्यक जग्गा अधिग्रहण गर्ने तथा अधिग्रहण गरेको जग्गाको समय मै उचित मुआव्जा दिएर निर्माण कार्यलाई तीव्रता दिइने छ ।
- काठमाडौं जोड्ने अन्तरदेशीय रेलमार्गहरूको निर्माणका सम्बन्धमा विस्तृत अध्ययन पश्चात् आर्थिक, पर्यावरणीय र प्राविधिक सम्भाव्यताको आधारमा अगाडि बढाइने छ ।

- विराटनगर र नेपालगञ्ज विमानस्थललाई क्षेत्रीय विमानस्थलका रूपमा विस्तारित गरिने छ ।
- हुलाकी, मध्य पहाडी र उत्तर-दक्षिण करिडोर (विराटनगर-किमाथाङ्का, त्रिवेणी-कोरोला र नेपालगंज-हिल्सा लगायत) सम्पन्न गर्दै पूर्वपश्चिम राजमार्गलाई जोड्ने मुख्य शहरी क्षेत्रमा ६ लेनमा स्तरोन्नती गरिने छ ।
- पूर्व-पश्चिम राजमार्गको कोसी, नारायणी, तिनाउ-कर्णाली लगायत ठूला राजमार्गका नदीमा थप पुलहरू निर्माण गरिने छ । नदी किनाराका तटवन्धलाई सम्भव भएका ठाउँमा वैकल्पिक सडकको रूपमा विकास गरिने छ ।
- सडक पूर्वाधारलाई अझ बढी प्रभावकारी बनाउन सुरूङ मार्ग र नदी तथा गहिरा खोँचहरूमा बढी लम्बाई भएका बिशिष्ट प्रकारका पुलहरू बनाइने छ ।
- सम्भाव्यता र उपादेयता भएका ठाउँमा यातायात र पयर्टनका लागि केबलकार निर्माण गर्न प्रोत्साहित गरिने छ ।
- शहरी क्षेत्रमा ठूला-ठूला सार्वजनिक यातायातका साधन तथा प्रविधिहरू (मास ट्रान्जिट) प्रवर्द्धन गरिने छ । उपत्यकाको सार्वजनिक यातायातलाई संघीय सरकार र सबै महा/उप/नगरपालिकाको एक संयुक्त संयन्त्रमा स्थापना गरी उपत्यका यातायात प्राधिकरण मार्फत् सुलभ र सुरक्षित यातायातको सुविधा उपलब्ध गराइने छ ।
- 'प्रत्येक घरमा बिजुली, प्रत्येक घरमा पक्की छाना' भन्ने नाराका साथ गरिब तथा विपन्न वर्गका परिवारका लागि सुरक्षित आवासको व्यवस्था गरिने छ ।
- मध्य पहाडी लोकमार्ग र हुलाकी राजमार्गका नयाँ शहरहरूलाई आधुनिक सेवा सुविधा सम्पन्न बनाइने छ ।
- पुराना र सरकारी तथा निजी भवनहरूलाई प्रवलीकरण गरी भूकम्प प्रतिरोधी बनाइने छ । यसैगरी सबै स्थानीय सरकारहरूलाई सरकारी र निजी आवास निर्माण गर्दा भूकम्प प्रतिरोधी मापदण्ड लागू गर्न लगाइने छ ।
- तराई-मधेश समृद्धि कार्यक्रम अन्तर्गत डुवानमा पर्ने दलित तथा पिछडिएको समुदायलाई सुरक्षित आवासको कार्यक्रमहरू संचालन गरिने छ ।
- सडक दुर्घटना न्यूनीकरण गर्न सवै सडकहरूमा योजना, डिजाइन र निर्माण गर्दा नै पैदलयात्री मैत्री मार्ग, आकाशे पुल, अपाङ्गमैत्री वस विसौनी जस्ता पूर्वाधारहरूको निर्माण तथा सम्वर्द्धन गर्ने परीपाटीलाई व्यापक सुधार गरिने छ ।
- पुँजीगत खर्च बढाउन प्राविधिक जनशक्ति क्षमता बढाउनका इन्जिनियरिङ स्टाफ कलेजको व्यबस्था तथा निजी क्षेत्रको क्षमता अभिवृद्धिका लागि विषेश कार्यक्रम ल्याइने छ । निर्माण कार्यमा आउने बाधा अड्चनहरू हटाउनका लागि आवश्यक नीतिगत तथा कानूनी प्रवन्ध गरिने छ ।

## ५.८ ऊर्जा र जलस्रोत

नेपालको ऊर्जा उत्पादनमा पूर्वाधार र प्रसारण लाइन निर्माणमा सुस्तता रहेकोले उपलब्ध जलस्रोतको अधिकतम सदुपयोग गर्न सकिएको छैन । हिउँदमा अझै विद्युत र ठूलो रकममा खनिज तेलको आयात गर्नु परेको छ । आन्तरिक ऊर्जा प्रणाली भरपर्दो नहुनाले विद्युतीय ऊर्जाको बहु प्रयोग बढाउन सकिएको छैन । विद्युत पहुँचको लागि वितरण प्रणालीको उपलब्धता र विद्युत आपूर्तिको विश्वसनीयता बढाउँदै ऊर्जा निर्यातको दीर्घकालीन सुनिश्चितता खोज्न आवश्यक पूर्वाधार र कूटनीति बलियो बनाइने छ ।

**५ वर्षको लक्ष्य:**

- **विद्युतीय ऊर्जाको उत्पादन १०००० मे.वा.**
- **प्रति व्यक्ति विद्युतीय ऊर्जा खपत १२०० युनिट**
- **४०० के.भी.को पूर्व-पश्चिम प्रसारण लाइन सम्पन्न**

### स्वच्छ ऊर्जा उत्पादन : दिगो विकासको आधार

- आगामी पाँच वर्षमा विद्युतीय ऊर्जाको उत्पादन १०००० मे.वा. बनाई विद्युतीय ऊर्जामा शतप्रतिशत नेपालीको घरायसी, कृषि र उद्योग व्यापारको आवश्यकता परिपूर्ति गरी प्रतिव्यक्ति विद्युतीय ऊर्जा खपत १२०० युनिट पुऱ्याइने छ ।
- जलस्रोतको बहुआयामिक उपयोग गर्दै ग्रीन हाइड्रोजन तथा ग्रीन अमोनियाको उत्पादन तथा बिक्री गरी आर्थिक उपार्जन गरिने छ ।
- ऊर्जा सुरक्षाको लागि सन्तुलित ऊर्जा सम्मिश्रण (रन अफ रिभर र जलाशययुक्त) आयोजना निर्माण गर्न विशेष प्राथमिकता दिइने छ । नेपालको कूल ऊर्जाको १० प्रतिशत भन्दा बढी बैकल्पिक ऊर्जा स्रोतबाट प्राप्त गर्न ग्रीड जडित सौर्य ऊर्जा, सौर्य फार्म, जैविक तथा वायु ऊर्जा जस्ता प्रविधि परिचालन गरिने छ ।
- आगामी ५ बर्षमा ४०० के.भी. को पूर्व-पश्चिम प्रसारण लाइन सम्पन्न गरिने छ ।
- आगामी ५ बर्षमा बुटवल-गोरखपुर अन्तर्राष्ट्रिय विद्युतीय प्रसारण लाइन निर्माण सम्पन्न गरी लम्की-बरेली लगायत भारतसँग थप तीनवटा र चीनसँग एउटा अन्तर्राष्ट्रिय प्रसारण लाइनको अध्ययन पश्चात लाभदायक देखिएमा पीपीपी मोडलमा आन्तरिक तथा बाह्य स्रोत परिचालन गरी निर्माण कार्य शुरू गरिने छ ।
- राष्ट्रिय विद्युत प्रसारण प्रणाली विकास योजना अन्तर्गत रहेका नदी बेसिन लगायत अन्य प्रसारण लाइनहरूको निर्माण कार्यमा देखिएका मुख्य अवरोधहरूको सम्बोधन गरिने छ ।
- बिद्युत प्रसारण लाइन निर्माण तथा संचालनमा निजी क्षेत्रलाई प्रोत्साहित गर्न विद्युत उत्पादन क्षेत्रमा पहुँचमार्ग, प्रसारण लाइन लगायतका पूर्वाधारमा निजी क्षेत्रलाई आंशिक रकम शोधभर्नाको नीति ल्याइने छ ।
- निजी विद्युत उत्पादन कर्ताले ह्विलिङ्ग चार्ज तिरी उद्योगलाई बिक्री गर्न दिने कार्यविधि तर्जुमा गरिने छ ।

- सन् २०१७ मा नेपाली कांग्रेसले नेतृत्व गरेको सरकारले ल्याएका स्थानीय सरकारको सहभागितामा वितरण प्रणाली मै प्रत्यक्ष उत्पादन जोड्दै ग्राहकलाई नजिकबाट सेवा दिने योजना कार्यान्वयन गरिने छ ।
- कृषि उत्पादन बढाउनका लागि पहाडका टार र तराई–मधेशमा विद्युतीय लिफ्ट सिँचाई परियोजनाहरूलाई सहुलियत दिइने छ ।
- आयातित ग्यास र अन्य परम्परागत इन्धनलाई विस्थापन गर्न विद्युतीय चुलोको वितरण र प्रयोगलाई व्यापक वित्तीय प्रोत्साहन दिइने छ ।
- राष्ट्रिय ऊर्जा सुरक्षा नीति तर्जुमा गरी स्थानीय तथा प्रादेशिक सरकार मार्फत् कार्यान्वयन गरिने छ ।
- संघ, प्रदेश र स्थानीय तहसँग समन्वय गरी करिव ५० प्रतिशत खेती योग्य जमिनमा बाह्रै महिना सिँचाई सुबिधा पुऱ्याइने छ ।
- भूमिगत सिँचाई, विद्युतीय तथा सौर्य लिफ्ट सिँचाई, साना सिँचाई, स्थानीय प्रविधि, थोपा सिँचाई प्रविधि एवं आकाशे पानी संकलनद्धारा सिँचाई प्रणाली बिस्तार गरिने छ ।
- सुनकोसी–कमला तथा भेरी–बबई डाइभर्सन लगायत अन्य वहुउद्देस्यीय आयोजना सम्पन्न गरिने छ ।
- रानी–जमरा–कुलेरिया तथा महाकाली सिँचाई आयोजना लगायतका निर्माणाधीन सिँचाई आयोजनालाई सम्पन्न गरिने छ ।
- खानेपानीका मुहानहरू सुक्दै गइरहेका कारण पिउने पानीको अभाव भएकाले आकाशेपानी संङ्कलन लगायत विभिन्न वैकल्पिक उपायहरू अपनाइने छ ।
- सबै घरधुरीमा स्वच्छ खानेपानी पुऱ्याउन नसकिएको अवस्थालाई सुधार गर्दै पाइपमा पानी पुगेको घरधुरी ७५ प्रतिशत पुऱ्याइने छ ।
- आगामी ५ वर्षमा ९५ प्रतिशत भन्दा बढी जनसंख्यालाई आधुनिक सरसफाई प्रणालीमा आवद्ध गरिनुका साथै सबै शहरहरूमा फोहोर पानी ट्रिटमेन्ट परियोजना सहित दिगो ढल प्रणालीहरू बनाइने छ ।

## ५.९ पर्यटन

आधुनिक पर्यटन वैदेशिक मुद्राको स्रोत, रोजगारी सृजना र आय आर्जनका दृष्टिकोणले सदा वृद्धि भइराखेका धेरै कम उद्योगहरू मध्यको एक हो । सामाजिक, धार्मिक, आध्यात्मिक, साँस्कृतिक र प्रकृतिमा रमाउने पर्यटकहरूका बीच नेपालको छवि उच्च बनाउन सकिन्छ । कोभिड महामारीको महासंकटले पर्यटन क्षेत्रको खस्किएको मनोबल उकास्न ५ वर्षे रणनीति बनाइने छ । प्राकृतिक विशिष्टता, साँस्कृतिक वैभवता, रूपान्तरणयोग्य आध्यात्मिकता, भू-बनोटीय सुन्दरता र रणनीतिक भौगालिक अवस्थितिले गर्दा पर्यटनमा प्रचुर सम्भावना रहेकाले दिगो आर्थिक विकासको एउटा आधार हो । कूल गार्हस्थ उत्पादनमा यस क्षेत्रको प्रत्यक्ष योगदान ५ प्रतिशत पुऱ्याउने लक्ष्य हामीले लिएका छौं ।

**५ वर्षको लक्ष्यः**

- **पाँच वर्षमा वार्षिक २० लाख पर्यटक**
- **दैनिक पर्यटक खर्च १०० डलर**
- **कूल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको प्रत्यक्ष योगदान ५%**

### दिगो र समावेशी विकासका लागि पर्यटन

- आगामी पाँच वर्षमा वार्षिक विदेशी पर्यटक आगमन संख्या १२ लाखबाट २० लाख, पर्यटकको औसत बसाईलाई १३ दिनबाट १५ दिन, प्रति पर्यटक खर्च दैनिक ४८ डलरबाट १०० डलर पुऱ्याउने लक्ष्य लिइने छ ।
- नेपाललाई प्रकृतिमा आधारित पर्यटन र साहसिक पर्यटनको लागि अन्तर्राष्ट्रिय गन्तव्य वनाउन आवश्यक कार्य गरिने छ । निजी क्षेत्रसँगको सहकार्यमा होटल पूर्वाधार र जनशक्तिको विकास एवं गन्तव्यहरूको प्रवर्द्धन गरिने छ । पश्चिमी राष्ट्रहरू र मध्यम वर्गीय जन घनत्व भएका उदीयमान एशियाली राष्ट्रहरूबाट पर्यटकहरू भित्र्याउन व्यापक बजारीकरण गरिने छ ।
- हवाई यातायातको एकाधिकारलाई कम गर्दै प्रतिस्पर्धालाई प्रोत्साहित गर्ने नीति लिइने छ ।
- स्थापित तथा उदीयमान गन्तव्यहरू सम्मको सहज र सुलभ पहुँचका लागि पूर्वाधार विस्तार र स्तरोन्नति गरिने छ । पर्यटकहरूको धेरै चहलपहल हुने स्थानहरू सुरक्षित र डिजिटल नक्सामा देखिने बनाइने छ ।
- सरकारी र सार्वजनिक नयाँ पूर्वाधारको निर्माण गर्दा स्थानीय पहिचान झल्किने र पर्यटकका लागि आकर्षण बन्न सक्ने परम्परागत सँस्कृतिलाई कलात्मक रूपमा सौन्दर्यकरण गरिने छ ।
- वातावरणमैत्री व्यवसायका रूपमा पर्यटन प्रवर्द्धन गर्दै दिगो विकासको पदमार्गमा अघि बढ्न सामुदायिक वनको विस्तार र पुरातात्विक सम्पदा स्थलहरूको संरक्षण गरिने छ । सबै पर्यटकीय गन्तव्यहरूमा सार्वजनिक शौचालय, पाटी, पौवाको व्यवस्था गरिने छ ।

- पर्वतारोहण, पदयात्रा, जलयात्रा, जंगल सफारी जस्ता साहसिक गतिविधिमा पथ प्रदर्शक तथा भरियाका रूपमा काम गर्ने जनशक्तिका लागि दुर्घटना बिमा गरिने तथा सुरक्षा सेल्टर निर्माण गरी कष्टकर जीवनलाई सहज र सुरक्षित बनाइने छ ।
- परम्परागत शैलीमा निर्माण भएका घरहरूको संरक्षण तथा त्यस्तै शैलीमा नयाँ घर निर्माण गर्न खोज्नेहरूका लागि घरकर वा अन्य सहुलियत दिएर प्रोत्साहन गरिने छ ।
- सरकारी वा निजी स्वामित्वमा रहेका पौराणिक एवं परम्परागत भौतिक संरचनालाई मौलिक गतिविधि वा विशिष्ट बुटिक आवासका रूपमा प्रवर्द्धन गरिने छ ।
- विभिन्न स्थानमा रहेका तर प्रयोगमा नआएका विमानस्थल तथा अन्य खाली रहेका सार्वजनिक जग्गाहरू पर्यटकीय गतिविधि विकासका लागि निजी क्षेत्रसँगको सहकार्यमा उपयोग गरिने छ ।
- होम स्टे, पर्यटन, ग्रामीण पर्यटन जस्ता समुदायमा आधारित पर्यटन सञ्चालन गरिरहेका उद्यमीहरूका लागि आधारभूत विदेशी भाषा तालीम, सरसफाई र सुरक्षा (खाद्य तथा आवास) सम्बन्धी जनचेतनामूलक अभिमुखीकरण र होम स्टे सेवाको स्तरोन्नतिमा सहयोग गरिने छ ।
- स्थानीय स्तरका पर्यटन उद्यामीहरूका लागि आन्तरिक एवं बाह्य पर्यटक पहिचान गर्दै मुख्य स्रोत बजारहरूका साझेदार निकायहरूसँग सम्पर्क स्थापित गर्न सघाइने छ ।
- पर्यटकहरूको आगमनलाई सहज बनाउन गृह, परराष्ट्र र नागरिक उड्डयन तथा पर्यटन मन्त्रालयको संयुक्त संयन्त्र स्थापना गरिने छ ।
- नेपालको हवाइ सेवालाई थप सुरक्षित र विश्वसनीय बनाउन अन्तर्राष्ट्रिय मापदण्डको पालना गरिने छ । यसैगरी नेपाललाई युरोपियन युनियनको हवाई सुरक्षा सम्बन्धी सेफ्टी लिस्टबाट हटाउन पहल गरिने छ ।

## ५.१० कला, संस्कृति र खेलकुद

संस्कृति, कला, सङ्गीत, रङ्गमञ्च, चलचित्र, खेलकुद आदि क्षेत्रले नेपाली राष्ट्रिय भावना अभिवृद्धि गुर्नका साथै नेपाली मूल्य-मान्यताको जर्गेना गर्दछ भन्ने मान्यता नेपाली कांग्रेसको छ। सर्वाङ्गीण विकासको हाम्रो अवधारणामा भौतिक विकासदेखि साँस्कृतिक वैभव र पहिचानसम्मको वृहत्तर अवधारणा हो। यस क्षेत्रको संरक्षण र सम्वर्द्धन गर्दै लोकतान्त्रिक समाजवाद, बहुलवाद तथा सामाजिक न्यायमा आधारित सभ्य, सुसंस्कृत र समुन्नत राष्ट्र निर्माण गर्ने प्रतिबद्धता हामी जाहेर गर्दछौं।

**लक्ष्य:**

- **स्रष्टा-सर्जकहरूको वृत्ति-विकास**
- **प्रदेश स्तरीय सांस्कृतिक सङ्ग्रहालय एवं आदिवासी-जनजातिहरूको भाषा, साहित्य, संस्कृतिको संरक्षण र सम्वर्द्धन**
- **उदीयमान तथा व्यावसायिक खेलाडीहरूमा व्यापक लगानी**

### कला र संस्कृतिको उन्नयन : समुन्नत नेपालको पहिचान

- विभिन्न जातजाति, समुदाय र भूगोलको भाषा, साहित्य, कला, संस्कृति, सङ्गीत एवम् इतिहास झल्किने कम्तिमा प्रदेश स्तरीय एक संग्रहालय स्थापना गरी नेपालका सबै जातजातिका भाषाहरूमा पठनपाठनको व्यवस्था गरिने छ।
- सातवटै प्रदेशमा भाषा, साहित्य, कला, संस्कृति, सङ्गीत, चलचित्र, नाटक प्रदर्शनका लागि प्रेक्षालयको स्थापना गरिने छ।
- नेपाली भाषा, साहित्य, कला, संस्कृति, सङ्गीत, चलचित्र, रङ्गमञ्च आदि क्षेत्रका स्रष्टा-सर्जक, कलाकारहरूलाई सम्मान, पुरस्कार र संरक्षणको व्यवस्था गरिने छ। राज्यको लगानी अभिवृद्धि गर्दै स्रष्टा-सर्जकहरूको वृति-विकास र क्षमता अभिवृद्धि गरिने छ।
- नेपाल प्रज्ञा-प्रतिष्ठान, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान लगायत देशका महत्त्पूर्ण प्राज्ञिक संघ-संस्थाहरूलाई अझ प्रभावकारी बनाउन पर्याप्त बजेट विनियोजन गरिने छ।
- विद्यालय तहदेखि विश्वविद्यालयसम्मका पाठ्यक्रमहरूमा नेपाली साहित्य, कला, संस्कृति, इतिहास एवम् ज्ञान-विज्ञानका विषयवस्तुहरू समाहित गरी समय सापेक्ष परिमार्जन गरिने छ।
- कला साहित्यका अन्य विधालाई जस्तै नेपाली चलचित्र र सम्बन्धित क्षेत्रलाई संस्कृति, पर्यटन तथा नागरिक उडययन मन्त्रालय मातहत राखेर नियमनकारी संस्थालाई राष्ट्रिय चलचित्र आयोगको स्वरूपमा रूपान्तरण गरी पूर्ण स्वायत्त बनाइने छ।
- स्रष्टा-सर्जकहरूको प्रतिलिपि अधिकारलाई कानूनी रूपमा थप मजबुत बनाउदै पूर्णरूपमा कार्यान्वयन गराइने छ र स्रष्टा-सर्जकहरूका सृजनाहरूको सार्वजनिक प्रयोग हुँदा प्राप्त हुने वौद्धिक सम्पतिको अधिकार एवम् रोयल्टी कानून बमोजिम अनिवार्य पाउने व्यवस्था मिलाइने छ।
- संगीत रोयल्टीको व्यवस्थापनको लागि प्रभावकारी भूमिका निर्वाह गर्न आवश्यक नीतिगत र संरचनागत व्यवस्था गरिने छ। यसैगरी लोपोन्मुख लोक संगीत सम्पदाहरूको संरक्षणका लागि प्रभावकारी कार्यक्रम तर्जुमा गरिने छ।
- नेपाली भाषा, साहित्य, कला, संस्कृति, चलचित्र, मूर्तिकला, हस्तकला, काष्ठकला तथा वास्तुकलाका कुनै पनि सामाग्री, सूचना र रचनाहरू नेपाल बाहिर निर्यात गर्दा अर्को राष्ट्रसँग समानताका आधारमा गरिनुका साथै कर छुटको व्यवस्था गरिने छ।

- नाफामूलक व्यावसायिक एवम् वित्तीय संस्थाहरूले खर्च गर्दै आएको सी.एस.आर. अन्तर्गतको उल्लेख्य अंश भाषा, साहित्य, कला र संस्कृतिका क्षेत्रमा खर्च गर्ने नियम ल्याइने छ ।
- खेलकुद विकासका लागि खेल पूर्वाधारहरूको निर्माण तथा उचित सम्वर्द्धन गर्नुका साथै व्यवस्थापकीय संरचनालाई अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम सुधार गरी खेलाडीहरूको भविष्य सुनिश्चित गर्दै खेल प्रशिक्षक, खेल पदाधिकारी, खेलकर्मी र खेल पत्रकारितालाई उच्च प्राथमिकतामा राखिने छ ।


## ५.११ एकीकृत सामाजिक सुरक्षा: कोखदेखि शोकसम्म

नेपाली कांग्रेसले परिकल्पना गरेको समतामूलक र न्यायपूर्ण समाजमा नागरिकको जन्मदेखि मृत्युसम्म सामाजिक सुरक्षाका दृष्टिले राज्यका केही निश्चित आर्थिक तथा सामाजिक दायित्व हुन्छन् । त्यसैले नेपाली कांग्रेसले सस्तो लोकप्रियताका लागि सामाजिक सुरक्षाका खुद्रे वितरणमुखी कार्यक्रममा होइन, प्रत्येक नेपाली नागरिकले सम्मानित जीवनयापन गर्न सक्ने गरी एकीकृत सामाजिक सुरक्षा अवधारणामा विश्वास गर्दछ । कोखदेखि शोकसम्मको एकीकृत सामाजिक सुरक्षा अवधारणा निम्न मान्यतामा अडेको छ :

१. लोकतान्त्रिक समाजमा हरेक नागरिक आत्मसम्मानका साथ बाँच्न पाउनु पर्दछ । जन्मदेखि मृत्युसम्मको जीवनचक्रमा केही निश्चित कालखण्डहरू बढी जोखिमपूर्ण हुन्छन्, जति बेला नागरिकको भरथेग गरिदिनु राज्यको दायित्व हो ।
२. जिम्मेवार राज्यले सामर्थ्य र आवश्यकतालाई सन्तुलनमा राख्नु पर्दछ । अल्पकालीन राजनीतिक लाभका लागि राज्यको ढुकुटी रित्याउने गरी जथाभावी वितरणमुखी कार्यक्रम ल्याउनु हुँदैन । तर मुलुकको राजस्व, नागरिकको योगदान, संस्थागत कोषहरू र नवीन वित्तीय उपकरणहरूले धान्न सम्भव भएसम्म राज्य जनताप्रति जिम्मेवार र सहयोगी बन्नु पर्दछ ।
३. वृहत पुनर्वितरण र सामाजिक बिमा समेटिने एकीकृत सामाजिक सुरक्षा कार्यक्रम प्रभावकारी रूपमा कार्यन्वयन गरी यसको उद्देश्य हासिल गर्न विशेष पहल गरिने छ । यसलाई दुरूपयोग हुन नदिन तथा यसलाई अझै नागरिकमैत्री बनाउन सरकारले उत्प्रेरकको भूमिका निर्वाह गर्दै थप सहजीकरण र सरलीकरण गर्नुपर्छ ।

नेपाली कांग्रेसको सरकारले आगामी पाँच वर्षमा राष्ट्रिय परिचय स्मार्ट कार्डका माध्यमबाट कोखदेखि शोकसम्मका निम्न कार्यक्रमहरूको एकीकृत सामाजिक सुरक्षा प्याकेज लागु गर्नेछ । वार्षिक संघीय बजेटमा सामाजिक सूरक्षाका सबै कार्यक्रमहरूको अंश १० प्रतिशत भन्दा कम हुनेछैन ।

## कोखदेखि शोकसम्म



| बृहत् लक्ष्य : कोखदेखि शोकसम्म | |
|---|---|
| प्रजनन् स्वास्थ्य र अधिकार | - प्रजनन् छनोटको स्वतन्त्रताको प्रत्याभूति<br>- युवा-युवतीलाई निःशुल्क प्रजनन् स्वास्थ्य शिक्षा र सेवा |
| गर्भावस्था | - गर्भावस्थामा निःशुल्क परीक्षण र परामर्श<br>- गर्भवतीका लागि निःशुल्क पोषणको प्याकेज |
| सुरक्षित मातृत्व | - निःशुल्क संस्थागत सुत्केरी सेवा<br>- सुत्केरी र नवजात शिशुको घर दैलोमा स्वास्थ्य सेवा<br>- पाँच हजार सुत्केरी भत्ता<br>- सुत्केरी आमा पोषिलो खाना अन्तर्गत आमा र शिशुका लागि १००० दिनसम्म पोषण कुपन |
| बालविकास | - निशुल्क खोप तथा पोषण प्याकेज<br>- ३ वर्षमुनिका बालवालिकालाई निःशुल्क उपचार<br>- शिशु स्याहार केन्द्र र दिवा खाजा |
| शिक्षा | - निःशुल्क आधारभूत तथा माध्यमिक शिक्षा,<br>- दलित र विपन्न विद्यार्थीका लागि उच्च शिक्षा सम्म विशेष सहयोग र छात्रवृत्ति<br>- प्राविधिक शिक्षा सहायता र छात्रवृत्ति कार्यक्रम<br>- शैक्षिक संस्थामा आवास, खाना, पोसाक, छात्रवृत्ति र प्रोत्साहन (साइकल, ल्यापटप) |
| स्वास्थ्य | - सवै नागरिकलाई स्वास्थ्य बिमा<br>- ६५ वर्ष भन्दा माथिका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र विपन्न लगायतलाई<br>- निःशुल्क स्वास्थ्य बिमा<br>- स्वास्थ्य उपचारमा खल्तिको पैसा खर्च कम गर्न विशेष व्यवस्था |
| रोजगारी र श्रम | - सवै युवा-युवतीलाई सम्मानित रोजगार, तरूण सीप वृत्ति वा पूर्णकालीन शिक्षा<br>- स्वरोजगार सहुलियत कार्यक्रम (एकल महिला तथा अपाङ्गता भएका नागरिकद्वारा सञ्चालित स्वरोजगारको हकमा ५० प्रतिशत सरकारको तर्फबाट योगदान)<br>- विपन्नका लागि न्यूनतम १०० दिनको रोजगारीको प्रत्याभूति<br>- सवै श्रमिकको सामाजिक सुरक्षा कोष मार्फत् योगदानमा आधारित निवृत्तिभरण<br>- सवै श्रमिकको संचय कोष र उपदानको प्रत्याभूति<br>- दलित समुदायको परम्परागत सीप प्रवर्द्धन सहयोग<br>- वैदेशिक रोजगारमा संलग्नका लागि लाभांश दिने रेमिट परियोजना |
| वृद्धावस्था | - ६५ वर्ष माथिका सवै ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य बिमा<br>- ६८ वर्ष माथिका सवै ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक भत्ता<br>- ७३ वर्ष माथिका सवै नागरिकलाई निःशुल्क उपचार<br>- ज्येष्ठ नागरिक सत्संग केन्द्र<br>- ज्येष्ठ नागरिक उपचार खर्च<br>- ज्येष्ठ नागरिकलाई घरमै स्वास्थ्य सेवा |
| मृत्यु संस्कार | - विपन्न आर्थिक अवस्था भएका नागरिकको मृत्यु हुँदा मृत्यु संस्कार खर्च १० हजार स्थानीय सरकार मार्फत् उपलब्ध |

# हाम्रो प्रतिज्ञा

| हामी के गर्छौं | हामी के गर्दैनौं |
| --- | --- |
| • संघीय संसद र प्रदेश सभाले बनाउन बाँकी रहेका कानून निर्माण र परिमार्जन गरी एक वर्षभित्र संघीय प्रणालीलाई प्रभावकारी बनाउन आवश्यक संस्थागत संरचना बनाई प्रदेश र स्थानीय तहको क्षमता अभिवृद्धि गर्ने छौं<br>• सार्वजनिक खर्च पुनरावलोकन आयोगका अध्ययनहरूलाई अद्यावधिक गरी उपादेयता नदेखिएका विभाग र सार्वजनिक संस्थाहरू खारेज गर्ने छौं<br>• सार्वजनिक संस्थाहरूलाई दलीय हस्तक्षेपबाट मुक्त गर्दै सार्वजनिक पदहरूमा नियुक्ति गर्दा विषयगत योग्यता र व्यक्तिको 'ट्रयाक रेकर्ड' हेरेर निश्चित मापदण्डका आधारमा गर्ने छौं<br>• निजी क्षेत्रसँगको परामर्शमा खारेज, सुधार वा नयाँ निर्माण गर्नु पर्ने करिव २ दर्जन ऐनहरूको "ओम्निबस आर्थिक प्याकेज" ६ महिनाभित्रै ल्याउने छौं<br>• 'नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम'लाई १०० दिन भित्रै विस्तार गरी कार्यान्वयन गर्ने छौं<br>• स्वार्थको द्वन्द्व सम्बन्धी एकीकृत कानून तर्जुमा गर्ने छौं<br>• सार्वजनिक पद धारण गरेको कुनै पनि व्यक्ति भ्रष्टाचार, सामाजिक विचलन वा अनियमितता वा फौजदारी कसुरमा आरोप लागेमा तत्काल पदमुक्त गरी छानविन गर्ने छौं<br>• विद्युतीय प्रणाली मार्फत् पाँच वर्षपछि हुने निर्वाचनमा विदेशमा रहेका नेपाली नागरिकको मताधिकार सुनिश्चित गर्न निर्णायक पहल गर्ने छौं<br>• विस्तृत शान्ति सम्झौताको भावना अनुसार संक्रमणकालीन न्यायसम्बन्धी बाँकी काम अविलम्व सम्पन्न गर्ने छौं<br>• भ्रष्टाचारलाई प्रभावकारी ढङ्गले नियन्त्रण गर्न मौजुदा कानूनमा अत्यावश्यक सुधार गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पुनर्संरचना गर्ने छौं<br>• संकल्पमा उल्लेखित विषयहरूको कार्यान्वयनको अवस्थाका सन्दर्भमा पार्टीभित्र अनुगमन र मूल्याङ्कन संयन्त्र बनाई प्रभावकारी अनुगमन गर्न हरेक आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र 'पार्टी अडिट' गर्ने छौं | • दलहरूको आन्तरिक विवाद वा फरक दलहरू बीच उत्पन्न हुनसक्ने द्वन्द्व वा विवादका कारण प्रतिनिधिसभालाई विघटन गर्ने अलोकतान्त्रिक र असंवैधानिक कदम चाल्ने छैनौ<br>• सरकारी सम्पत्तिको दुरूपयोग तथा प्राकृतिक स्रोत-साधनको दोहन गर्दैनौं, गर्न दिने छैनौं<br>• कानूनको सीमा भन्दा बाहिर गएर तथा आर्थिक प्रलोभन वा व्यक्तिगत प्रभावमा परेर कुनै पनि निर्णय वा काम गर्ने छैनौं<br>• निर्दिष्ट योजना र विनियोजित स्रोत सीमा बाहिर गई अपारदर्शी वा अनुत्तरदायी रूपमा हचुवाका भरमा कुनै पनि निर्णय वा काम गर्दैनौं, गर्न दिने छैनौं<br>• कानून, आर्थिक तथा वित्तीय उत्तरदायित्व र अनुशासनको उल्लंघन गर्दैनौ, गर्न दिने छैनौं<br>• महिलामाथि हुने हिंसा, जातीय भेदभाव, छुवाछुत, लैंगिक विभेद, सामाजिक विकृति र विसंगतिलाई प्रोत्साहन हुने कुनै पनि कुरामा प्रत्यक्ष तथा परोक्ष रूपमा समेत संलग्न हुने छैनौं<br>• स्वार्थले द्वन्द्व सृजना हुने कुनैपनि निर्णय वा नीतिगत प्रक्रियामा संलग्न हुने छैनौं<br>• संविधानको मर्म र भावना विपरीत प्रदेश र स्थानीय सरकारका अधिकारमा अवाञ्चित हस्तक्षेप गर्ने छैनौं<br>• अन्तर्राष्ट्रिय सम्बन्ध, विदेश नीति, वैदेशिक सहयोग र रूपान्तरणकारी ठूला विकास परियोजनालाई क्षणिक लाभका लागि राजनीतिकरण गर्ने छैनौं |

# अनुसूची

## नेपाली कांग्रेसको नेतृत्वमा भएको विगत ३० बर्षको प्रतिफल

| | | वि. स. २०४८ | वि. स. २०७८ |
|---|---|---|---|
| १ | अन्तर्राष्ट्रिय गरिबीको रेखामुनि रहेको जनसंख्या (प्रतिशत) | ५५.२ | ८.२ |
| २ | साक्षरता ५ - २४ उमेर समूह (प्रतिशत) | ५० | ९२ |
| ३ | प्राथमिक विद्यालय खुद भर्ना दर (प्रतिशत) | ६४ | ९७ |
| ४ | माध्यामिक विद्यालयको संख्या | १,९५९ | १०,६४४ |
| ५ | औसत आयु | ५४ | ७१ |
| ६ | चिकित्सा र इन्जिनियरिङ्ग विद्यार्थी संख्या (स्नातक तह) | ५७९ | ५६,७७४ |
| ७ | स्वास्थ्य चौकीको संख्या | १,०९८ | ३,७९४ |
| ८ | शिशु मृत्यु दर (प्रति १००० जीवित जन्म) | १०८ | २१ |
| ९ | मातृ मृत्यु दर (प्रति १ लाख जीवित जन्म) | ८५० | २३९ |
| १० | खानेपानीको सुविधा पुगेको जनसंख्या (प्रतिशत) | ३६ | ८८ |
| ११ | शौचालय र सरसफाई पुगेको जनसंख्याको प्रतिशत | ६ | ९८ |
| १२ | ऊर्जा शक्ति | २२७ मे.वा. | २१९० मे.वा. |
| १३ | विद्युतमा पहुँच पुगेको जनसंख्याको प्रतिशत | ९ | ९३ |
| १४ | सडक (सबै खालका) | ७,३३० कि.मी. | ९८,४८८ कि.मी. |
| १५ | सडक (कालोपत्रे र ग्रावल) | ४,६१६ कि.मी. | ४३,२२६ कि.मी. |
| १६ | सिँचाई सुविधा भएको क्षेत्रफल (हेक्टर) | ५.४ लाख | १५ लाख |
| १७ | टेलिफोन | ७१,५६० (ल्याण्ड लाइन) | ३ करोड ८० लाख (मोबाइल) |
| १८ | बैकिंग तथा वित्तीय संस्थाहरूको संख्या | ५ | १२८ |
| १९ | कूल गार्हस्थ उत्पादमा राजश्वको अनुपात (प्रतिशत) | ९ | १९ |
| २० | वनले ढाकेको क्षेत्र (कूल क्षेत्रफलको प्रतिशत) | ३७ | ४५ |

*स्रोतः राष्ट्रिय योजना आयोग लगायत नेपाल सरकारका अन्य दस्तावेज*

# हाम्रो अपिल

**आदरणीय आमा-बुबा, दाजु-भाइ तथा दिदी-बहिनीहरू,**

जय नेपाल !

सम्पूर्ण नेपाली जनताको अथक संघर्ष र बलिदानस्वरूप संविधानसभाबाटै संविधान लेखिनुपर्छ भन्ने सङ्कल्प नेपाली कांग्रेसको नेतृत्वमा साकार भएसँगै आवधिक निर्वाचनको यो दोस्रो अवसर प्राप्त हुँदैछ । यस अवसरमा २०७४ देखि २०७९ सम्मको विगत पाँच वर्षमा सरकार र राजनीतिक दलहरूले निर्वाह गरेको भूमिकाको वस्तुनिष्ठ समीक्षा र मूल्याङ्कन गरी सम्पूर्ण सार्वभौम नेपाली जनताले विवेकसम्मत निर्णय गरेर देशलाई लोकतान्त्रिक संविधानको जगमा द्रुत विकासको मार्गमा अगाडि बढाउन सही निर्णय गर्नु पर्ने घडी आएको छ ।

नेपाली कांग्रेसले इतिहास र नेपाली जनताले सुम्पिएको हरेक युगान्तकारी र चुनौतीपूर्ण अभिभारा इमान्दारी र निष्ठापूर्वक निर्वाह गर्दै आएको छ । नेपालको लोकतन्त्र पटक-पटक विभिन्न खालको अतिवाद र उग्रवादको आक्रमणबाट जोखिममा पर्दै आएको छ । यस्ता उग्रवाद तथा अतिवादका विरूद्ध अविचलित संघर्ष गर्दै नेपाली कांग्रेसले लोकतन्त्र, समुन्नति, उदार तथा समतामूलक समाज र मानव अधिकारको आधारशिला खडा गरेको छ । नेपाली कांग्रेसको अविचलित संघर्षको कारणले नै पूर्ववर्ती सरकारले सृजना गरेको राजनीतिक तथा संवैधानिक दुर्घटनाबाट देशलाई बचाएर ऐतिहासिक जनआन्दोलनबाट स्थापित गणतन्त्र र संविधानको रक्षा भएको छ । २००७ सालको जनक्रान्तिदेखि हालसम्मका ऐतिहासिक घटनाक्रमले के पुष्टि गरेका छन् भने राष्ट्रियता, लोकतन्त्र, संविधान र वहुलवादी तथा समतामूलक समाज निर्माणको नेतृत्व नेपाली कांग्रेसले गर्दै आइरहेको छ ।

समयले पुनः संविधानको रक्षा, स्थायित्व र समुन्नतिको नेतृत्व गर्ने अभिभारा नेपाली कांग्रेसकै काँधमा आएको छ । नेपाली कांग्रेस प्रत्येक नेपालीको पहिचान, पहुँच, प्रतिनिधित्व, प्रगति र प्रतिष्ठामा नै नेपालको राष्ट्रिय गरिमा उच्च हुने सिद्धान्तप्रति कृतसंकल्पित छ । नेपाली कांग्रेस यही विश्वासको जगमा लोकतन्त्रका आधारभूत स्तम्भहरूको जगेर्ना गर्दै हाम्रै जीवनकालमा समुन्नत नेपाल बनाउने सङ्कल्प गर्दछ ।

विगतमा जस्तै भविष्यमा पनि तपाईंहरूले सुम्पिएको हरेक अभिभारालाई निष्ठा र इमान्दारीपूर्वक निर्वाह गरी लोकतन्त्र र संविधानको रक्षा गर्दै समुन्नत नेपाल निर्माण गर्ने प्रतिज्ञा हामी सम्पूर्ण नेपाली जनतासँग गर्दछौं । गत स्थानीय निर्वाचनमा हामीलाई गर्नु भएको विश्वासप्रति हार्दिक आभार व्यक्त गर्दै यही मंसिर ४ गते सम्पन्न हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा रूख चिन्हमा मतदान गरी नेपाली कांग्रेसलाई विजयी गराउन सम्पूर्ण आमा-बुवा, दाजु-भाइ तथा दिदी-बहिनीहरूमा हार्दिक अपिल गर्दछौं ।

**जय नेपाल !!!**

## कांग्रेसको मूलमन्त्र : संविधान र लोकतन्त्र
## असल शासन, समुन्नति, बलियो अर्थतन्त्र

# रूख चिन्हमा मतदान गरौं !
# नेपाली कांग्रेसलाई जिताऔं !!


प्रकाशक :
नेपाली कांग्रेस, केन्द्रीय कार्यालय
बी.पी. नगर, सानेपा, ललितपुर
२०७९